DS
493
P89+

प्राचीन नेपाल

पुरातत्त्व विभागको मुखपत्र

7

ANCIENT NEPAL

Journal of the Department of Archaeology

Number 6
January 1969

संख्या ६
माघ २०२५

सम्पादक
रमेशजङ्ग थापा

Edited by
Ramesh Jung Thapa

Published by
The Department of Archaeology
His Majesty's Government
Kathmandu, Nepal

प्रकाशक
श्री ५ को सरकार
शिक्षा मंत्रालय, पुरातत्त्व विभाग
कान्तिपुर, नेपाल

प्राप्तिस्थान:
साझा प्रकाशन
पुलचोक, काठमाडौं

To be had of:
Sajha Prakashan
Pulchok, Kathmandu

मूल्य रु. ५।–

Price Rs. 5/–

Printed at the Jore Ganesh Press Pvt. Ltd., Kathmandu

प्राचीन नेपाल	**Ancient Nepal**
संख्या ६	Number 6
माघ २०२५	January, 1969

सम्पादक

रमेशजङ्ग थापा

Editor

Ramesh Jung Thapa

Prachin Nepal

Downloaded by - Ravi Shakya

विषय सूचि

Contents

No. 6, Jan 1969, Magh 2025

	पृष्ठ Page	
काठमाण्डू उपत्यकाको एक राजवंशावली		
बालचन्द्र शर्मा	१	1
हिन्दू वर्णमाला र तिनका अधिपति		
शङ्करमान राजवंशी	३०	30
बौद्धदर्शन		
बुद्धिसागर पराजुली	३६	36
British Diplomacy and its Various mission in Nepal		
Saphalya Amatya	१	1
Discovery of the remains of Prehistoric man in Nepal		
Dr N.R. Banerjee	६	6

गताङ्कको बांकी:—

काठमाडौं उपत्यकाको एक राजवंशावली

सम्पादक बालचन्द्र शर्मा

अब कान्तिपुरको महिमा ।

लक्ष्मीनरसिंहले राज्य गरेका समयमा लगन यात्राका दिन कोही एक बिसेतले जात्रा हेर्न जांदा ठूला २ अग्ला २ मानिस ४ जना देखियो र यी ता सामान्य मानिस होइनन्, कहां जाने रह्याछन् भन्या विचार गरी जात्रा सकी बिनीहरूका पछिपछि लागी कान्तिपुरतर्फ जांदा काठमाडौंका डबलीमा नाच हेर्न गया । सो नाच हेरी बस्दा सिकर्मी बिसेतले पहिल्याई छायां देखी वृक्ष ठहराई लस्करभित्र डोरीले घेरा पारी राख्यो । नाच सकेपछि सबै मानिस आपना आपना घर गया । यी चार वृक्षहरू जान सक्यानन् र सत्य कबूल गराई छाडिदिया र वृक्ष चारैको नाम राखी हांगा मात्र काटी काठमाडौं नाम राखी काठैलेमात्र पुरचाई एक सत्तल बनाइदिया । यो सत्तल बनाउंदा वृक्षहरूको कबोल 'प्रतिष्ठा नगरेसम्म बसौंला' भन्यो र सत्तल बनाउने पनि तेल नून एकै भाउ भयामा प्रतिष्ठा गरुंला भन्या कबोल गरचाका हुनाले आजतक प्रतिष्ठा भयाको छैन । वर्ष वर्षमा नून सस्तो, तेल महंगो, कहिले तेल सस्तो, नून महंगो भनी सुनाउनु-पर्छ । काठलेमात्र पुऱ्याई ईंट माटा नराखी बनायाको हुनाले काठमाडौं भनी नाम राखिदिया । यो सत्तल बनायाको सम्वत् ७१५ सालमा हो ।

फेरि यी राजाले आपना कष्ट कालमा बस्याको सम्झी देवपत्तनका रजक पुत्री पुरुचा फिकुचाकन डोली दी लिन पठाया । डोलीमा बस्ने हाम्रो जातको रीत छैन भनी उसै हिंडी आई राजासंग भेट गरी जलबन्धन भोजन गराया । राजासित मृत्युकाल समयमा सबै जहानकन डोली मागी गुठी राखिदिया । फेरि धेरै खेत मागी गुठी राखी रानीगुठी नामले प्रख्यात गराया ।

यी राजाका काजीका कोही छोरीपट्टिको नाम नाता भाई भीममल्ल भन्या रहेछन् । तिनले राजाको बहुतै सोझो गरी शहरमा महाजन राखी बत्तीस कोठी तुल्याई भोटान्तरमा महाजन पठाई आफूसमेत गै ह्लासामा सबै बेपार गराई चांदीका धारा गराई नेपालमा ल्याया । नेपालका महाजनहरूको भोटान्तरमा बस्याको अपुताली ह्लासा बक्साई ल्याउन्या र नेवारहरूको दण्ड आफ्नु गराई आधा कुती केरुङसमेत आफ्ना नेपालको गरी राख्यापछि ती भीम मल्ल काजी भोटमा रहंदा कोही दुर्जनले राजा-कन श्री पशुपतिका पुजारी स्वामी नित्यानन्द पशुपति-नाथलाई ढोग दिंदैनन् भनी सुनाइदिया र राजा आफै आई हेर्न जांदा स्वामीले अर्थ बुझी केही नबोली नित्य पूजा सकी बाहिर आई चण्डेश्वरी पूजा गरी आई काम-देवकन ढोगदिया र कामदेवका पादुका फुटी खस्या । फेरि दक्षिण दर्वाजाभित्रका शिलामा ढोग दिया र ती पनि दुइ टुक्रा गरी फुटिगया । धर्मशिलामा ढोगदिया र धर्मशिला पनि पड्की फुटिगया । फेरि भित्र गै हरहर भनी श्री पशुपतिनाथकन ढोग दिन निमित्त आउंदा राजाले स्वामीका पाउ समाती ढोग दी बहुतै विनती गरी स्वामीकन बुझाई राजा फर्की आया । यस दिनदेखि यी स्वामीले नित्य पूजा सकी बाहिर आई नैर्ऋत्यकोणमा खडा भै पकडो ३ भनी तीन फेरा नित्य भन्या गर्या । केही कालपछि यी स्वामी शून्य समाधि भैगया ।

फेरि भीम मल्ल काजी भोटबाट फर्की राजाको सोझो गरी धेरै सुवर्ण धन ल्याई भक्तपुरमा बसी श्री पशुपतिनाथको दर्शन गर्न जांदा धर्मशिला फुटिरहेको देखी तामापत्र बनाई छोपिदिया । कान्तिपुरमा आउनकन साइत नभै उसै रहंदा भक्तपुरका दुर्जनले भीम मल्लले धेरै धन ल्याई राख्याको धन पच गरूंला भन्या दुर्मन गरी, राजा प्रताप मल्ललाई भीम मल्लले आफै राजा हुनालाई भोटको मानिस सबै ल्याई आफ्नु गरी धेरै

धनसमेत ल्याई नेपालमा लुकाइराखेका छन् । यी भीम मल्ल कदापि आफ्ना हुन्यां छैनन् भनी पत्र पठाया छ र राजा प्रताप मल्लले भीम मल्ल काजीलाई गुप्तै गरी मारिदिया । यसै दिनमा एक कोही ज्यापूले यी भीम मल्लकाजी घोडा चढी कान्तिपुरदेखि आयाका बालाज्यूमा भेट हुंदा भीम मल्लले ज्यापूलाई डाकी गुप्तैसंग तिमी दर्वार गै हाम्रा दाज्यू प्रताप मल्ललाई भेटी गुप्तसंग गरी मेरा सिरानमा ताकियामनि रह्याका बही दी हेर्नु भन्न जा भनी एक मोहर ज्यालासमेत दी आफू दगुर्दै नुआकोट तरफ आयाछन् । यो ज्यापू दर्वारमा आई राजा भेटी सुनाएछ र राजा आश्चर्य भै बही ली हेर्दा पछि अर्थ बुझी हाय भीम मल्ल २ भनी बहुतै शोक गरी यी काजीका नाममा एटा टोलमा शिव स्थापना गरी धेरै गुठी राखी नित्यार्चन गराइदिया । यी भीम मल्ल काजीका स्वास्नी सती जांदा यस दर्वारमा कहिल्यै पनि विवेक नहोस् भनी शाप गरी गयिन् ।

यी प्रताप मल्ल राजाले बाबा बहुलाया भनी राजा लक्ष्मी नर्सिहकन बन्धन गराई राख्या । भीम मल्ल काजी भोटमा रहंदा यी राजा बन्धनमा पऱ्याका हुन् । पछि भीम मल्ल मऱ्याका कुरा बन्धनैमा सुनी त्यसै संतापले नेपाल सम्वत् ७१९ सालमा बन्धनैमा राजा लक्ष्मीनरसिंह शान्त भै गया ।

प्रताप मल्ल वर्ष ६१। यी राजाले आफ्ना बाबा बन्धनमा राख्दा पुत्रकन तुलजाको मन्त्र दिनालाई डाक्दा कोचा भडेलले बाबा र छोरा मुख देख्यापछि माया लागी हजूरबाट बन्धन फोइदिनुपर्ला। सोपछि बन्धन रीसले ईख गरी हजूरलाई बन्धन गर्नन् भनिदिया र राजा प्रताप मल्ल भेट गर्न पनि नजांदा गोल्फूमा मन्त्र कही लक्ष्मीनरसिंह मल्ल शान्त भै गया । पछि तुलजा जगाउन्या मन्त्र पाउन नसकी सबै दुनियांका आगम खोली हेर्दा पनि पाइएन र यी राजाले मन्त्रका कामनार्थ धेरै पुरश्चरण गर्दा पनि मन्त्र पाउन सक्यानन् ।

यी राजा बडो पुरुषार्थी, समर्थवान्, प्रतापी, महाज्ञानी, प्रतिष्ठावान्, अत्यन्त ठूला हुनाले तिरहुत देशदेखि दुइ रानी ल्याई बिहा गऱ्या ।

यी राजाले ठकुरी राजाका पालादेखि अड्केको लोकेश्वरको रथयात्रा प्रतिवर्ष चलाया । देशी पर्देशी पण्डितहरू बटुलाई प्रन्ध्र जातका अक्षर सिकाई ठूलो पीटमा देवताका स्तोत्र बनाई शिलापत्रमा लेखी स्थापना गराया । सो अद्यापि छंदैछ ।

फेरि कवीन्द्र शास्त्रपार हुनाले शास्त्र क्रम गरी ४०००००० चार कोटि धन जम्मा गरी दर्वारभित्र वास्तु चक्रका प्रमाणले पृथ्वी तलमा गाडी कोटि १ धजी गरी चार ध्वजा खडा गरी जगम गरी मोहन चोक, सुन्दर चोक बनाया । फेरि भूत प्रेत पिशाचादि डाकिनी कोटक अगम इनारादि अनेक उपद्रव भय शान्ति निमित्तका ती ध्वजामा हनूमान्नृत्य, गरुडसाधना गरी अग्र दृष्टि-भागमा आदि स्थलका हनूमान्का मूर्ति मूल दरवाजामा स्थापना गरी हनूमान्को ढोका कहलाई सर्व भय निवारण क्रमले ब्रजाङ्ग स्थापना गरी सब भय निवारण गरिदिया ।

फेरि त्यसको माथि नै कृपापूर्ण निमित्त तीन तला छप्पर गरी देवालय बनाई पञ्चमुखी हनूमान् आगम गरी बसाया । फेरि नृसिंह नृत्यनाथ २ तामसगण गरी सर्व दृष्टि हुन्या गरी लक्षणक्रमले बनाई नासल चोक नाम गरी दर्वारमा साधना गरी बसाया । फेरि मोहन चोकमा अनेक देवताका मूर्तिकन बसाया । फेरि काष्ठ-मण्डपसंघि प्राणपीन श्रोतगाकार (?) देवालयभित्रका नित्यनाथका ध्यान निकासा सुन्दर मूर्ति बनाई आफैले कविता बनाई शिलामा लेखी कवीन्द्रपुर नामले ठूलो सत्तल बनाई मधुनासल देव कहलाई बसाया । फेरि पंच-लिंगेश्वर भैरवेश्वरको अधिको लामो लिङ्ग छोटो भूमि-सम्मको मात्र गरिदिया । "महादेवकन हिंसा गर्छन् भनी कोही विदेशी आयामा ठट्टा गर्नन् भनी जलहरीले छोप्न-लाइदिया । फेरि भण्डारखाल पनि यन्त्र-कर्मयुक्त गरी बनाई बसाई ठूलो एक तलाउ बनाई बीच जलविषे भुजंगसाक्षी नारायण बनाई राख्नेमा इच्छा गरी दिने आदि जलशयन नीलकण्ठ नारायणछेउ गै बक्साउंदा मूर्ति बनाउन प्रभुको आज्ञा भएन र विशालनगर प्राचीन ज्ञानेश्वर संधिका जलमूर्ति उठाई लगी तलाउका बीचमा बसाया । फेरि नारायण उत्तम शक्ति वर्द्धमान निमित्त बूढानीलकण्ठको जल ल्याई राख्ने इच्छाले नीलकण्ठ प्रभु-कन धेरै विनती गरी बक्साई कुलो खनी जल ल्याउंदा रानीवन संधि पुग्दा कुलो चलेन र महाकष्ट हुंदा राजाले दुःख पाई धेरै विनती गरी वर्ष दिनसम्म त्यहीं बसी जलसंगमात्र दर्वार जाउंला । जल लैजान सकिन भने राज्य छाडी फकीर भै जाउंला भनी प्रतिज्ञा गरी यी पात्र सबै आदि ताछी (?) गरी धेरै जिमिन माटो

बोकाई पुऱ्याई थापनाजोल भनी प्रख्यात गरी पानी ल्याई राजाले प्रारम्भ दिनमा जलसंग आफू आई पोखरीमा पानी राखी जलशयन नारायण ल्यायाका स्थानसंधि पाटका पोखरीमा ठूलो भयंकर मूर्ति शिलाका पोखरी रह्याका छन् भनी राजाले सुनी आफै कालिगड टहरूका साथ गै उठाई हेर्छन् ता बडो ध्यानसंयुक्त गरी भीम भैरवमूर्ति देखी राजा खुशी भै सबै प्रजाहरूकन सुनाया कि हे प्रजा हो ! द्वापर युगांतमा नेपाल सबै तलाउ भैरह्याको बखत दोलखादेखि आई ढुंगामा बसी तलाउमा खेली जल विहार गर्न्या भीमसेन यिनै हुन् भनी घिस्स्याई ली गै दर्वारसंघि पश्चिम दिशामा यथाक्रम विधि गरी बसाया । यी थल काम ध्यानसंयुक्त भैरव बडा प्रत्यक्ष हुन् ।

फेरि विशालनगरको प्राचीन साकुल स्थानमा कालीमथन गरिरह्याका ध्यानले युक्त भयाका श्रीकृष्ण मूर्ति माटोले छोपियाको रहेछ र झिकी गरुडसहित भयाका लगी सुन्दरचोकमा राख्या । गरुडले राजालाई धेरै दुःख दिया र नारायणधाराका नारायणसंधि लगी यथाक्रमले बसायाको अद्यापि छदैछ ।

यी राजाका पुत्रहरू दुई रानीतर्फ जनही २।२ गरी ४ पुत्र थिए । तिनको नाम पार्थिवेन्द्र मल्ल १, नृपेन्द्र मल्ल २, महीन्द्र मल्ल ३, चक्रवर्तेन्द्र मल्ल ४ । यी चार पुत्रसहित गरी आनन्दपूर्वक रह्याका समयमा दक्षिण देशदेखि ज्ञानानन्द नाम षडान्यासी स्वामी १ आई श्री पशुपतिनाथमा बस्याका छन् भन्या राजाले सुनी राजा आफै गै यी स्वामीसित मत गरी परीक्षा गर्दा श्री पशुपतिनाथका मित्र प्रवेश गराइदिया । यी स्वामीले राजाकन भेद बताई राजा खुशी भै पांचायन पञ्चनेत्र, पंचवक्त्र संख्या गरी कांचन छत्र बनाई तदुपरि स्वकविता भुजङ्ग लेखी ल्याई स्वामीकन देखाया र स्वामीले अर्का तांडव मन्त्रसहित गरी महाकालोक्त आगमा रथनृत्यलीला प्रसन्नार्थ छत्रोपरि लेखी श्री पशुपतिनाथकन अधीन भयाका छत्र रचना गरी चढाया । अधिका पुंजारी रुद्राक्षका जप मालाले छत्र बनाई चढाउंदै थिया ।

फेरि यिनै स्वामीले श्री पशुपतिनाथ प्रीत्यर्थ नीलकण्ठ स्नान मेला ल्याई श्री पशुपतिनाथकन अभ्यन्तर दुइ वार नीलकण्ठ भावना राखी श्रावण शुक्ल चतुर्दशीका दिन राजा बक्साई पञ्च मतले देव प्रमाण वाक्य गरी देवालय सर्वत्र साधना गरी सुनले बांधी अलंकार प्रक्षालन गरी सबै भडान्या प्रवेश जम्मा गरी नेम क्रियापूर्वक श्री पवित्रारोहण नाम गरी सूत्र संख्या प्रमाण धार्नी ७ सेर १ राखी श्री पशुपतिनाथकन शास्त्रोक्त प्रमाण गरी चढाया । चतुर्थ दिन पर्यन्त कर्म गरी राजाकन पवित्र प्रसाद चढाउनू भनी चढाया । फेरि यी स्वामी बडा हुन् भनी यिनकन नित्य स्वकर्म गर्नाकन देवपत्तनमध्ये भूतले क्रियास्थिरासन जयसिद्धि निमित्त घर बनाई मध्ये उंचो आसन बनाइदिया । यी स्वामी त्यही स्थानसंधि स्वतन्त्र मूल पूर्ति उद्धामनाय आवाहन गरी अर्को घर बनाई यथाक्रमले बसाई पशुपतिनाथका पूजा गर्दै थिया ।

यी राजाले स्वामीसित सोधी आफना पुत्रकन राजकुलमा उत्पन्न हुनाले स्वइच्छापूर्णार्थ वर्ष १।१ सम्म राजा गरी आफूले गादी छोडी मूर्तिकन सुनका कवच बनाईकन यथास्थान दी बसाया । तीन पुत्रले नै वर्ष भोग गऱ्यापछि चौथा कान्छा चक्रवर्तेन्द्र मल्ल गादीमा बस्दा अहोरात्रमात्र भोग गरी शून्य भैगया । यी चक्रवर्तेन्द्र राजाका छाप मोहर बनाउंदा यी स्वामीले त्रिकोण, वाणास्त्र, पाश, शर, चाप राखिदियाका हुनाले राजा शून्य भै गया पनि स्त्रीजनका प्रसूति कालमा कष्ट हुंदा त्यो मोहर पखालेका पानी पिलाइदिया पिलाउनामात्र प्रसूति हुने भयो । यो अद्यापि छंदैछ । यी राजाले कान्छा पुत्र अभाग हुनाले बडो कल्पना गरी यिनका नाममा धेरै खर्च गरी चार दिशामा गमन गोचर जहांसम्म छ त्यहांसम्म बढाई धेरै तीर्थका जल ल्याइ नागतलाउ नाम राखी मध्य भागमा इष्ट देवता राखी रानी पोखरी बनाई नीलकण्ठका जल भरी सबै तीर्थका जल राखी पात्राकारले बनाई नाग शङ्ख फनी राखी प्रतिष्ठा गरी पुत्रकन उद्धार गराया ।

फेरि यी राजाले आफना गुभाजूसित मत गरी बौद्ध मतका इंटुबहालको शोभाचन्द्र बनियां ल्याई इंटुबाहाल बनाया । यिनै राजाले सिम्भूका शान्तिकर वज्राचार्यसित मत गरी सिम्भूका देवता बुझाई यहांदेखि पश्चिम दिशामा पछि पछि राजा प्रजाहरूकन मेघ शून्य भै अनावृष्टि हुंदा कष्ट होला भनी जानी अष्टकुल नागहरू आकर्षण गर्दा १ टौदहका कर्कोटकनाग आयानन् र यिनै वज्राचार्यले कुन्द पुष्प २ मन्त्र गरी राजाका हातमा दी भन्या कि हे राजन् ! टौदहका तीरमा गै नाग डाक्नू आयान भने त्यो फूल टौदहमा राखिदिनु र बाटो देखिएला । सोहि बाटो गरी गै नागकन बुझाई ल्याउनू बुझेन भने बलात्कार पक्री ल्याउनू नागिनीहरूले तिमीलाई केही गर्न सक्न्या छैनन् भनी अराई पठाया र राजा गई डाक्दा आयान र फूल

राखी बाटो पाई गै नागकन समाती ल्याया । यौ नाग आयाको हुनाले हो । त्यो नाग यी स्थानमा ल्याई अष्ट नागहरू बुझाई मनोमानसित कबोली रक्त–कर्म गरी रक्तको मसी गरी पुस्तक लेखी गुरुगमन बिनाश गरी असम्भव ग्रन्थ बनाई शान्तिपुर नाम सप्त कोठा नौ भूतल क्रमशः राखी शान्तिपुर बनाया ।

फेरि यी राजाले सिम्भूका चैत्य प्रसाद एकको शोभा छैन भनी स्वेच्छाले पार्श्वस्थ युग्म देवालय बनाउंला भन्या इच्छा गर्दा सिम्भूको इच्छा भयान र राजा कोप भै ६ महीनासम्म केही नखाई सुत्या र राप गरिदियो र सिम्भू काबु भया । यहापछि छ देवालय बनाई केन्द्रपुर नाम राखिदिया । यहां पछि अगम आगम बनाई मध्ये भागमा बडो वज्र स्थापना गरी बौद्ध रूपकन जगाया । यस्ता वीर यी राजा हुन् ।

फरि यी राजाले यौवनावस्था पूरणार्थ स्त्री–भोग लक्ष्य योनि क्रिया पुऱ्याउन्या इच्छाले स्त्रीहरू बुझाई खुशी राजी गरी क्रीडा गर्दा ३००० सम्म पुगेपछि एक बाला स्त्रीसंग भोग भै स्त्री मरण भै गयिन् र यी राजाकन बडो पाप भयो भनी श्री पशुपतिनाथमा जाई तीन महीनासम्म बसी कोटि लिङ्ग प्रतिष्ठा गरी मण्डप पारी बाटुला देवालय बनाई देवालयका बाहिर लिङ्ग प्रतिष्ठाप्रतिको आहुति गरी अघि बिग्रेको श्री पशुपतिनाथको गजूर चढाई सबै परिवारकन दक्षिण दर्वाजामा सालीक ताहीं तुलाका चार खम्बा खडा गरी सर्व द्रव्यले तुलादान गरी तुल खम्बा चार स्थापना गरी चतुर्थ कर्म गर्दा ग्रामका उत्तरपट्टि धेरै गौचर सङ्कल्प गरी मुठी उखेल कहलाई गया ।

फेरि यी राजाले श्री पशुपतिनाथका ढोका आरम्भ कान्तिपुर पर्यन्त लिङ्गाकारका देवालय बनाई शिवस्थापना देवपट्टनमा एक चिलन (?) प्रमाण राखी बनाई स्थापना गऱ्या । फेरि एकै पताका ली श्री पशुपतिनाथका गजूरदेखि बनाई बाडी मोहन चोकका महादेवसम्म बांधी पाताका चढाई पाप छुटाया । फेरि, महाराष्ट्री लम्ब कर्ण भट्टसंग मतो गरी देगुतलेका देवालय अघिभन्दा बहुत उच्चा गरी तीनै छाना सुनको गरी बडो खम्बा खडा गरी आपना परिवार सबैको सालिक राखी प्रत्यक्ष स्थापना गरी बसाया । यिनै वर्षमा चौबाहालका नगलाबसीका नाम गऱ्याका नागले बागमती बढाई आर्यातीर्थ जल थुनी श्री पशुपतिनाथमा निर्माल्य जाने प्वालबाट भित्र जाई श्री पशुपतिनाथका चोकमा जल भरी देवालयभित्रका दर्वाजा बाट भित्र जाई अनेक द्रव्यहरू सबै जम्मा गरी कवचमा जडयाको एकमुखी रुद्राक्ष चोर्न तयार गर्दा श्री पशुपतिनाथका त्रिशूल हल्ल्यो र वासुकी नाग पनि अगाडि गणमा सबै दुनियालाई देखाई फाल हाली नांगलाई मारी एकमुखी रुद्राक्ष जलहरीमा राखिदिया । त्यो रुद्राक्ष परापूर्वमा मोहनसिंहले कवच बनाउंदा वेलामा एक सन्यासी आई श्री पशुपतिनाथका दक्षिण मुखमा चढाऊ, भनी दी गयाका हुन् । यहांपछि सबै दुनियाले गै हेर्न जांदा जलमा रगत आयाको देखी ठूलो ठूलो कल्लोल शब्द गरेको पनि सुनियापछि थुनियाको जल सबै कल्लोल शब्द गरी राजेश्वरीका सन्धि यववरालका (?) संघि केसर जस्तो नाग एक रह्याकोले देवपत्तन श्री पशुपतिनाथका वन सबै दुर्गन्ध भै गयाको राजाले खबर सुनी गुरु लम्बकर्ण भट्टले शास्त्रोक्त ठहराई नागगमन बन्ध गरी वासुकी जगाई अघिका देवालय बिग्रेकाले अर्को देवालय बनाई गजूर चढाइदिया । फेरि रात्रीका चार प्रहरमा बजाउन्या एक बाजा बनाई साधना गरी धंपतीनामा नाम गुठी राखी रक्षा गराइदिया । यस दिनदेखि नागभय निवारण भै गया ।

फेरि यी राजाका पालामा पश्चिम कह्लीजदेखि नृसिंह देवता ठाकुर यो नामको रहस्य के हो भन्ने नृसिंह देवताको मन्त्र पाई पुरश्चरण गर्दा तीन वर्षपछि नृसिंह प्रत्यक्ष भै 'वरं ब्रूहि' भनी हुकुम हुंदा यिनले दाहिने हात थापी त्वम् मत्करे भव भनी माग्दा नृसिंह आफै जल भै ब्राह्मणका हातमा बस्न गया र त्यस वेलामा यी ब्राह्मणले आपना हातको जलपान गरिदियाकोले स्वतः सिद्धिनृसिंह ठाकुरन नाम प्रख्यात भयाका हुन् । यी ब्राह्मण आई पचली भैरवका आसन गरी बसिरहंदा केही कालपछि महाकाल संहिता आदि ग्रन्थ हेरी श्लेष्मान्तक वनमा श्री गुह्येश्वरी स्थान खोजी खोजी हेर्दा खड्गी, तेली दुवैका अङ्ग स्वभाव हेरी विचार गरी त्यही कुण्ड ईश्वरी स्थान खोजी स्थान ठहराई पुरश्चरण गर्दा त्यही कुण्डदेखि ज्योति उठ्यो र खुशी भै राजासङ्ग मतो गरी पीठ जगाउन निमित्त प्रजाहरू ल्याई खनाउंदा धेरै प्रत्यक्ष भै गया र अगाध अगम कुण्ड हुनाले यस्तो प्रकाश गरिराख्ने या होइन भनी बडो यत्न गरी लोहाका थाम दलीन बसाई अष्टदल पद्माकार यन्त्राकार भैरवसहित बनाई कलशाकारले छोपी स्थापना गरी श्लेष्मान्तक बनाई नवदुर्गागण बलिदान निमित्त नृसिंह, क्षेत्रपाल 'भैरव स्थापना गरी पखाल

बनाई बाहिर खम्बामा पनि चौधडा बनाई खम्बामा सिंह सालीक राखी आवरण देवताहरू सबै यथाक्रमले स्थापना गरी श्री गुह्येश्वरी महामायाकन प्रकाश गराया । यी नृसिंह ठाकुर देवीभक्त हुनाले सबै राजा प्रजाकन रक्षा गरौंला भनिरहंदा बखतमा देवीको आज्ञा भयो । हे नृसिंह ! नेपाल दक्षिण दिशा दक्षिण मसान गन्याका १ भेरो पीठ छ त्यहां बांडाहरूले खलबल्याई महा भयङ्कर भै अगम भै रह्या । त्यहां तिमी जाई नृसिंह भैरव जगाई चार वर्णकन रक्षा गर भन्ने देवीका आज्ञानुसार गरी अभ्यन्तर मन्त्रले नवदुर्गा फुलचोकका दक्षिण कालीगण सबै आवाहन गरी नृसिंह भैरव जगाई साधन जगाई स्थापना गरिदिया । त्यहांउप्रान्त बांडाहरूका पूजा विधान गर्न सकेन र हमगु (?) वज्रयोगिनीमा जाई आफ्ना स्वकर्म चलाया । यस दिनदेखि दक्षिणकाली प्रकाश भयाका हुन् । फेरि ठाकुरले फुलचोकका पीठ पनि अगम भै रह्याकोले देवीछेउ धेरै भक्ति गरी विनती गरी बुझाई सदासर्वदा गमन गराया । नेपाल सम्वत् ७७४ सालमा श्री गुह्येश्वरीसित बिदा मागी नृसिंह ठाकुर काशी गई प्राणायाम गरी शून्य समाधिमा गया ।

यी राजाले लम्वकर्ण भट्ट नृसिंह ठाकुरका मन्त्रका बलले अघि लोप भैरह्याका हरिसिद्धिको नृत्य प्रकाश गर्नालाई विधान गर्दा गर्न सक्मानन् र ललितपुर गाबाहालका विश्वनाथ उपाध्यायलाई समर्थवान् सम्झी यिनीकन बोलाई भारा दिन्या अधिकार हो भनी ठहराई भारा अधिकार गरी सूक्ष्म प्रमाण ली यथास्थिति गरी देवीका नाच जगाया ।

फेरि यी राजाले जामन गुभाजुसंग मत गरी जामा नाम गरी इनार बनाई साधना गरी काल–कालमा मेघ-शून्य भै जल वृष्टि नहुंदा इनार चलाउंदा बर्सात भै जान्या साधना गरी सो कूप अघिपछि नहेर्नू भनेका छन् ।

यी राजाले हरिसिद्धि बडा ठूला देवता हुन् भनी भक्तिपूर्वक सेवा गरी फूलचोकमा पनि सेवा गर्दा फूलचोकका देवीले पत्थर ५ दी पठाईकन कूप बनाई सो पत्थर ५ राखिदिया र यी कूप वर्षा नहुंदा चलाइदिया बर्षा हुन्छ भनी दिपठायाका हुन् । यी राजाले हरिसिद्धिमा अनेक द्रव्य वस्तु पनि चढायाका छन् ।

फेरि यी राजाले गुह्येश्वरीका अग्र कारणका तेली खड्गी हुन् भनी देवीका सुसारे गरी राखिदिया । फेरि राजाले जामन गुभाजु, लम्बकर्ण यी साथ गरी नेपालका पीठमा जाई देवीहरूकन जगाई अनेक चित्र–विचित्र तमाशा गरी सुखभोग गरिरहंदा एक दिन रात्रिविषे फिर्न जांदा डाकिनीहरू सबै निमीपीठमा पूजा गर्न आयाको देख्या र आज ता घण्टाकर्ण चतुर्दशी भनी राजाले भाग्ना मन्त्रबलले सबै डाकिनी समाती फजिती गर्न्या विचारले शहर घुमाई मन्त्रसूत्रले बांधी दिग्बन्ध गरी देश अगम डाकिनी मन्त्र नाश कर्म गरी राखी तीनै जना फर्की आया । भोलिपल्ट हेर्न जांदा यी डाकिनीहरू सबै देशभित्र जान नसकी चारै दिशामा लोटी मुखमात्र ढाकी रह्याका राजाले देख्या र त्यस बखत आफ्ना पुरोहित सहोदर काजी भारदारहरू अनेक जाति छोटा–बडाका स्वास्नीहरू सबै भै असंख्य डाकिनी जम्मादेखी यो असम्भव कर्म हुन लाग्यो भनी चारै दिशाका पञ्च सूत्र झिकिदियापछि डाकिनीहरू स्वस्थानमा गया ।

फेरि एक दिन फिर्न जांदा ललितपुरका एक घरभित्र बांडा जम्मा भै चचा गाई भोज खाइरहेका बेलामा राजाले तमाशा गर्ने विचार गरी घरभित्र मन्त्र प्रयोग गर्दा अदर भित्रका बांडाहरू सबै रोया । फेरि छिनैमा हांसी छिनमा कल्लोह गरी रुने, फेरि छिनैमा धोती फरिया फुकाली नाच्न लाग्या । यस्ता तरहसंग २ घडीसम्म तमाशा हेरी फेरि आफै शान्ति गरी आया ।

यी राजा बहुत सोची सोची अनेक चरित्र गरी अनेक स्थानमा जाई धेरै धर्मकर्म गरिरहन्या राजा हुन् ।

नेपालमा ४ गणेश बडा प्रत्यक्ष हुन् भन्नाले सो जगाएका गणेश कान्तिपुरका श्वेत विनायक १, चावहिलका रक्त विनायक, भक्तपुरका सूर्य विनायक १, ललितपुरका चन्द्र विनायक १–यी चार मूल आदि गणेश हुन् भनी जगाया ।

फेरि राजाले कान्तिपुरका भीमसेनका दुइ मूर्ति बुझाई यक्षकर्मले बाटोमा पादुकापिछे एक–एक हांस, टोलपिछे एक– एक बोका, दोबाटापिछे एक– एक रांगा, बली दी दर्वारसम्म ल्याई द्रौपदीका मूर्ति बनाई जामना गुभाजुबाट जीवदान न्यास मूर्ति गराई न्यास मूर्तिले कन्यादान गराई अघिका २ भीमसेनका मूर्ति मध्य भागमा यथाक्रमले राखी त्यही विधिले मार्ग– क्रम गरी सो स्थान पुऱ्याया । यस दिनदेखि द्रौपदी मध्यमा रहंदा भीमसेनका उपद्रव शांति भै गया । अघि कोही कारणले २ भिमसेन मूर्ति भयाको १ तामस मूर्ति, १ शान्तमूर्ति हुन् ।

फेरि यी राजाले अघि गङ्गा रानीले सती जांदा स्त्रीहरूकन सारा घर सपारिदिन्या मर्यादा गरी कान्तिपुरका लगायत स्वरमा चलाइदियाका अझतक छंदैछ ।

फेरि यी राजाले श्री पशुपतिनाथका देवालय-भित्रका अघि-अघिका तामाका बसाहा पुरानू भयो भनी चांदीका ढलवटका बसाहा बनाई जीवन्यास गरी राखि-दिया । केही दिनपछि सो बसाहाले देवपत्तनका लगापात-भरमा रात्रीविषे प्रजाहरूको बाली सबै खाई त्रास गराया र यो बसाहा ता उपद्रव भयो भनी ठहराई भंडार-माथि राखिदियाको अझतक छंदैछ । फेरि तामाका बसाहालाई राखिदिया । यी राजा यस्ता विवेकी राजा हुन् ।

फेरि ललितपुरका योगनरेन्द्र राजाले कुम्भेश्वरका देवालय बनाई कोटयाहुति होम गर्दा यी प्रताप मल्ल राजा बडो काल सर्प भै हेर्न जांदा विश्वनाथ उपाध्यायले समाती पूर्णाहुति गरी सर्पाहुति गर्ने विचारले स्तम्भनास्त्र गरी सिह्रानमनि राखिदिया । यो खबर जामन गुभाजुले थाहा पाई भुटेश्वर उठाउने अनेक विधान गर्दा भुटेश्वर उठेनन् बोलीमात्र सुनाया । एक फेरा बल्ल बल्ल बचाई दी ल्याया । अब फेरि उस्तै काम गऱ्या, यी राजा कत्ति गरे पनि नचेल्या हुन् । तसर्थ म ता आउंदिन । तिमी सक्छौ भने बचाउ भनिदिया र जामन गुभाजुले अब ता भएन भनी आफै नै अवसर हेरी बसी पूर्णाहुति होम गरी सर्पाहुति होम् गर्नालाई सुरामा राखी तयार हुदा जामन गुभाजू गरुड भै मण्डपभित्र पसी सर्पकन समाती बचाई ली गया ।

फेरि यिनै सालमा १२ वर्षको हरिसिद्धिको नाच उठाई कान्तिपुरका दर्बारमा नचाउन लग्या र सो नाच भैरह्याका वेलामा रात्रिविषेका नाचमा कसैले थाहा नपाई रूप फेरी राजा नाच हेर्न कन जांदा राजाले देवीसित प्रति भक्ति गऱ्याका हुनाले यी राजाकन छल्न निमित्त हिटी चोकका ढबलीमा यिनी हरिसिद्धि देवीहरू तीनै मनुष्य सुन्दर रूप मै नाच हेरिरह्याका राजाले देखी राजाले चिन्न नसकी राजा कामी हुनाले मोहित भै यिनीहरूसित हातपात गर्न गया र यी देवीहरूले राजाका हात समाती अफाली २ दिंदा पनि फेरि २ हातपात गर्न गया र यिनै राजाका हात समाती आफ्ना छातीमा भोग लियाका रक्त पऱ्याका छुआई देखाई आफूहरू पर सरी गया । फेरि २ मोहमा परि चिन्न नसकी हातपात गर्न लाग्या र यी देवीहरू कोप भै राजाकन सुनाई भनिदिया—हे राजन् ! तिम्रो राज्य भोग यत्तिकै भयो । तिमी अति छिनार काम गर्दा रह्याछौ—भनी राजाकन गल गहालाई भूमिमा बसालिदी आफु तीनै जना अन्तर्धान भै गया । यी राजा त्यहीं अचेत भै भूमिमा लोटी रगत छादी बसेका कोही मानिसले देखी बोकी दरबार भित्र पुऱ्याइदियाका २ घडीसम्म बांची यी राजा शून्य पदवीमा गया । नेपाल सम्वत् ७८० सालमा ।

अस्य पुत्र पथिवेन्द्र मल्ल वर्ष १७। यी राजाले मेरा पिताकन विसर्जन गर्न्या देवता भनी हरिसिद्धि नाच मेरा सन्तान—दरसन्तानसम्म कान्तिपुरमा नल्याउनू भनी बन्द गरिदिया । कान्तिपुरका देवता हुनाले कान्तिपुरमा दिनु पर्न्या दस्तूर सबै देवपत्तनका नाचमा दिराखे । यी राजाका पालामा सिख्यालको काजीले राजा बक्साई श्री पशुपतिनाथका चारै दर्वाजामा सुनका खम्बा तोरण चढाया । फेरि पञ्चविंशति प्रस्थ प्रमाणले गुठी राखी कार्तिक शुक्ल पूर्णिमाका दिन प्रतिवर्ष महास्नान चढाया ।

यिनै राजाका पालामा श्री पशुपतिनाथका पूजक ज्ञानानन्द स्वामीले आपनै इच्छाबाट नेपाल छोडी विदा भै गया । फेरि यिनीपछि कोही विमलानन्द नाम गऱ्याका षोडन्यासी स्वामी टङ्केश्वरमा आई बस्याका रह्याछन् र राजाले थाहा पाई स्वामी भेटी श्री पशुपतिनाथका पूजक-योग्य हुन् भन्या ठहराई श्री पशुपतिनाथका पूजक गरि-दिया । यी राजाले देवपाटन सालिन्दा असिनाको भय हुन्या हुनाले स्वामीसित विनती गरि असिनाभय निवारणादि श्री पशुपतिनाथका पश्चिम दिशा श्री दक्षिण मूर्ति आवाहन गरी यथाक्रमले थापना गरी अगम मूर्ति भनी गुठी चलाई राखिदी असिनाभय निवारण गरि-दिया ।

फेरि राजाले देवपाटनमा ईटाकाल भन्याका जगामा धेरै झिगटी ईट पारी पोली यथाक्रमले राजाले आफै ईटझिगटी बोकी ली गयाका प्रजाहरूले देख्या र धर्मको काम जानी प्रजाहरू सबै आई अहोरात्रभरमा ईट झिकी सबै यशस्वी श्री ५ पशुपतिनाथका देवालयअघि गङ्गारानीले बनाई राख्याको बिग्यो भनी भुवनेश्वरी रानीसहित भै देवालय बनाया ।

फेरि यी राजाका पालामा तिरहूतका धर्माई झाले श्री चांगुनारायणमा भोजन खुवाउन जांदा गोत्रहत्या

गऱ्या र तिनका सर्वस्व सरकार दाखिल गर्दा ब्रह्मस्व रवानु छैन भनी धन जम्मा गर्दा ३००००० । भयो र सो धनले भैरवका अग्रभागमा ठूलो लिङ्गाकार पाषाणको देवालय बनाई अष्टधातुका भुवनेश्वर नाम गरी बसाई धेरै खेत गुठी राखी नित्य नैमित्यका चैन गराया । फेरि यसै धनले जीर्ण भयाको सिभूको लिंग पनि नयां ठूलो सालवृक्ष ल्याई लिङ्ग खडा गरी अघिको पत्थरको बौद्धमूर्ति पांच देवालयदेखि पश्चिमतिर सारी पांचै मूर्ति सुनका बनाई स्थापना गराया । फेरि यिनै धनले श्री पशुपतिनाथका पुजारीसित मत गरी शिवार्चनका शास्त्रका प्रमाणले श्री पशुपतिनाथका वर्षबन्धन अस्यार्थ अगम्यागमन अभक्ष्य वस्तु भक्षण पापक्षयहेतुः कैलास कुसुमारोहण नाम गरी धेरै गुठी राखी प्रतिवर्ष चलाया । फेरि यिनै धनले त्रज्रयोगिनी चांगुनारायणका देवालय जीर्ण उद्धार गराया । फेरि जयवागीश्वरीको देवालय द्विपत्र मन्त्राकार गरी बसाया । फेरि यिनै धनले भूखा, प्यासा अभ्यागतकन इच्छाभोजन गराई बांकी रह्याको धन भुवनेश्वरीका देवालयभित्र गाडिदिया । यस्ता विवेकी यी राजा हुन् ।

यी राजाका पालामा अकस्मात् एक रात्रिविषे जयबागेश्वरीका देवालयभित्र चोर पसी सबै गहना चोरी धोक्रामा राखी बाहिर पाटीमा आई बस्दा चोर त्यहां पाटीबाट उठ्न र बोल्न नसकी उसै रह्यो । भौलिपल्ट चिताइदार विसेतहरूले थाहा पाई हाहाकार गरी खोज्दा राजा पनि हेर्न जांदा ता चोर धोक्रो ली बोल्न, उठ्न नसकी रह्याको राजाले देखी चोर मारी देवीको गहना ज्यौंका त्यौं गरी देवीकन लगाई दिया ।

यी राजाका भाई नरेन्द्र मल्ल पितृपक्ष अमावस्याका दिन परलोक प्राप्त भएकाले ब्राह्मणद्वारा कान्तिपुरमा आफ्ना लगायतभर दशमी कर्म देवताको कामलाई दिया । फेरि यी राजाका पालामा काशीका सवा जैसीले अश्वमेघ यज्ञका पुण्य अधिक लिन्या हो भनी लडाई गर्न आउंदा खुशी राजीसंग यज्ञमा चाहिने नेपालका चीज–बीज ज्या ज्या पायाको सौगात दी पठाया र सवा जैसी खुशी गराई वैश्य नेपालका राजाका ल्याया । फेरि यी राजाका पालामा झा भन्याका तिरहुतिया ब्राह्मणले गुह्येश्वरीका कवच यन्त्राकार गरी बनाई राजासहित भै चढाया । सो प्रतिवर्ष वालाचतुर्दशीका दिन अझतक राख्दैछन् ।

फेरि यी राजाका पालामा गुह्येश्वरीका भक्तजन हुनाले समन्तभद्र नाम गऱ्याका कोही १ गुभाजू ह्लासामा गयाका थिया र ह्लासाका थान त्यो बांडा गै रहंदा लामाले यी बांडाकन च्या खान दिया र यी बांडाले नेपालतिर हेरी त्यो च्या कटौराले छरिदिया र लामाले मैले दियाको च्या नखाई किन फालेको भनी सोद्धा यी बांडाले हात जोरी लामासित विनती गऱ्या –हे गुरुज्यू! तपाईबाट बक्सेका च्या खान लाग्दा नेपालमा हाम्रो घरमा आगो लाग्याको देखी समन गऱ्याको हो–भनी विनती गर्दा लामाले पनि ध्यान दृष्टिले हेरी निजले भन्याको सत्य ठहराई बांडाकन बहुत सम्मान गऱ्या । सो बखत नेपालमा बांडाका घरमा आगो लाग्दा अकस्मात् मेघ आई ठूलो पानी परी आगो चांडो समन गरिदिया । फेरि बांडा ह्लासाबाट फर्की काशी जांदा काशीका जैनहरूले मिली एक ठूलो चैत्य बनाई प्रतिष्ठा कसबाट गर्ने लाऊं भनी यत्नपूर्वक सराजाम गरी बस्दा यी समन्तभद्र गुभाजू त्यहीं पुग्याछन् र यिनीहरूले पनि बडा समर्थवान् पुरुष हुन् भन्या ठहराई सबै जैनहरूले यिनीसंग आई हाम्रा चैत्य बनाइराख्याका छन् । तिनीकन प्रतिष्ठा गरी जगाइ देऊ भनी विनती गऱ्या र लौ भनी गङ्गाजल ल्याई चैत्यमा छरिदी 'प्रतिष्ठा भयो' भनी उठी आउंदा सबै जैनहरूले त जान्या हो भनी मनले ठहराई फेरि भन्या–क्या प्रतिष्ठा गऱ्याको हो ? सराजाम उसै छ । बेश गरी प्रतिष्ठा गरिदेऊ भनी भन्दा यी समन्तभद्र गुभाजूले मैले ता प्रतिष्ठा गरिसक्यां । तिमीहरू नपत्याए यिनलाई ठूला–ठूला डोरी ल्याई तिमीहरू बांधी समाति-राख । मैले बोलाउंदा यी चैत्य सरासरै आइजान्नन्–भन्दा सबै जैनहरूले ठूला–ठूला डोरी ल्याई बांधी समाती राख्दा यी समन्तभद्र गुभाजूले तीन चुट्की बजाउंदासम्म समन्तभद्र गुभाजूका पछि लागी यी चैत्य आया र यिनले नेपाल कान्तिपुर नघल टोलमा ल्याई स्थापना गरी सिगद्यो कहलाई राख्या । काशीका जैनहरू दुइ चार दिनका बाटोसम्म आई डोरीले छिराउंदा पनि चैत्यकन फर्काई लैजान नसकी आफूहरूमात्र फर्की गया । यस्ता पुरुषार्थी-हरूसंग वस्ने राजा नेपाल सम्वत् ७९७ सालमा शून्य भै गया ।

अस्य पुत्र भूपालेन्द्र मल्ल ७। यी राजाका पालामा विशालानन्द स्वामी श्री पशुपतिनाथका पुजारी छंदा एक राधवानन्द नाम गऱ्याका षोडन्यासी स्वामी श्री पशुपतिनाथका दर्शन गर्न आउंदा विशालानन्द स्वामीले राजा बक्साई राधवानन्द स्वामीकन श्री पशुपतिनाथका पुजारी

गर्न योग्य हुन् भनी पुजारी गराई आफू बिदा भै काशी गै शान्त भै गया । यहांपछि यी राघवानन्द स्वामीले राजा बक्साई अघि नभयाको नेपाल रक्षानिमित्त श्री पशुपतिनाथका दमनारोहण कर्म चलाया । फेरि यिनै स्वामीले मन्त्र क्रम गठ बनाई पाताल गंगा साधना गरी आफूले नित्य स्नान गरी लोकले धन्य कहलाई श्री पशुपतिनाथका नित्य सेवा गरी अधिका पवित्रारोहण जगाई स्वामी बस्याका घर प्रतिवर्ष बनाई चढाउन्या रीत भै रह्याकामा आफूले बनायाका घरमा मठ बनाउन्या रीत चलाया । फेरि यी स्वामीले पवित्रारोहण, दमनारोहणका खर्च स्वामीका द्रव्यले चलाउन भनी प्रतिवर्ष चलाया । फेरि यी स्वामी श्रीखण्ड चन्दनमात्र लेखी वडो गुप्तले नित्य लैजाई श्री पशुपतिनाथका ईशानमा राखी नित्यपूजा आवर्ण सहित गरी लैजाई राजा–प्रजा सबैले धन्य कहलाई कर्म चलाया ।

फेरि कान्तिपुरका कोही काचिली नाम प्रजा देशका उत्तरका लुटी इन्द्रायणी पीठमा नित्य २ रात्रिमा गै सेवा गर्दा एक रात्रिविषे नेपालेश्वरी वत्सला त्यही पीठमा आई वस्दा वत्सला देख्यो र यी काचिली आई स्वामीकन कहंदा स्वामीले काचिलीको मनसुवा जानी राजा वक्साई प्रेत चतुर्दशीका दिन प्राचीन युगादिदेखि नाना विधान पूजा गरी राखेका नेपालेश्वरी वत्सलेश्वरी पीठ खुशी गरी यी अमावस्याका दिन प्रधानहरूका जात्रा प्रतिपदाका दिन यी स्वामी आफै आई श्री पशुपतिनाथकन रात्रि भर जगाई ईश्वर ईश्वरी कुतूहल गराई धार्नी ७ सेर १ सिंदुर यात्रा गरी प्रतिवर्ष रथ–यात्रा चलाया ।

फेरि यी स्वामीले राजा बक्साई काचिली नाम नेवारले धेरै द्रव्य खर्च भ-यो भनी देवपाटनका प्रधान गरिदिया ।

त्यहांपछि केही दुष्ट जनले यी स्वामीले पशुपतिनाथकन ढोक दिदैन भनि राजालाई सुनाइ दिया र राजाले यी स्वामीका गुरुकन भनि पठाए र राजाले स्वामीकन डाकी चिठ्ठी देखाउंदा गुरुका चिठी शिरमा राखी आंखा चिम्ली देवपाटनमा मन्त्र खोली देश जलाउंला, श्री पशुपतिनाथकन ढोक दि फुटाई दिउंला भन्या मनमा राखी कान्तिपुरका दर्वारदेखी दगुर्दै आया र यिनै काचिली प्रधानले पाउ समाती बहुतै विनती गर्दा रामेश्वरी सन्धिका देशमा नेत्र खोली दिया र यी देश उत्तै क्षणमा जलिगया । त्यहांबाट ललितपुरमा आई कामेश्वरीकन ढोक दिया र यी कामेश्वरी व-्चरोले काठ चिऱ्याइँ फुटी गया । त्यहींबाट यी स्वामी आई तीर्थमा गै मजस्ता पाशुपत मन्त्र जान्या स्वामीहरू तिमीलाई चाहिन्छ भन्या मकन वाग्मती वारी-तिर राख, स्वामी चाहिदैन भन्या पारीतिर राख–भनी यी राघवानन्द शून्य समाधिमा गया । राजासित नजीक वस्न्या कोही दुर्जनहरूले स्वामीहरूको समाधि श्री पशुपति-नाथमा राख्नु गारो हो भनी वागमतीका पारी लगी राखिदिया । यिन दिनदेखि नेपालमा पाशुपत मन्त्र जान्या स्वामीहरू आउनमा कम भै गया ।

फेरि वत्सलेश्वरीका यात्रा प्रारम्भ भयाका वर्ष ४ पछि रानीकन स्वप्न भै राजा–रानी आई श्री पशुपतिनाथकन पूजा गरी वक्साई चावहेलका श्वेत विनायकका कवच मूर्ति वनाई धेरै गुठी राखी गणेश वौद्ध प्रिय हुनाले वांडाहरू गुठियार राखी कार्तिक शुक्ल पूर्णिमा र प्रतिपदाका दिन प्रतिवर्ष यात्रा गराया । यी राजाले गणेशका यात्रा गर्न आउंदा रजकहरू सबै मिली विनती गर्दा रजक क्रय बनाइदिया ।

फेरि यी राजाका पालामा प्रेत चतुर्दशीका दिन रानी मरण भै गइन् र कान्तिपुरका देवताका यात्रा आधामा मात्र भै गया । अमावस्याका दिन हुन्या जात्रा सबै मनाई गरिदिया र छोपी स्वस्थानले गया । वत्सलेलेश्वरीका यात्रा क्रमैसित चलाया । मनाई गर्न सकेनन् । सिन्दूर यात्रामात्र देवतालाई गरिदिया । नेपाल सम्वत् ८०४ सालमा यी भूपालेन्द्र मल्ल राजा शान्त भया ।

अस्य पुत्र भास्कर मल्ल वर्ष १४ हुंदा भूपालेन्द्र मल्ल राजा शान्त भयाका हुन । यी भास्कर मल्ल राजा अति चंचल हुनाले धेरै पशु पाली, पन्छी पाली अनेक थानमा फिर्दा एक दिन लावालस्कर सहित गरी दुर्ग वनान्तरको यवनसम्म पुगी हात्तीका शिकार गरी ठूला ठूला हात्ती ७ समाती ल्याई आपना दर्वार पुऱ्याया र सबै पण्डितहरूले यी राजाको नाउं आजदेखि गजपति महीन्द्र सिंहमल्ल भनी नाम फिराई चलाइदिया । यी राजाले ब्राह्मण पण्डितहरूदेखि सदा सर्वदा खुशी भै आपना लगाभर तऱ्यानीमा हात्ती शिकार जांदा ब्राह्मण पण्डितहरूदेखि घेरै बिर्ता दिया । त्यस बेलामा रथ वनबासी थारूहरू सबै आई यी राजाकन अनेक सौगात राखी कर जोरी खान माग्दा राजा खुशी भै घेरै जग्गा बक्सीस दी भुवार नाम राजा गरिदिया ।

यी राजाले ललितपुरमा पनि राज्य गऱ्याका थिया र यस बेलामा कीर्तिपुरका जजमानी रागोत ब्राह्मणको अपुताली सरकार लाग्यो र गाबाहालमा विश्वानन्द उपाध्यायलाइ सङ्कल्प गरी बिर्ता गरिदिया । यसमा दाता राजा हुन् ।

फेरि यी राजाका विवाहिता रानी २ र मैजूहरू २ थिया । यी चार स्त्रीहरूसङ्ग रसक्रीडा गर्ना निमित्त किम्डोल थानमा सुघर धर्मशाला बनाई सदासर्वदा रससङ्ग क्रीडा विहार गरी बस्दथ्या । यी राजाको वर्ष २२ को उमेर हुंदा अकस्मात १२० वर्षमा प्रवेश हुने महामारी कान्तिपुरमा प्रवेश भै कर्णसंधि कपालमा अधिक बेथा लागी क्षणमात्रमा प्राण त्याग हुन्या बेथा आई देश भरमा नित्य ३०।४० सम्म मानिस मरण हुंदै गया । कोही कोही ज्ञानीहरू अलिक बेथाले छुन्या बित्तिकै बेगले दगुर्दै आफ्ना तीर्थमा जाई मरण भया । कोही कोही पचली घाटमा कोही कोही विष्णुमतीमा, कोही कालमोचन तीर्थ, कोही दगुर्दै आउंदा बाटैमा मरिजाने गऱ्या । यस्ता डबलले मरण हुंदा वर्ष २ हुन लाग्दा श्री पशुपतिनाथका दक्षिण मुखमा विकट दन्त प्रकाश भै आया । नवग्रह पद्मोपट्टि उल्टो बस्न गया । प्रजाहरू पनि दिन प्रति ८०।९०।१०० सम्म मर्दै गया । कोही प्रजाहरू यस भयले त्राहि त्राहि भै शहर छाडी भागिगया । यस वेलामा झगल ठकुल काजीले राजा १, रानी २, टहलुआ १, यिन ४ जना-मात्र गरी कीमडोल बाहलभित्र लुकाई खान पुऱ्याई भित्र जान नपर्ने गरी खान पुऱ्याई महीना ६ सम्म राखिदिया । यस्तो उपद्रव हुंदा मुर्दा उठाउने नसकी शहरमा धेरै मुर्दा रहन जांदा छानामाथि स्यालहरू मुर्दा खाई २ हिड्न लाग्या । यस वेलामा यिनै झगल ठकुल काजीले श्रेष्ठ ६ हरूका मुर्दा रहन गया भनी गुठी राखी मरण समयमा सबै भेला भै मुर्दा उठाउन्या रीत चलाया । यहांदेखि श्रेष्ठहरूका मुर्दा किसानीहरूले पोल्न्या रीत चलाया । त्यहींदेखि दस पिंड नगरी डेढ महिनामा पिंडमात्र दिन्या रीत चलाया । फेरि कान्तिपुरमा मुर्दा बोकी लैजाने नोल फर्काई ल्याउन्या रीत पनि भया । असंख्य मुर्दा हुनाले यिनै वर्ष कान्तिपुरमा तीनै कुमारीहरू यिनै बेथाले लै गयो र देवपाटन चाबहीलका कुमारीहरू ल्याई आसनमा राखी कर्म चलाया । फेरि २ महीनापछि सेमा (?) अर्को सायत तुल्याई कर्म चलाया । यी चावहीलमा कुमारीकन सम्मान गरी बस्त्र गहना धेरै दी खुशी गराई फर्काइदिया । यस्ता मरण भैरह्याका वेलामा एक कोही योगी आई झगल ठकुल काजीलाई सुनाया कि हे गमार काजी, यस्ता तेरा शान्ति स्वामी प्रजाले महामारी देवी शान्ति सन्तोष हुंदैनन् हुन्या छैनन् । देशी परदेशी सबै जनालाई इच्छा भोजन गराइदेऊ । तबदेखि शान्ति होला । श्री पशुपतिनाथ पनि खुशी हुनु होला –भनी योगी स्वस्थानमा गया । यी काजीले जोगीका आज्ञा सुनी शहरवासी सबै जनालाई बोलाई हनूमान् ढोकामा राखी इच्छा भोजन गराइदिया । दिन ४ सम्म अन्नदान पनि गऱ्या । यस्तो गर्दा दिनका दिन मरण भयाको बहुत शान्त हुंदै गयो । यस वेलामा एक दिन कोही एक ज्यापू किडोल आफ्ना खेतमा काम गर्न आयाको राजाले देखी ज्यापूलाई राजाले बोलाई शहरको खबर के छ, कतिको मर्छन् ? भनी सोद्धा ज्यापूले विनती गऱ्यो हे महाराज, अब ता दिनको ४।५ मात्र मर्छन् । दिनको दिन शान्त हुंदैछ । बहुतै सम्भार भयो भन्दा राजाले मैजू हरू सम्झी त्यही झ्यालबाट फाल हाल्दा रानीहरूले थाम्न सक्यानन् र राजा दगुर्दै शहरभित्र पसी दर्वार पुगी मैजू हरूसङ्ग बसिरहंदा यिनै रात्रिमा त्यही बेथा लागी राजा शान्त भया । नेपाल सम्वत् ८१२ सालमा भाद्र कृष्ण ३० रोज ७ का दिनमा ।

त्यहांदेखि कान्तिपुरमा सूर्यवंशी राजा लोप भै गया ।

त्यस वेला प्रजाहरू हाहाकार गरी दुइ रानी मैजू सल्लाह गरी प्रजाहरूकन बुझाई आफ्ना सन्तान नहुनाले छोरीपट्टिका सन्तान ल्याई जय जयमल्ललाई गादीमा राखी सबै प्रजाहरूले धन्य धन्य कहलाई रानी २ मैजू हरू पनि राजाका संसर्ग गरी सती गई अग्नि प्रवेश गरी प्राण त्याग गर्दा भया । राजा राजेश्वरीका पाटीका राजस्म-शानमा अग्नि दाह भैरहेका वेलामा आधा शरीर जलिगया-पछि स्मशानमा जेठी रानी उठी कर जोरीकन वचन बोल्न लागिन् हे लोक हो ! पञ्च प्रजाहरू हो ! हाम्रो बडो कष्ट भयो । सन्तान शून्य राजाले सजीवमा धेरै पन्छीहरू पाली बन्धन गरिराखेका पापले राजालाई असंख्य पोखले छोपि राख्या । २ मैजूले राजाका आज्ञा पाई पोख फाल्दैछन् । उकास्न सक्यानन् । हामी २ रानीका सजीवमा कुकुर अति प्यारो गरी कुकुर छोई हात नधोई सबै वस्तु कन छोयाका पापले मुखसम्म सर्व जातका विष्टाले पुऱ्याया नर्कमा गाडी अलिक चल्न्या बित्तिकै कुकुरले खुवाई राख्या । तसर्थ हाम्रा निमित्त केही धर्मशाला बनाइदेऊ । काशीमा पनि ब्राह्मण भोजन गर्न पठाइदेऊ । अब उप्रान्त

नेपालमा तीन शहरमा सूर्यवंशी राजा लोप भै जान्छन् । केही वर्षपछि पश्चिम दिशादेखि सो वंशी कहाई हास वृद्धि गऱ्याका राजा आई भोग गर्न्याछन् भनी सती लोटी जली गइन् । यस दिनदेखि महामारी शान्त भया ।

झगल ठकुल काजीले महामारीले मऱ्याको लेखा गर्दा तीन वर्षका बीचमा १८७१४ भयाछन् ।

यहांपछि झगल ठकुल काजीले सतीका वचनानुसार मखन टोलमा श्री जगन्नाथका देवालय बनाई गुठी राखी स्नान गराइदिया । फेरि काशीमा पनि धेरै ब्राह्मण भोजन गराइदिया । फेरि असन टोलका ढोकाबाहिर संतल धारा मूर्ति बनाइदिया । यी महामारीका बेथाले गरी सूर्यवंशी राजा विसर्जन गराया ।

यी भास्कर मल्ल राजापछि जय जयमल्ल वर्ष ४०। यी जय जयमल्लले अघि गुह्येश्वरीमा धेरै सेवा गर्दा यिनकन स्वप्ना देखायो–आजदेखि ४ दिनभित्र मैथिली ब्राह्मण आउन्या छन् । तिनकन भेट गर्नू भन्या स्वप्ना हुंदा खोज्न पठाई भेट गरी स्वप्नाका कथा सुनाउंदा यी ब्राह्मणलाई पनि स्वप्ना भया र यीकन ब्राह्मणले मन्त्र सुनाई आजदेखि ४ दिनमा तिमी राजा हुन्या छौ भनी ब्राह्मण फर्की गया । अकस्मात् दैवका संयोगले भास्कर मल्ल शून्य भै सतीहरूले खोजी यिनलाई गद्दीमा राखिदिया ।

यी जय जयमल्ल राजा ब्राह्मणहरू मेरा इष्ट देवता हुन् भनी धेरै सम्मान गरी आफूसंग नजीक राखी नुवाकोटमा धेरै वित्तो दिया । फेरि यी राजाले गुह्येश्वरीका रथारोहणकन कवच मूर्ति बनाई अखण्ड दीप ज्वाला ली गया वामाविधि निमंत्रण पूजा गरी कान्तिपुर लगी बतीस कोटीका महाजन राखी धेरै खेत गुठी राखी कर्माचार्य गुठियार राखी थरीहरू सबै जम्मा गरी मार्ग शुदी १० का दिन प्रतिवर्ष यात्रा गराया । नेपाल संवत् ८३२ सालमा यात्रा प्रारम्भ ।

यी राजा हुँदा यिनका पुत्र २ भएका थिया । जेठा राजेन्द्र प्रकाश १ कांछा जयप्रकाश २ राजा भयापछि दर्वारभित्र जन्मेका ३ राज्यप्रकाश, चन्द्रप्रकाश, २, नरेन्द्र प्रकाश ३, छोरी कुमुदिनी रानी । यिनीहरूसित सोख भोग गरिरहँदा वेलाम। दैवसंयोग आफू राजा भयाका ९ महीनापछि जेठा राजेन्द्रप्रकाश मल्ल शून्य पदवी गया । यी राजा बडो सौक गरी यिन पुत्रका प्रभावले म राजा भयाको हुँ । अब मेरा संतानमा जयप्रकाश राजा भयाका हुँदा ता देव धर्म राज्य केही पनि रहन्या छैन भनी ३ महीनासम्म बाहिर यी रहंदा ४ थरीहरूले राजाकन बुझाया कि हे राजन् ! एक पुत्रका निमित्त यस्तो शोक गर्न्या होइन । अरू ४ पुत्रहरू छंदैछन्–भन्दा यी राजाले आफ्ना मनको दुःख बताया र ती थरीहरूले यस्तो भया हामीले राज्यप्रकाशकन राजा गरूंला, मोहन चोकमा जन्मेका राजा योग्य हुन् भनी राजा रानी बुझाई ती थरीहरू फर्की गया । यस दिनदेखि जयप्रकाशले त्यो कुरा सुनी खस थरीहरूकन बडो दाग राख्या ।

केही कालपछि सांहिला कुमार चन्द्र प्रकाशमल्ल शून्य भया र यिनका निमित्त दरवार पूर्वतिर टुकाचा पारी सीह्र जुजुका पोखरी खनाई यथाक्रमले बसाया । फेरि यिनका नामले एक कोही सुजनकन धेरै गहना लगाई हिलेजात्रा पठाउँदा एक कोही नेत टोलका उदासले ठूलो हास्य गऱ्यो र भोलिपल्ट राजाको जात्रा आउनेलाई मैले ठूलो हास्य गऱ्याँ भनी डर मानी एक थाल भरी सुर्वण राखी राजाकन चढाउन्याकन आउँदा राजाले नली फर्काइदिया । यस्ता निर्लोभी राजा हुन् ।

यी राजाका पालामा अजयबागेश्वरीका देवालयभित्र चोर पसी गहना सबै चोरी लग्यो र हाहाकार गरी खोजी गर्दा तीन महीना हुँदा पनि खोजी पाउन् नसकी देवीसित धेरै विनती गर्दा ५ वर्षको आचार्यको पुत्री कन्यामा देवी प्रवेश भै मेरा चोर त्यही हाँडीगाउँका ढोकाभित्रका पाटीमा ठाउँ बनाईरहेछ भन्दा सबै जनाले हेर्न जांदा ठाउँ बनाई बस्न्यालाई समाती ल्याई राजा बक्साई सासना गर्दा देवीका गहना सबै मिल्या र देवीकन गहना लगाई चोर मारिदिया ।

फेरि यी राजाले दर्वारका अगाडि राधा–कृष्णका देवालय बनाई महाविष्णुका शिवालय बनाई गुठी राखी यथाक्रमले बसाया । यी राजाले मैथिली ब्राह्मणहरू गुह्येश्वरीका ठूला सेवक हुन् भनी यी राजाले धेरै प्रीति गर्दा बसहरूले नसही निरपराधमा हुल उठी तिरहुतिया ब्राह्मणका घर लुटी धन संपत्ति सबै ल्याई खाइदिया ।

यस वर्षमा वर्षा शून्य भैदिया र प्रजाहरू सबै हाहाकार गऱ्याका राजाले सुनी शान्त मूर्ति राजा हुनाले निरपराध ब्राह्मणहरूको सर्वस्व लूट गरेका पापले मेरा पालामा यस्तो उपद्रव भयो भनी प्रजाहरू उद्धारनिमित्त श्री पशुपतिनाथकन महाबलि नाम गऱ्याका गुठी राखी प्रतिवर्ष चलाया ।

फेरी केही दिनपछि यी राजा साधु देखी गोर्खाधिपति

श्री पृथ्वीनारायण शाहले नुवाकोट आई त्यहीं बसी आफ्नु हुकुम चलाया ।

यहाँपछि यी जय जय मल्ल राजाले मेरा पालामा निरपराधमा ब्राह्मणको ब्रह्मस्वहरण भया, राज्य पनि गयो अब मैले जिउनु व्यर्थ भनी उपाय गर्दा कोही एक दुर्जन इटुं बहालका बांडाले भने हे महाराज मंजुश्वरीका मूर्ति बनाई श्री पंचमीका दिन कान्तिपुर ल्याई जात्रा गराया सिद्धमरण होला भनी भेद बताया र राजाले मनमा राखी गुप्त गरी मंजुश्वरीका मूर्ति बनाई जात्रा गराया र यी जात्रा भयाका तीन महीनामात्र बांची नेपाल संबत् ८५२ साल यी राजा शून्यमा गया ।

अस्य पुत्र जयप्रकाश मल्ल वर्ष ३६। यी राजा मकन नसहन्या जात खसहरू एक, जैसी, भडेल, राजलवट यति सबै मिली राज्यप्रकाशकन राजा गरूला भन्या कुल्याहा हो भनी जयप्रकाश मल्लले राज्यप्रकाश मल्लका बाबाका सुद्धाई नहुंदै बंधनमा राख्ने विचार गरि जांदा राज्यप्रकाश मल्लले थाहा पाई ललितपुरमा जाऊं भनी रह्याका खबर पाटनका विष्णु मल्लले थाहा पाई चांडै हात्ती लिई गई हात्ती चढाई ल्याई हाम्रो संतान नहुन्याका छोरा पायौं, हामीपछि यी राजा हुन्या हुन् भनी हर्ष बढाई गरी दर्वारमा लगी राखे । फेरि यी जयप्रकाश मल्ल राजालाई थरीहरूले नसही हामीहरूलाई नसहन्या राजाका भाई नरेन्द्रप्रकाश मल्लकन बुझाई दर्वारबाहिर ल्याई देवपाटनमा राखी टुकुचा पारीका राजागरी बसाया ।

यी नरेन्द्रप्रकाशकन खस थरीहरूले संझाइदिया हे महाराज ! हजूरहरूका पांच भाइमा दुइ भाई शून्यमा गया । एक ललितपुरमा गया । एक कातिन्पुरमा राजा भै बस्या । अब हजूर पनि राजा योग्य हुनुहुछ भनी थरीहरूले संझाइदिई प्रजाहरूको घर–खेत, घरबारी सबै विग्रह गरी लुटी गिराया । त्यहाँपछि चार महीनासम्म यस्तै डबलले विग्रह गर्दा जयप्रकाशले थरीहरूको बदमाशी ठहराई दलसहित गरी आफै भाई नरेन्द्र प्रकाशकन लघारी भक्तपुरमा भगाया । यी नरेन्द्रप्रकाश भक्तपुरमा सदाशिव मल्लका चोकमा पसी बडो लाचार भया । केही दिनपछि त्यहीं शून्य पदवीमा गया । त्यहांपछि जयप्रकाश मल्ल राजाले खेल गर्न्या थरी कोही फेला पारी कायल गराई मारिदिया । कोहीलाई ठूलो सासना गऱ्या । कोही भागी लुकीगया ।

केही दिनपछि भागी जाने थरीहरूले जयप्रकाश मल्लकन बडो दुष्ट हो भनी यिनका पुत्र ज्योतिप्रकाश मल्ल राजा गरी आफूले मोज गरूंला भन्ने विचार गरी यी जयप्रकाशका रानी दयावतीकन गुप्तले भेटी रानीको चित्त बुझाई अठार महीनाको बालककन राजा गरी थरीहरू सबै हुल उठी जयप्रकाशकन बलात्कारले शहरबाट धपाइदिया । यी राजा जयप्रकाश भागी आठ महीना तीर्थमा बस्या । त्यहींबाट पनि थरीहरूले लगारी दी गोदावरीमा वस्नु गया । फेरि त्यहीं गोदावरीबाट पनि लघारीदिया र ललितपुरमा गाबाहाल टोलका उपाध्यायका घरमा बस्न गया र यी दयावती रानीले यी प्रधानहरूलाई गुप्त गरी घूस खुवाई प्रधानहरूले गाबाहालका घरमा घेरा दी कि त जयप्रकाश राजा हामीहरूलाई सौंपी देऊ नत्र तिमीहरूको सर्वस्व लिउंला महाराजको हुकुम भनी घेरा दिदा शरण आएका मानिसकन हामीले सौंपीदिने छैनौ सर्वस्व लिन राजाको हुकुम भया सबै खुला छ भनी ताल्चा खोली दी जयप्रकाशकन लुकाइदिया । यिनीहरूको सर्वस्व लुटी थरीहरू र प्रधानले खाइदिया ।

वहांपछि राजा जयप्रकाश राजाले मेरा निमित्त यिनीहरूको सर्वस्व लूट भयो भनी गाबाहालका उपाध्याय कहांबाट क्वछेबाहाल कौमारी स्थानमा बस्न गया । त्यहांबाट पनि प्रधानहरू र चार थरीहरू मिली लघारी धपाइदिया र त्यहांबाट गोकर्ण बस्न गया । त्यहांबाट पनि भैमाल्याहरूले हामीहरूलाई अवजय होला भनी बस्न दिएनन् । कहीं बस्ने ठाउं पायानन् । यी जयप्रकाश राजा गुह्येश्वरीमा बस्न गया । यी राजा त्यहां केही दिन बस्दा एक योगी आई राजाका हातमा एक खड्ग दी तेरो कल्याण होला भनी दिया ।

यी राजाकन वनवास वर्ष २।६ महीना बितेपछि एक कान्तिपुरको बांडा जयप्रकाशका बालकदेखिको सङ्गी गुह्येश्वरीको दर्शन गर्न आउंदा राजाका र बांडाका आंखा चार भै बांडाका आंखाबाट आंसु आयो र बांडाका आंखाबाट आंसु आयाको देखी राजाले आफ्नू जप, ध्यान सकी देवीकन प्रदक्षिणा गरी बाहिर खण्डमा आई प्रदक्षिणा गरिरहंदा त्यस बांडाले राजाका पछि गरी हिड्यो र राजाले कोही नभयाका वेलामा हेरी बांडासित सोध्या हे बांडा, किन आंसु खसाल्याको ? के गर्न सक्छस् र ? भन्दा बांडाले मेरो धन जियले सकेसम्म त गर्छु भनी विनती गऱ्यो । र राजा जयप्रकाशले बहुतै भरोसा देखी ती

बांडालाई केही अहाया । आज भोलि कुमारी तिम्रा छोरी रहीछ । आज रात्रिमा नारान धारासंधि कुमारी तल ल्याई दर्शन देऊ । दक्षिणा पनि ली आउनू । भनी अहाया । हवस् भनी बांडा फर्की कान्तिपुरमा गया ।

रात्रि विषयमा यी बांडाले आफ्ना छोरी कुमारीकन बोकी पछेउराले छोपी १५० रूपैया पोका पारी नारान धारासन्धि टुकुचा वारिका एक पाटीमा बस्न गया । यी जयप्रकाश राजा पनि गुह्येश्वरीबाट एक्लै कसैलाई थाहा नदिई रात्रिमा त्यहीं आई कुमारीका पाउमा ढोक दी आफ्ना दुःख विनती गर्दा कुमारीले आफ्ना शिरका फूल झिकी राजालाई दी आजका चार दिनमा शहरमा आऊ भनी हुकुम भयो र राजा खुशी भै "हवस्" भनी चरणमा दण्डवत् गरी कुमारी फर्काइदिया । आफू पनि खुशी भै फर्की गुह्येश्वरीमा बस्न गया । चार दिनपछि कान्तिपुरका थरीहरू सबै बाटुला भै गुह्येश्वरीबाट पनि जयप्रकाशलाई धपाउंला भनी धेरै लश्कर जम्मा भै धपाउन आयाको खबर सुनी राजा जयप्रकाश गुह्येश्वरीका भित्र खण्डमा गै देवीकन प्रदक्षिणा गरी ईश्वरीका ध्यान गरिरहंदा वेलामा श्री गुह्येश्वरीका कुण्डदेखि "विधान मत्स्यमेकं राज हस्ते प्राप्तः । राज्यं शीघ्रं भुज्यते" । यति प्रत्यक्ष पाई राजा बाहिर आई खुरासान नाम गर्‍याका घोडा संधै राजाका साथैमा थियो र त्यही घोडा योगीले दियाको खड्ग हातमा ली आफुसङ्ग रहन्या सिपाही ३०–लाई गुह्येश्वरीको सिन्दूर लगाई कुमारीका आज्ञा मनमा राखी साक्षात् वीरभद्र भैरवाकार भै आया र गौरीघाट सन्धी लश्कर पुग्दा लश्करले देख्यो र राजा जयप्रकाशका साथमा असंख्य भैरवाकार लश्कर देखी अरू लश्कर भागी गया । राजाले खेल गरी आई लश्कर नभेट्टाई कोही लश्कर फर्की जयप्रकाशतिर शरण भनी गया, कोही कसाहीसन्धि माऱ्या, कोही हांडी गाउंसन्धिमा माऱ्या र नन्दिसागर पुग्दा यी राजाका साथ शरण भनी आयाका जम्मा ३००० लश्कर पुग्याछन् । यस्तो गरी धेरै दुष्टहरूकन मारी राजा कान्तिपुर पुग्दा यी राजाको मैजू बिगारी मोज गरिरहन्या मिल्दा ती प्रधानले अब ता यी राजाका शरणमा जानु पऱ्यो भनी डोली चढी आउंदा काल भैरवसन्धि पुग्दा सिधीचा नाम गर्‍याका तेलीले डोलीमा चढी आउन्यालाई मारिदिया । मैजू यिनीसङ्ग सती पठाई आफू दर्वारभित्र पसी दयावती रानीका काखमा बस्न्या ज्योति प्रकाशकन लिन पठाउंदा दियिनन् र कोही एक ब्राह्मणले अघि तिम्री रानी हुन् अब ता ब्राह्मणकी स्वास्नी भयिन् तिमीदेखि केको डर छ भनी ज्योतिप्रकाशकन जफ्ती गरी ल्याई राजाका काखमा राखी प्रजाहरूकन सुनाया हे प्रजाहरू ! यो मेरो छोराकन राजा कसले दियाको हो ? भन्दा प्रजाहरूले हे महाराज ! हजूरबाट बक्स्याको हो भनी विनती गरे र यी जयप्रकाशले मैले दियाको रजाई हो भनी फेरी मैले फर्काई लिया भनी हुकुम चलाई छुल्याहाहरू सबै समाती कायल गर्दै खर्च गर्दै समाप्ति गरिदिया । दयावती रानी बिगार्न्या धन जजु नाम गर्‍याका ब्राह्मणकन चोट लगाई नमर्ने पाठले घाउ लगाई वैद्य पठाई कुहिजाने औषधि लाउन पठाया । दुष्टा दयावती रानीलाई चारै दिशाभित्र पारी बन्धन गराई त्यहीं लोप गराइदिया । यस्ता प्रकारले दुष्ट सबै मारी तिनीहरूका धन सम्पत्ति नाश गरी सुजन ब्राह्मणहरू साथ राखी निष्कण्टक राज्य गरिरहंदा भया ।

केहीदिनपछि बाबाका पालामा गोर्खाली आई नुआकोट लिदिया भनी नुआकोटवासी राजाकन आफै आई लडाई गर्‍यो गोर्खाली हटाई नुआकोट आफ्ना गराया ।

फेरि वर्ष ८ पछि काशीराम थापाले गोर्खालीकन ल्याई नुआकोट दिया भनी भैंमालेहरूले चुक्ली गर्दा यिनीहरूको चुक्ली सुनी जनैपूर्णेका दिनमा राजा आई चावहिल गणेशका सन्धिमा बसी गौरीघाटमा जनै मन्त्रि-रहन्या काशीराम थापाकन जफ्ती गरी बोलाई विवेक नगरी छलकार गरी माऱ्या । यी थापाले आजका चौथा दिनमा नुआकोट भोग गराई दिउंला बुझ्नु हवस् भनी भन्दा नमानी बडो वीर थापालाई मारिदिया ।

राजा जयप्रकाशले अघिका थरीहरू थापा, बुढाथोकी, बिष्ट, रङपाली, बस्न्यात यी सबै मेरा दुष्ट हुन् भकन राजा गर्न्या छैनन् र मेरा बाबाकन कोही दिनमा माऱ्याका थिया भनी ठूलो रीस गरी थापा मारिदिया ।

यी थापा माऱ्याको सुनी पृथिवीनारायण शाहले नुआकोटमा बढी बढाई गरी तिरहुतिया बाहुनका ३२ घर खेत लुटिदिया र नुआकोटमा ब्राह्मणहरू बस्न भएन र आफ्ना सुगम पाई नेपालमा बस्न आया । यी थापा माऱ्याका जयप्रकाश राजाका दुर्बुद्धि भयाका हुनाले त्यस दिनदेखि जयप्रकाशको बिग्रदै गयो । यी थापा माऱ्याको राजाले चुकेकै हो ।

केही दिनपछि जयप्रकाश राजाले "आफ्नो भाइ राज्य-प्रकाशका काबूमा बस्न्या छैन पृथिवीनारायण शाहकन

सलाम गर्न्यो छैन भन्याका कुरा जयप्रकाशले सुनी देवानन्द उपाध्यायलाई पठाई बडा युक्ती गरी जनैका धर्म दी प्रधानहरू बोलाई बन्धन गरिदिया र भीरव्वा धन काजी १ हीरा खाई मऱ्या । बांकी रहेका प्रधानहरूलाई बन्धन गरी स्वास्नीका पोशाक लगाई पसलपीछे एक मूठी चिउरा मगाई देश घुमाई सासना गरी दिन प्रति यस्तै गरिराख्दा प्रधानका स्वास्नीहरू आई मायाले खुआउन आउन्या स्वास्नी जति सबैलाई डाकिनीका भेष गराई आफ्ना लोग्नेहरूसङ्ग राखी ढोका ढोकामा बहुत कराई उपमा गरी देश घुमाई बडो फजिती गरी छाडिदिया ।

प्रधानले यी जयप्रकाशको तखत उठाउने जुक्ति गर्न लाग्याको कुरा सुनी पृथिवीनारायण शाहले बडो हर्ष गऱ्याछन् । प्रधानहरूलाई यस्ता उपद्रव फजिती गऱ्याको पनि राजाले चुक्याको हो ।

यी राजाले कसैको खातिर नगरी गुह्येश्वरीघाट बनाइ धर्मशाला २ सत्तल बनाई धन्य–धन्य जयप्रकाश कहलाया ।

फेरि भक्तपुरका दुष्ट बाशीहरूले जयप्रकाशकन दुर्बुद्धि दी चोभार मुनि बामती उत्तर वाहिनी भै बगिरह्याकी सोझो गराई बगाइदियाको पनि दुर्बुद्धि हो ।

फेरि यी राजाले आफ्ना बाबाले, गुह्येश्वरीका जात्रा बनाइदियाको हो भनी जगाई अनेक जातकन भोज खुआई रीत चलाया । बागमती सोझो गरी धेरै खेत तुल्याई गुठी राखी नित्य आरती जगाई प्रतिवर्ष नवरात्रिमा अखण्ड दीप पुरश्चरण शान्ति प्रजा ब्राह्मणद्वारा चलाया ।

फेरि पशुपतिमा पनि ठूलो चौघडा बनाई कोटि पार्थिव पूजा गरी बसाया ।

फेरि लुढीकोटमा पनि बालाज्यू अचारहरू (?) थापना जगाई २२ धारा बनाई गंडकी जल संधित ठहराई धर्म-शालाहरू बनाई गुठी राखी धन्य कहलाया ।

यिनै सालमा गंडकी पहिरो आई भत्क्यो र धेरै शालिग्राम ल्याई श्री पशुपतिमा चढाया । केही वासुकीमा चढाया । यिनै दिनदेखि नेपालमा अरू अरू स्थानमा पनि शालिग्राम फिजिगया ।

यिनै सालमा जयवागेश्वरीका देवालयमा चोर पसी गहना लबै चोरी लैगयो र गंगाधर भन्याका काजी दर्वार जांदा यट्खा टीलका पाटीमा बस्या एक नेवारकन चोर जस्तो देख्या र समाती लगी राजा बक्साई सासना गर्दा कायल गराई गहना पाई यथास्थिति चढाया ।

३ महीनापछि यी राजाका चमत्कार धर्मशालाहरू बनायाका कुरा सुनी भक्तपुरका राजा रणजित् मल्लले सहन नसकी दुर्बुद्धि मै बांडा चोरहरू पठाई गुह्येश्वरीमा विघ्न गर्न पठाया । यी गुह्यश्वरीमा ठूलो घंट फोरी भित्र पसी भैरवकन उल्टाई मूल कलश चोरी लैजांदा चोरहरूका नेत्र बन्द मै कतै जान नसक्दा कलश जंगलमा फालि-दिंदा बाटो पाई गया । महीनापछि जंगलमा कलश मिल्यो र यथास्थिति चढाया ।

फेरि यी राजाले हरिसिद्धिका र कान्तिपुरका टीका धारीका अधिपति हुं भनी कान्तिपुरमा बोलाई सुनका ३ छप्पर देवालय गुठी राखिदिया ।

यही सालमा फेरि गोर्खाली राजाले ८ प्रधानहरू माऱ्याको सुनी नेपाल कीर्तिपुर संधि आई नेपालमा धेरै लश्कर जमाई लगी बडो लडाई भयो । त्यस वेलामा बाघ भैरवको देवालय झर्झराकार गरी केही स्वरूप वैरीलाई गै लडाई हुने वेलामा यी देवीका प्रभावले महा घनघोर अन्धाधुंन लडाई हुंदो भो । यी लडाईमा कीर्तिपुरका सिपाहीका प्रथम प्रहारैमा सुरप्रताप शाह एकाक्षी भै गया । फेरि यिनै लडाईमा कीर्तिपुरका प्रहारले कालु पांडे पनि परलोक भै गया । घडी १२–सम्म लडाई मै २ पट्टिका पनि लश्कर साफ भै गया । शक्तिवल्लभ सर्दारले मदेसदेखि ल्याइराखेका सिपाहीहरू जम्मा जवान १२००० सबै त्यहीं संहार भै लडाईमा धेरैलाई मारी मऱ्या र पृथिवीनारायण शाहलाई समात्न गयाका वेलामा कसाई १, पुतुखार १-ले राजा बोकी दगुर्दै रातारात गराई दहचोकबाट नुआकोट पुऱ्याया र पृथ्वीनारायण शाहले २ जनालाई अति नजीकै राख्या ।

यी राजा जयप्रकाशले सुखसित अब उप्रान्त गोर्खाली शून्य भया भनी बडो बढाई गरी फर्की आया । विचार नगरी फर्की आयाका राजा चुक्या । यस दिनदेखि वर्ष १८ सम्म गोर्खा हराइराख्या ।

यी राजा जयप्रकाशले सुखसित रहंदा कङ्केश्वरीमा वर्ष–प्रति ढुंगाले हानी खेल्ने रीत गरी चलाई बनाइदिया र रात्रिमा बडो शब्द गरी तीन फेरा कराया को सुनी राजाहरूले बन्द गऱ्याको फेरि खेलाया ।

फेरी जयप्रकाश राजाले कुमारी देवीकन वास्तु चक्राकार प्रमाणले घर बनाई बसाया । फेरि रथारोहण गरी देश घुमाई इन्द्र जात्रामा प्रतिवर्ष रथयात्रा चलाया ।

फेरि नेपाल नष्ट कारण मोहन चोकमा शीतला प्रवेश भै आगममा आवागमन गरी राजपुत्र ज्योतिप्रकाशकन शान्त गराया । यी राजाले कुनै रीत समूल पलं बनाई देवपाटन लगी राजस्मशानमा लगी जलाया ।

यिनीहरूले यी चार थरहरूले तिरौतिया ब्राह्मणहरू साथ रह्याका नसही नुआकोट गै गोर्खालीसङ्ग मिली कान्तिपुरका लगायत सबै गोर्खालीकन चलन गराइदिया ।

यिनीपछि भक्तपुरका राजा रणजित् मल्लसे जयप्रकाशका सन्तान शून्य भया, अब कान्तिपुर नष्ट हुन लाग्या भनी विसक्याटको जात्रा हेर्न आयाका कान्तिपुरवाशीहरूलाई ठूलो ठरसा भयो भनी नसही छेकी राख्या । यी कुरा जयप्रकाशले सुनी कोप गरी घुर्कीलाई पठाउंदा रणजित् मल्लका गाउंपट्टि भै केही दिनपछि छाडी पठाया । यो रीस जयप्रकाशले मनमा राखी शतवीज छर्न्या आउन्या मनमती पारका प्रजाहरू सबै छेकी देवपाटनका कोटमा बन्द गरी ६ महीनासम्म छेकी राखी धेरै आम्दानी गरी धपाई पठाया । गुणवन्त नाम यस्ता सोखीन यी राजा हुन् ।

फेरि यी राजाले गोर्खाली हटाउना निमित्त धेरै नागा सिपाही पाली खर्च ठूलो भयो र ललितपुरका विष्णु मल्लले चढाईराखेका श्री पशुपतिनाथका भण्डारभित्रका धन ठाउं ठाउंका देवालय श्रीको जलहरी झिकी लिई खर्च गराया । फेरि पुगेन भनी देवपाटनका मूल महाधंजुले मति दिया र श्री पशुपतिका ठाउं ठाउं भण्डारभित्रका धन, देवालयका गजूर झिकी खर्च गरी मेरो फत्तै भो भने यी देवताका द्रव्य गुठी राखुला भनी लगी परी आयाको खातिर मानी खर्च गराया ।

फेरि सङ्कल्प गरी पार्थिव पूजा गराया ।

सिम्भूका लिङ्ग पनि बिग्र्यो र नयां लिङ्ग खडा गरिदिया ।

फेरि तुलजाको जग पूरानू भयो भनी फिराई प्रतिष्ठा गर्दा धेरै नाच वाज गरी दर्वारमा भीमसेन आदिहरू धेरै देवतालाई यथाक्रमले यात्रा गराया ।

वहांपछि पृथ्वीनारायण शाहका प्रतापले नेपाल सम्वत् ८८७ आषाढ सुदी प्रतिपदाका दिन बडो रात्रिमध्ये नेपालमा २१ भूकम्प गया ।

त्यहांपछि पशुपतिनाथले पृथ्वीनारायण शाहकन बालकपनामा भक्तपुरविषे कौमारीका प्रसाद भोज्य सहाय भै पशुपतिनाथले देवपाटन बोलाई माघ मासका संक्रान्तिका दिन सदल राजा सबै आई दर्शन गरी जय जय शब्द भै गया ।

यिनै दिनमा राजा पृथ्वीनारायण शाहले पशुपतिमा पञ्चामृतविना पूजा हुन्छ भनी सुनेर यिनै राजाले सङ्कल्प गरी पञ्चामृत गुठी राखी नित्यार्चन गराया । अझतक छदैछ । पृथ्वीनारायण शाहको श्री पशुपतिनाथविषे ठूलो धर्मविषे यत्तिकै हो ।

वहाँपछि आठ महीनामा नेपाल संवत् ८८८ साल भाद्र सुदी १४ चतुर्दशीका रात्रिविषे पृथ्वीनारायण शाहका दल बलसहित कान्तिपुर प्रवेश भया । जयप्रकाश राजाले तुलजामा बसी २।४ घडीसम्म लडाई गरी तुलजामा जगमा धेरै बारुद विछ्याई कान्तिपुर छाडी भक्तपुर बस्न गया । गोर्खाली दल सबै दर्वारमा बसी तुलजाका देवालयमा गै बढाई गर्न लाग्दामा पाँडे बारुदले पोली मरी यमपुरीमा गया । सिपाहीहरू पनि धेरै पोली नाश भै गया । कौमारीका प्रसाद पायाकाले पूर्णिमाका यात्रा गरी राज्यको हुकुम चलाया ।

यिनीपछि प्रधानहरूले ललितपुरमा २।४ दिनपछि कान्तिपुर आई पृथ्वीनारायण शाहकन बोलाउन आया र राजाहरूले यिनीहरूका कुल्याहा हुन् यिनीहरूका साथ जानु छैन भनी मनमा राखी मनमा बडो क्रोध गरी प्रधानहरूकन मीठो बचन बोली भोलिपल्ट टेकुदोभानमा तिमीहरू सबै बसिरहनू भनी अह्राईपठाया । धालाछेका ८ प्रधान फर्की ललितपुर आया । एक प्रधानले भोलिका दिनमा हामीहरूको संहार हुन्या दिन छ–भनी ज्ञानले जानी ब्राह्मणहरूकन डाकी दानपत्र गरी रात्रिभरमा सर्वस्व दान गरिदिया । भोलिका दिन पृथ्वीनारायण शाह राजा टुंडिखेलमुनि बागमतीमा पुग्दा राजा श्री पृथ्वीनारायणशाहले प्रधानहरू सबै नजर गरी आफ्ना जनहरूकन आँखाको इशारा गरी प्रधानहरू सबै खुशी रह्याका वेलामा भगवाहालका सर्वधन प्रधान वेगले कूच गरी हात बजाई सिंहनाद गरी जाँदा धेरै लश्कर गै लघारी

लैजाँदा कसैले पनि नजीक पर्न सकेन । फेला पर्न नसकी लश्कर फर्की आया । खड्गधर प्रधान काशी पुगी तीर्थ व्रत गर्न गया । अरू प्रधानहरू सबै छुटचाई मार्न लगाया । यिनीहरूका स्वास्नी सबै राजा बक्साई सती गया । यिनैका छोराछोरीहरू सबै खवास्या तुल्याया । राजाले ललितपुरमा बाहाली गरी हुकुम चलाया । प्रधान-हरूको सर्वस्व हरण गर्दा एक प्रधानले अघिल्ला दिन दान गऱ्याको सहीछाप हो भनी थामी बक्स भयाका आज तक छँदैछ । राजाले आनन्दसित हुकुम चलाया ।

यहाँदेखि महीना ८ पछि भक्तपुर गै लडाई गरी दल संहार गरी जयप्रकाश मल्लका पाउविषे गोली प्रहार गरी सबै लश्कर मारी जिती नेपाल संवत् ८९० साल कार्तिक सुदी ९–का दिन दर्बारभित्र पसी चौकोटमा आगो हाली भोटे सिपाहीले लडाई गरूंला भन्दा–भन्दै रणजित् मल्लले आगोलाई सबै खराब गराया । यस्ता तमाशा हेरी श्री पृथ्वीनारायण शाह दर्बारभित्र पसी नजर गर्दा वेलामा तीन शहरका राजाहरू बस्याको देखी पाँच सबै मिली हाँसी ठट्टा गरी बसिरहंदा जयप्रकाशले सुनी महा-भयंकर बोली गरी उठी भन्न लाग्या हे गोर्खाली हो ! दुनियाँ सबै मेरो नूनहरामी हुनाले र गोर्खाली राजाले हामीहरूसंग मीत लाई मित्र हो मित्रद्रोही पाप भयो र यस्तो भयाको हो । तिमीहरू क्या ठट्टा गर्छौं भन्याको सुनेर गोर्खाली सबै जना ब्रत पूर्ण समाप्त भनी गया ।

त्यस वेलामा श्री पृथ्वीनारायण शाहले जयप्रकाशसित संवाद–विवाद हुँदा सबैले धन्य कहलाई जयप्रकाशले बोल्न लाग्या । अहो गोर्खाली ! मेरो थर्रा भैमाल्या सबै मिली यहाँसम्म गराया यिनीहरूका विश्वासमा पर्नु छैन । सबै नूनहरामी हो । नूनको सोझो गर्न्या फगत तिरहुतिया ब्राह्मण मात्र छन् । अझसम्म पनि मसित २।४ जना छंदैछन्–भनी क्यावात भै गया ।

गोर्खाली राजाले पनि कुरा सुनी तिरहुतिया ब्राह्मणका धन जीव रक्षा गऱ्या । अघि थरीहरूले चुक्ली हाली सर्वस्व ली धपाउनु तयार भएका जयप्रकाश मल्लका वचन सुनी बिचार गरी हेर्दा ठहराई पृथ्वीनारायण शाहले तिरहुतिया ब्राह्मणका धन जीव रक्षा गरिदिया । थरीहरू अनविश्वासी नूनहरामी हुन् भनी टाढा गरिदिया । राजा रणजित् मल्लकन काशी पठाया ।

राजा जयप्रकाश पशुपतिनाथमा केही वार्ता, उत्तर प्रत्युत्तर भैकन घडी २ वांची शून्य भै दुनियांलाई देखाई अघोरनाथमा मिल्न गया ।

ललितपुरका राजा तेजनरसिंह मल्लकन नेल हाली लक्ष्मीपुर पठाई त्यहींबाट मोचन गराया ।

यति गरी पृथ्वीनारायण शाह भक्तपुरदेखि फर्की कान्तिपुरमा आई राजधानीमा पसी तीन शहरका हुकुम चलाई वसन्तपुर नाम बनाई बडो ऊंचो गरी दर्बारभित्र नौ तलाका दरबार बुनाई बस्या ।

यी राजाले अघिका गुण सम्झी पुतुवारकन नजीकै राखन्या हो भनी साथै राख्या । कसाहीहरूलाई. पनि गुह्येश्वरीका सुसारे गरी राखिदिया । अघि कीर्तिपुरका लडाईमा सूरप्रताप शाहलाई एकाक्ष गऱ्याका ईंखले नेपाल सम्वत् ८६३ अधिक चैत्र शुक्ल तृतीया वार ५ का दिन कीर्तिपुर प्रवेश गरी बाहाली चलाई भोलिपल्ट बाह्र वर्षउंभोका प्रजाहरू सबैले राजाको सलाम गर्न आउनू भनी छलकार गरी बोलाई कोटमा थुनी २।३ दिनपछि सबै प्रजाहरूका नाक काटिदिया । पछि सबै नाक तौलाई हेर्दा १२।१।६ बाह्र धार्नी १ सेर ६ तोला भया । प्रजाहरू नाक काटियाका सबै जम्मा ८६५, कानमात्र काट्नु भन्याका नाकसमेत काटि दियौ भनी भोटचाहरू जम्मा गरी यमलोक पठाइदिया । जुन कीर्तिपुरका प्रधानहरू ७ वर्षसम्म गोर्खालीहरूकन हटाई लडाई गरी थामी राखन्या यस्ता वीर सिपाही १ लाख काटी खराब गरिदिया । कीर्तिपुरका कोट सबै प्रजाहरूका घर आगोलाई नाश पारिदिया । यस्ता कीर्तिपुरका नाक काट्न्यालाई ६ महीनाअघि चोभारका गणेशको नाक फुटी आयो ।

यी राजाका पालामा रामकृष्ण कंवरले राजा बक्साई श्री पशुपतिनाथदेखि श्री गुह्येश्वरीसम्म शिलाको बाटो बनाइदिया । या बाटो बनाउंदा प्रजाहरू सबै धर्मको काम हो भनी खेताला आई खाजा जांड खाई ज्याला नली भागी जान्छन् भनी रामकृष्ण कंवरले ठाउं ठाउंमा चौकी राखी खाजा खुवाई ज्याला दी पठाउंथे ।

यी राजाले रुद्रमतीका पुल बनाइदिया ।

यी राजाले हीरासिंह काजी पठाई पूर्व विजयपुर, दक्षिण मकवानपुर, पश्चिम काली गण्डकी, उत्तर केरुङ, कुतीसाँध प्येक्चो वनको तन्याहीं सबै आफ्ना गरी हुकुम चलाया ।

यिनै पृथ्वीनारायण शाहका छोरा सिंहप्रताप शाहले आचाहरूका छोरीहरू ४।५ जना स्वास्नी तुल्याई हिंड्दा पृथ्वीनारायण शाहले चाल पाई बुझाउंदा बुझाउन नसकी आफु, नुवाकोट गै बसी नेपाल सम्वत् ८९५ साल माघ संक्रान्तिका दिन त्रिशूल गङ्गाका मोहानमा गै तीर्थमा शून्यमा प्राप्त भया । यी राजाले नेपालमा भोग गऱ्याका वर्ष ६।४ महीना ।

अस्य पुत्र सिंह प्रताप शाह वर्ष ३६। यी राजाले नेपाल रक्षिका गुह्येश्वरी भन्ने जानी सवालाख १,२५,००० हंसा–अंड अनेक द्रव्यसहित चढाया । यी राजाले नुवाकोट दुपवाली ? कान्तिपुरका दर्वारमा लिंगे खडा गरी इन्द्र जात्रा गरी लिंगो ढाली गुठी राखी प्रतिवर्ष जात्रा चलाया ।

फेरि यी राजाले नेपालका रीत मगाई आचारहरूसंग गरी तुलजाका पूजा गरी समस्त कर्म गरी नेपाल संवत् ८९८ सालमा शान्त भै गया ।

यिनै सालमा ललितपुरका भीमसेनको जात्रा प्रारंभ भयो । राजा शून्यमा गयाको बरखी मानी सबैमा हुकुम गरी राख्दा देव देवताका जात्रा चलाउनु भन्या हुकुम भयो र पहिलो जात्रामात्र केही भएन भनी भीमसेनको जात्रा चलाई पछिल्ला सालमा जात्रा गर्न तयार नहुंदा भीमसेन कोप भै हामीलाई तिमीले खेलांची गरेऊ भनी कोप हुंदा प्रतिवर्ष जात्रा चलाउन तिमीहरू नपत्यायामा म प्रत्यक्ष देखाउँछु । जात्रा गर्ने मेरो मूर्ति अगाडि राखी पूजा गर्दा मेरो ठूलो मूर्तिदेखि फूल खसी जात्रा गर्ने मूर्तिमा नपऱ्यासम्म जात्रा नचलाउनू भनी आज्ञा भयो र आज्ञाबमोजिम गरी प्रतिवर्ष जात्रा गर्न झटा टोलका अघोरहरूले गुठी राखी प्रतिवर्ष जात्रा चलाया । यो आज्ञाबमोजीम अझलतक भैरहेको छंदैछ ।

अस्य पुत्र रणबहादुर बर्ष १९। यी राजा बडा प्रतापी भया । यी राजाले टीका पाउनेमात्र मेरा बाबाकन स्वल्पायु गरिदिन्या राजामाथि प्रयोग गऱ्यौ भन्या ठहराई अचारहरू सबै समाती बाँधी लुटी इन्द्रायणी पीठसंधि लगी लोप गराइदिया ।

फेरि यी राजाले श्री पशुपतिनाथकन चांदीका जलहरि चढाया । वंशराज पांडे मंत्रीकन केही कारण राखी दर्वारभित्र कटाइदिया ।

फेरि लम्जुङ तनहूं आदि २४ राजा तखत मासी नेपाल संम्वत् ९०२ सालमा गंगावार सांध गरी बाहाली गरी हुकुम चलाया । दक्षिण दिशामा अंग्रेजी कंपमान गराइराख्या । पूर्व दिशामा सरूप काजी पठाई किराती राज्य जिती हुकुम चलाई अमाल राखिदिया । उत्तर दिशामा पनि समा लामालाई बोलाई भेटी, सुनी सिकाउन आदि गरी लश्कर पठाई दीगर्चा लुटी धेरै धन ल्याई चीनका बादशाही तखतसम्म धक्का गरी हुकुम चलाया ।

यहाँपछि चीन बादशाहले पनि सहन नसकी धुरिन काजीसित गरी धूम मंत्री पठाई धेरै लश्कर पठाया र धैबु पुगीरहंदा दामोदर काजी पठाई चीनका लश्कर संहार गर्दा चीनका बादशाहले धन्य बहादुर रणबहादुर शाह भनी पुरुषार्थको हुकुम चलाया । केही दिनपछि चिनियाँहरूले मिलजुल गरी बस्या बढिया होला भनी सलूक गरी दिया । यी रणबहादुर शाहले बडो बादशाह हो भनी नाम गरी राख्या ।

फेरि रणबहादुरशाहले कुमंत्रीका सुनी नेपाल भारत खेत नपायार डाहोली वसुन्धराको अन्तर गऱ्याको पापले बुडिगयो । रणबहादुर शाहले नेपाल हाली बंधन गरी मोचन गराया ।

फेरि यी राजाले बडा–बडा पर्व–काल हुंदा सहस्र गोदान गऱ्या । चाडबाडमा अनेक धर्म गऱ्या । पचली खेलमा ब्राह्मण अभ्यागतहरूकन बारंबार भंडारा खुवाई शनिश्चरवारप्रति श्री पशुपतिनाथका स्थानमा धेरै दही–चिउरा लुटाई मंगलवारप्रति हनूमानढोकाका हनूमानअगाडि धेरै ब्राह्मणहरू खुवाई भोजन गराया ।

फेरि भरमुलुकका रैतीहरू झारा गरी टुंडीखेलका जगन्नाथका देवालय अद्वितीय बनाई सिद्ध भै गयाको उंचो पुग्दैन भनी फेरि यिनै देवालय बढाई बनायाका असम्भव हुनाले सिद्ध गर्न नसकी जगन्नाथमा आगम राख्न बनाई ललितपुर गाबाहाल विर्जरानन्दोपाध्यायलाई पुजारी गराई जगन्नाथका पुजारी पनि यिनैलाइ गरूला भनी नाम गराई राखिदिया । यी आगम देवता ललितपुरका पुलचोकका पूर्वपट्टिका कटामा राख्याका अझतक छंदैछन् ।

फेरि श्री पशुपतिनाथका कवच जीर्णोद्धार गरिदिया । श्री बज्रयोगिनी, श्री गुह्येश्वरी, चांगुनारायण, दक्षिणकाली, तीन शहरका तीन तलेजु, देगुतले २, लुमडी आदि देव

देवतामा गुजराती बाजा राखी महापूजा सदावर्त अनेक गुठी राखिदिया । ठाउं ठाउं कनेक गुठी राखिदिया ।

फेरि अनेक तन्त्र विचार गरी दर्वारमा अघि अघि काल भैरव आदि थापना गरिराख्याका थामी आफूले पनि ठूलो भैरवको मूर्ति बनाई बसाया । गुठी राखी इन्द्रजात्रा-भरमा खोलन्या रीत गरी चलाया ।

फेरि ठूलो घण्ट बनाई दर्वारका अगाडि ग्रह, मातृकाका थान प्रकाश गरी मूर्ति बनाई बसाया । यी ग्रह मातृकाका मूर्ति बसाउंदा यिनी योगिनीहरू उग्र भया र यिनीहरू मान्न निमित्त गाबाहालका श्रीकण्ठ उपाध्यायसित सल्लाह गरी सेठी सती भैरव थापना गरी बलिदान चलाई शान्त गराई दुनियां रक्षा गर्दा भया ।

यस्ता विवेकी धर्मात्मा राजा हुनाले कोही दुर्जनले यी राजाको धर्म नष्ट गर्ना निमित्त मिश्र तिरहुतिया ब्राह्मणका पुत्री ल्याई रानी गरी राख्दा यिनका गर्भदेखि दैवका योगले पुत्र उत्पत्ति भया र शास्त्र हेरी लक्षण ठहराई गीर्वाणयुद्धविक्रम नाम राखी अठाह्र महीनाका बालखकन टीकाका दिन राज्याभिषेक गरी आफूले गादी छोडी पर सरी पूर्णानन्द स्वामी कहलाई ओटु टोलका दिव्यकर भट्टसित पूर्णाभिषेक दी कान्तिपुरका राजधानी छाडी देवपाटनमा बस्न गई ६ प्रकारका बगैंचा बनाई पशुपतिनाथकन चढाया । बगैंचा बनाउंदा वेलामा प्रजा-हरूका घर ३२ उजाड भया र प्रजाहरूकन चित्त बुझाया । यहांपछि ब्राह्मणी गमन पापका दुर्बुद्धिले क्यै चित्त छोडी यी देवपाटन बस्दा सांढेहरू जुधाई तमाशा आफूमै गर्नु हुन्थ्यो । यहां राज हुंदा बांदरले धेरै दुःख दिया र ती बांदरहरू बन्दूकले हानी मारी धेरै खर्च गरिदिया ।

स्वामी बडा सुन्दर रागी मूर्ति ३ महीना देवपाटनमा बसी त्यहांबाट ललितपुरका दर्वारमा बस्न जांदा भया । ललितपुरमा बस्दा यिनै गीर्वाणयुद्धविक्रम शाहका मुमाज्यू-कन बडा रोगले पीडा गर्दा कोही एक जनाले कालपुरुष जगाई दान गर्नुपर्ला भन्यो र कालपुरुष जगाउन्या कर्म राज-पुरोहितसङ्ग स्वामीबाट सोद्धा यिनीहरूले सक्यानन् र ललितपुर गाबाहालका श्री कण्ठनन्दोपाध्यायकन बोलाई अघि देखि यिनका परम्पराका रीत जान्या तिमी हौ त्यो कालपुरुष तिमीले जगाउनुपर्छ भन्ने हुकुम भै अह्राया र श्रीकण्ठनन्दोपाध्यायले पनि हवस् भनी आफ्ना भाइ अमृता-नन्दोपाध्यायलाई सिकाई प्रतिष्ठा गराया र श्रीकण्ठ नन्दोपाध्यायले आफ्नू मन्त्रका बलले ४ दिनमा जगाइदिया र स्वामीज्यूबाट कालपुरुष जाग्याको नजर गरी सर्दार इन्द्रवीर बस्नेत पठाई प्रतिष्ठा भयो भनी थामी दक्षिणी १ ल्याई कालपुरुष दान दिया र दान लिने बित्तिकै सो भट्ट अङ्गारले घसेझैं कालो उत्तिखेरै भै गया । कालपुरुष पनि लोटाउन सक्यानन् । फेरि भट्टको गुरु आइपुग्या । वैष्णवी पीठमा लगी आफ्ना मन्त्रका बलले बसेका ४ दिनमा कालपुरुषकन लोटाई आफ्ना बलले आफ्ना शिष्यकन बचाया । स्वामीले कालपुरुषकन जगायाको देखी श्रीकन्ठ-नन्दोपाध्यायलाई अघि श्री पृथ्वीनारायण शाह प्रवेश हुंदा हरण भै रह्याको कीर्तिपुरका बिर्ता ३ खेत फर्काइबक्स्यो । फेरि ललितपुरका तलेजु पनि यिनका पुस्ता प्रतिष्ठा गरिराखेका श्री पृथ्वीनारायण शाह प्रवेश हुंदाखेखि राख्याका परापूर्वदेखि यिनीहरूका हुन् भनी १८५५ साल भाद्र वदी ८ रोजका दिन फोइबक्सनुभयो ।

यहाँ पछि दामोदर काजीले २ हुकुम मान्नु सक्तिन भनी गीर्वाणयुद्धविक्रम शाहपट्टि लागी स्वामीका हुकुम नमानी काम चलाउँदा स्वामीबाट आफ्ना पुत्र गीर्वाण-युद्धविक्रम शाहपट्टिका सबैलाई नुवाकोट धपाई सबै भारदारसित विरोध गरी तलेजु आदि सबै देवतालाई गुहुका धूप हाली तोडी वैद्यहरू सबै मारी कान्तिपुरका तलेजु देवीकन कसाही बाजाका हाडबाजा बजाउन लगाई मुर्दा लग्याको नक्शा गरी आचारहरू सबै रोआई करवीर मसानमा लगी नाइके अचारले आगो हलाई पोलिदी नर्क-कुण्डमा हालिदी फेरि भक्तपुरका वेताललाई पनि बंचराले चिँरीकन नर्ककुण्डमा हालिदिया । यस्ता उपद्रव गर्दा फेरि यसै सालमा कुंभेश्वरीका लिंगमा खटिरा आयो र विनती गर्न जांदा नर्क लेप गरी पूजा गरिदिया । फेरि प्रजाहरू सबै जम्मा गरी सिपाही तुल्याई पुत्रसित विरोध गरी ३ शहरका जनहरू त्राहि-त्राहि भया । दामोदर पाँडे काजीले रणबहादुर शाह स्वामी बहुलाया, नेल हाल्नुपर्‍यो भन्या सल्लाह गर्‍याको सुनी आफ्ना नेवार प्रजा सिपाहीकन पकनाजोलमा पुगिरह्या । आफ्ना पाप निमित्त दामोदर काजीका डरले वाराणसी (काशी) मा प्राप्त हुंदा भया ।

स्वामी काशीमा रहँदा वेलामा माहिला महारानीले हुकुम चलायिन् । कुंभेश्वरमा पूजा बन्द भयाको महारानीले चाल पाई प्रायश्चित गराई पूजा चलाइदियिन् । बन्द भै रह्याको खोली हेर्दा खटिरा आइरह्यो । यो निको तुल्याउन नसक्दा गाबहालका श्री कंठोपाध्यायले विचार गरी हेर्दा

इलाज बनाइदिया र दिनको दिन निको हुंदै गै निको भयाको सम्बत ९२० सालमा हो । सो अद्यापि छंदैछ ।

फेरि माहिला महारानीबाट हुकुम चलाउँदा नन्दि-केश्वर जगाई तलाउ, धर्मशाला, चौतरा बनाई ३ छप्परको ठूलो देवालय बनाई नित्यार्चन सदावर्त राखि-दियिन् । फेरि गोरखनाथ आदि सबै देवता धेरैका स्थानमा ठूला ठूला घंट बनाई चढायिन् ।

यिनै सालका वर्षामा कीर्तिमान काजीले चौतरिया, काजी सर्दारदेखि घांसी, चिरुवादार पौवालीको पजनी गऱ्या र दुष्टजनहरूले नसही निज काजी कीर्तिमानकन दर्वारभित्र मारिदिया र रानी कोप भै दुष्टजन खोजी पकडी यमलोक पठाइदियिन् ।

यस्तो धूम मचियो र स्वामी रणबहादुर शाह काशीमा ५ वर्ष बसी फेरि नेपाल आई दामोदर काजी पाँडेले यी बहुलाकन नेल हाली ल्याऊँ भनी चाँदीका नेल बोकाई लगेका चाल पाई थानकोटमा फेला पारी त्यहींदेखि दामोदर पांडे काजीकन कम्पनीका घेरा राखी ल्याई कान्तिपुर पुग्दा पछि आफ्ना रिपुकन अघिको रीस सम्झी मारिदिया । फेरि नाना तरहको सवाल गरी मूल मार्ग बन्धन गरी अनेक खेत जाँची नयाँ पोता तुल्याई द्रव्य असूल गरी भरभुलुक कंप गराई आफ्ना मुलुकभरमा ब्राह्मणहरूको वितर्ा किनुवा खेत पनि जफती गऱ्या । भरनेपालका देव देबताका गुठी पनि जफ्ती गरिदिया ।

फेरि शीतला कारण गरी बालकहरू सबै वनवास गराया । ललितपुर गाबाहालका नीलकण्ठ नंदोपाध्यायले पचली भैरवका स्थानमा पुरश्चरण गराई ठूलो सांग्य गराई कांगडासम्म मुलुक जिती हुकुम चलाया । फेरि कांगडाका राजा संसारचन्दकन धक्का गरी राजा भगाई चंचलचित्त भैरहंदा वेलामा भैमालमा सबै दुनियाँ ब्राह्मण-हरू आई कर जोरी विनती गरी सलूक गऱ्या-हे महाराज ! न विषं विषमित्याहुर्ब्रह्मस्वं विषमुच्यते । विषमेकाकिनं हन्ति ब्रह्मस्वं पुत्रपौत्रकम्-भनी विनती गर्दा पनि विनती लागेन ।

यी राजाले सुनका असर्फीका टक मारी भरमुलुकमा चलाइदिया ।

काँगडासम्म हुकुम चलायाका कुमंत्रीले पश्चिममा धेरै राज्य घटाइदिया ।

कान्तिपुरका शहरविषे एक दिन अकम्मात् जंबू १ दक्षिण दिशाका ढोकाबाट आई मुलुक बजारबाट बडो बेगले दौडी सबै दुनियाकन देखाई हाहाकार गराई उत्तर दिशाका ढोकाबाट आफ्ना थानमा गयो । 'इदं कुराज्यविषये' नेपाल संवत् ९२६ साल वैशाख शुक्ल षष्ठीपर सप्तमी शनिश्चरवार महाभयंकर रात्रि । श्लोकेन किंचित् उक्त्वा-अयं रघुराजः अर्ज्याल लेफ्टेन द्विजेन चातुर्यं कृतं, सुकृतम्-ब्रह्मस्वहरणं, ब्राह्मणीगमनं, सर्वेषां जनानाम् वास उन्मूलीकरणम्, मूलमार्गबंधनं, नाना देवता भ्रष्टकरणं, देवस्वहरणं, अगम्यागमनं कुल-विषये कनिष्ठ भ्राता शेरबहादुर शाह दुष्टेन गोर्खा-धिपति राज्यकरं तरबारप्रहारेण रणवहादुर शाहः शून्यं कृतम् । यस रात्रिभरमा धेरै भारदार दूध खाने बालक समेत दर्वारभित्र खर्च गरिदिया । गोर्खाधिपतिः पूर्णत चक्रवर्ती, सम्मान्य सेनापति भीमसेन प्रियानुजेन ? पनि समाया । 'बलीयसी केवलमीश्वरेच्छा' ।

अस्य पुत्र गीर्वाण युद्धविक्रम शाह । रणवहादुर शाह स्वर्ग भयाका दिन श्री मछिन्द्रनाथ सुनधारामा पुऱ्यायाका रहेछन् । सुध्याई नभयासम्म रथ त्यहीं थामी सुध्याई सकेपछि विधिक्रमले गरी रथजात्रा चलाया ।

यी गीर्वाणयुद्ध राजा बडा शान्त मूर्ति हुनाले स्वामीजी-बाट वनवास गराइदियाका बालखहरू सबै आफ्ना आफ्ना घर बोलाई राखिदिया ।

यी राजा बडा समदृष्टि, दयावन्त, वैष्णव धर्म प्रबल ब्राह्मणहरूकन मान्या भया । शास्त्र, वेद, पुराणहरू सुन्दा १ हिमवत्खण्डमा नेपालको ठूलो महिमा आया र वाराहपुराणमा विचार गर्दा नेपालभरको मुलुक, वागमतीबराबरको नदी, श्री पशुपतिजस्तो लिंग, गुह्येश्वरी जस्तो पीठ, शंखमूल बराबरको तीर्थ, पृथिवीमण्डलविषे अरू छैन भनी ठहराई शिवरात्रिका दिन व्रत गरी पशुपतिनाथका दक्षिण दर्वाजा गै देवपाटनका सर्व रकम संकल्प गरी पशुपतिनाथलाई चढाया । यी राजाले देवता-कन बलिदान दी सोबाहेक अरू जप, ध्यान गर्दै खसी आदि मार हानी खान दर्वारभित्र माकुम गरिदिंदा पनि खसहरूले पनि राजाको हुकुम नमानी खांदै गऱ्या । गुलेलीले भंगेरा परेवा नहान्नु भनी माकुम गर्दा पनि खसहरूले मिची गुलेली हान्न छोडेनन् र राजाले चाल पाई कायल गरी गुलेलीले हान्यालाई गुलेली भांची उठ्न नसक्ने गरी खांद भनी खांद्ने गर्दा यी राजाको पालाभर

परेवा, भंगेरा मार्ने माकुम भया ।

यी राजा शान्त मूर्ति हुनाले शीतलाको कारण गरी दर्वारभित्र प्रवेश भै सात रोजका दिन शून्य पदवीमा गया । यी राजा आर्यातीर्थ पुगी नेपाल सम्वत् ९३८ साल मार्ग सुदी १ रोज ७ का दिन शून्य पदवीमा गया ।

अस्य पुत्र राजेन्द्रविक्रम शाह । यी राजाले भीमसेन थापालाई भर मुलुक रक्षक जनरल नाम गरी राख्या । यी राजाले टुंडीखेलमा लामपाटी बनाइदिया । मज्ज-देवलमा ठूलो कोट बनाई कम्पु नाम राखी धेरै सिपाही फौज तुल्याई बदूक भण्डार क्रम गरी बसाया ।

नेपाल सम्वत् ९३८ साल वैशाख महीनामा मच्छिन्द्र-नाथका यात्रा गर्दा रथमा बस्याका मच्छिन्द्रनाथका मुख सबै फुटी चाउरी परिगयो । मच्छिन्द्रनाथ बुगमती लग्याको ५ दिन जेष्ठ शुक्ल १० शनिश्चरवारका तेस्रा प्रहरमा बडो उत्पात भूमिकम्प भै २१ पलासम्म भैगयो र धेरै घरबार देवालय असंख्य भत्की धेरै जीवजन्तु नाश भै गया ।

यसै सालमा दशैंलाई ल्यायाका बोका, राँगा भेडा पनि झुली धेरै मरिगया ।

काली गण्डकीमा पहिरो आई २ महीनासम्म थुनियो र तलतिर असंख्या भांडाबर्तन गहना पाइयो । २ महीना त्यस्तो भएपछि आफै खोलिई गयिन् ।

यिनै साल यमपञ्चक प्रारम्भ भयाका रात्रिमा अहोरात्र १७ पल्ट भूमिकम्प भै १ महीनासम्म पनि अलि अलि गरी दिनको ७।८ रात्रिमा ७।८ फेरा भूमिकम्प भै गया ।

यिनै राजाले दुनियाँ रक्षानिमित्त धेरै धन धर्म गरि-दिया । नेपालको उपद्रव शान्त भै गया ।

फेरि यिनै राजाले श्री पशुपतिनाथ, श्री गुह्येश्वरीका प्रथम दर्शन गर्न जांदा अघि नभयाको दिन प्रति १।१ रुपैयां चढायाको रीत अझतक चलेको छंदैछ ।

यिनै राजाका पालामा महावारुणी जोग पर्दा लोक-रक्षा निमित्त धेरै धर्म कर्म दान गरिदिया ।

फेरि यिनै राजाका पालामा जेनरल भीमसेन थापाले राजा बक्साई टुंडीखेलमा भीम भक्तेश्वर नाम वाणलिंग प्रतिष्ठा गरी अनौठा तरहको देवालय बनाई सुनको गजूर चढाई नाना तरहको सुन्दर बगैचा बनाई सुन्दर धर्मशाला बनाई सुनधारा सुन्दर तुल्याई धरहरा बनाई अति मनोहर अति रमणीय स्थल बनाई बाग नाम राखी चलाया ।

फेरि गोकर्णेश्वरमा पूल, घाट धर्मशाला बनाया ।

फेरि स्वामीका रानी त्रिपुरसुन्दरी देवीले गोकर्णेश्वरका देवालयमा तीन छप्परका छानामा माथिल्ला छाना सुनको बनाइदियिन् । फेरि यिनै राजाले बागमतीका किनारमा त्रिपुरेश्वर नाम राखी शिव स्थापना गरी देवालय घाट बनाइदियिन् ।

जनरल भीमसेन थापाले राजा बक्साई पाटन जाने बागमतीको ठूलो पुल, छाउनी जाने विष्णुमतीको ठूलो पुल बनाइदिया ।

टुंडीखेल गणबहालमा निज जनरलका भतीजा कर्णेल माथवरसिंह थापा बडा कर्णेलले पनि लगन टोलमा जग्गा किनी सुन्दर घर बगैचा बनाई सदावर्त गुठी राखी दिया। यिनले पनि सीपामा रणवीरेश्वर नाम गरी बाण लिङ्ग स्थापना गरी देवालय बनाइदिया । फटिकको गजूर पनि राखिदियाको छ । बडा बांका धर्मी हुन् । यिनले धेरै धर्म कर्म तीर्थ व्रत गरेका हुन् ।

जेनरल भीमसेन थापाले वोर्लाङमा फलामे सांघु र चुंकोटमा पनि ठूलो सांघु, घाट बनाई भीम भक्तेश्वर नाम राखी बाण लिङ्ग स्थापना गरी पत्थरका देवालय बनाई चौघडा समेत धेरै धर्मशाला बनाइदिया ।

कर्णेल उजीरसिंह थापाले १४ वर्षका उमेरमा अंग्रेज-सङ्ग बडो लडाई गरी अंग्रेजलाई जिती, जीतागडी भन्ने नाम राखी आयाको गढी अझतक छंदैछ । निज कर्णेल उजीरसिंह थापा १७ वर्षका उमेरमा नेपाल आई श्री पशुपति आर्याघाट पाई शून्य पदवीमा गया र निजका मुखेनी २ जना सती जांदा निज सतीहरूले छरी गयाको रुपैयां १,२५,००० भयो । यी उजीरसिंह थापा बहुत बांका शूरा जमामर्द बुद्धिमान् हुनाले सबैले निजलाई बुद्धिमान् ठहरायाका थिया ।

फेरि अंग्रेजसित पर्साका लडाईमा घा गरी भित्र घा बांधी १८७२ सालदेखि नेपालमा अंग्रेज बोलाइ ठमेलमा राख्या ।

यिनै राजाले सुवर्णका सिंह खम्बायुक्त गरी श्री गुह्येश्वरीमा चढाया । मोहनचोक पुरानु भयाकोले रंग-महल गरी यथाक्रमले बनाया । फेरि श्री पशुपतिनाथका प्रतिमुखारविन्दमा छत्र बनाई चढाया । आफ्ना भरमुलुकका ब्राह्मणहरूकन झारा, बेठ बेगार माफ गरिदिया ।

सम्वत् १८४९ साल पौष शुक्ल ११ का दिन सबै बगैंचाका सुन्ताला जम्मा गरी एकै दिन १,२५,००० पुऱ्याई श्री पशुपतिनाथकन मुखारविन्दमात्र बांकी राखी भित्र खण्ड देवालय छोपिगयो । श्री पशुपतिमा र श्री गुह्येश्वरीमा आम्रात फल, स्थूल मेहेल फल आदि अनेक फलफूलहरू बारंबार चढाउंदै गर्थ्या ।

यिनै राजाका पालामा सम्वत् १८५० सालमा क्षय मास भै पौष मास क्षय भैगयो र पौष मास हुनलाई आश्विनमासमा दसहीं कर्म चलाया । यसै क्षय मासका फलले नेपालवासी मनुष्य जाति, छोडा बडा पशु पन्छी, जलवासी मत्स्य जन्तु धेरै मरिगया ।

यहांपछि यी राजाको वर्ष १८, चौतरियाको वर्ष ३८ जनरल भीमसेन थापाको वर्ष ५८, यस्तो अष्टाङ्ग संख्या मिल्दा विशूची नाम व्यथाले मन्त्री धेरै मनुष्य मरण भै गया र नेपालेश्वरी वत्सला देवीमा ब्राह्मणहरूले पुरश्चरण शान्ति गराउंदा देवीले शान्ति गराइदियिन् ।

फेरि यिनै वत्सला देवीको जात्रा हुन्या दिनदेखि ४ दिन अधिका एकादशीका दिन श्री स्वामिनी बडा महारानी स्वर्ग भयिन् र परंपराका रीत विचार गरी वत्सलेश्वरीका जात्रा चलाइदिया । अरू अरू पीठको जात्रा भएन । फेरि सुध्याई सकेपछि ५ दिन बिताएर चैत्र सुदी १४ का दिन जात्रा चलाया ।

यी राजाका नुवाकोट र ठवहिलमा गारुदखानामा वज्रपात भै जली गयो ।

फेरि सम्वत् १८५३ साल अधिक भाद्र सुदी १२ रोज सोमवार आषाढा नक्षत्रका दिन संध्याकालदेखि भूमिकम्प प्रारम्भ भै अहोरात्र भरमा ४२ फेरा उत्पात भयो । मच्छिन्द्रनाथ, जगन्नाथको देवालय भत्किगयो । श्री पशुपति, श्री गुह्येश्वरी, ललितपुरकी श्री चण्डेश्वरी, श्री पूर्णचण्डी, श्री मीननाथका देवालयको घण्ट पनि हल्लेन । यो भूमिकम्प उत्तर कुतीसम्म, पूर्व विजयपुर-सम्म, पश्चिम गोर्खासम्म, दक्षिण मकवानपुरसम्ममात्र भयो । यी भूमिकम्पले ललितपुर क्वाछे बाहालका कौमारीका देवालय भत्की देवालयले कौमारी थिची आंगभरि घाउ पाकी भूमिकम्प भयाका २१ दिनपछि कौमारी गयिन् । कुमारी सरह कलश १ राखी कौमारीका मुकुट गहना कलशमा राखी काम चलाई दशैंमा सोही तुल्याइ-दिया । यस्तो उपद्रव श्यामसिंह राजाका पालामा भै गयाको थियो । सो अब यस सालमा पनि भयो । यिनै राजाका पालामा पचली भैरवका आगम कुम्भ जीर्ण भया र सुवर्णको नयां बनाइदिया ।

यी राजा ब्राह्मण पण्डितका सम्मान गरी शास्त्र-बमोजिम गर्न्या हुन्

फेरि यिनै राजाका पालामा सम्वत् १८५५ साल आश्विन शुक्ल पूर्णिमाका रात्रिविषे ठूलो पानी परी द्वितीया दिन टीकाभैरव बगाई लगी बागमतीका पुल पनि ढल्कन तयार भयाको चोभारका नागले थामी निज नागले आसन गरी राख्याको पत्थर आधा पारी खेतमा राख्याको कुन्यू धेरै बगाई लग्यो । पहाड पनि धेरै पहिरो गई बगाई लगे । प्रभावती, विष्णुमती, रुद्रमती, चक्रमती, भानुमती आदि सबै खोलाबाट माथि गई असरङ्गीका (?) नागले धेरै जग्गा बिगारिदिया । बागमतीका नागले शङ्खमूलदेखि माथि जान दियानन् । शङ्खमूलदेखि माथि-तिर बागमतीतिर केही सक्यानन् ।

फेरि यस वर्षदेखि ४ वर्षपछि दशैंमा ठूलो पानी परी अधिकै जस्तो उपद्रव गरी टीकाभैरव बगाई लग्यो ।

सम्वत् १८५८ सालमा शङ्खमूलका कोटेश्वर लिङ्ग १० घडी दिन चढ्दा १० पलासम्म हल्लिरहेको सबै दुनियांले देखी आश्चर्य मानी राजासङ्ग विनती गर्न जांदा राजाबाट केही हुकुम भएन । उसका १० दिनपछि यी राजाका कान्छा साहेबज्यूकन पाटनका भाजुमान वैद्यले इलाज चढाउंदा इलाजमा विष पारी सो विष परेको इलाज परी २।४ घडीमा यी कान्छा साहेबज्यू शून्य पदवीमा गया । सबै कारणको तत्व बुझी निज भाजुमान वैद्यलाई बडो सासना गरी वैद्यका परिवारसमेत सासना गर्दा भीमसेन थापाले र एकदेउ वैद्यले दियाका इलाज चढाउनू भनी अह्राया र मैले चढायाको हो भनी पोलिदिया र भीमसेन थापाका परिवार गोतियारसमेतलाई नेल हाली बन्धनमा राखी तिनीहरूको सर्वस्व सर्कार दाखिला गराया । फेरि भाजुमान वैद्यलाई चारपाटे मुडी पठाया । यस्तो

गर्दा पनि जनरल भीमसेन थापा एकदेउ वैद्य कायल नहुंदा एकदेउ वैद्यका भाई एकसूर्य वैद्यले केही औषधि बनाई श्री जेठा बडामहारानी साम्राज्यलक्ष्मीकन चढाउंदा महारानीका मनमा शङ्का परी कोही एक भारदारकन औषधी खुवाई हेर्दा मरिगया र श्री जेठा महारानी कोप भै वैद्यको २ भाईकन धेरै सासना गरी नेल हाली सबै जातको नर्क राखी टुंडीखेलमा नर्ककुण्ड बनाई सोही नर्ककुण्डमा डुबाई दिनप्रति यस्तो सासना गरी हिलम्बु पठाइदिया । अघिल्ला सालमा मारिदियाको भाजुमान वैद्यको परिवार सबैकन नाक काटी छाडिदिया । छोरा भतीजाहरूलाई कैदखानामा राखी सुताई पाखीले छोपी छातीमा मक्कल राखी खोर्सानीको धुआं खुवाई २०।२५ दिनसम्म यस्तै सासना गराया । यहींबाट भागी जाउंला पोखरीमा फाल हालो मऱ्या ।

भीमसेन थापा जनरलका परिबारहरू सबैको मत्तो एकै–एकै हो भनी फेरि नेल हाली बंघनमा राखिदिया । आज टुंडिखेलमा गैह्र पल्टन बोलाई तिम्री कान्छी मुखेनीलाई भंडारा दिन लागे भनी राजा–रानीबाट हुकुम भयाको कुरा कुलराज पांडे दलबहादुर पांडेले भीमसेन थापालाई सुनाउँदा भीमसेन थापा जनरल आफ्ना गला आफैले रेटी मरिगया । यी थापा मऱ्याका ३ महीनापछि कुमारी चोकका सभामा बसिरह्याका विचारी गुणकर्ण उपाध्यायलाई झगडिया बोलाई कोटीलिंगका कृष्णेश्वर उपाध्यायलाई कुखुरीले हानी मारिदिया । यस्ता उपद्रप सबै भैगया र यिनै राजाले विचार गरी शान्ति स्वस्ति गरी भिमसेन थापाका सबै परिवारकन छाडिदिया ।

सम्वत् १८५५ साल आषाढ सुदी २ शुक्रवार रात्रिका १२।१३ घडी जांदा ठूलो पानी पर्ररह्या वेलामा श्री हरिसिद्धि माईका गजूर टुप्पामा आगो ज्याला जस्तो तेजको ज्योति बत्ती १।२ घडी रह्याको हो । आदि च्यामुल्माले देखाई त्यस दिनदेखि ९ दिनपछि आषाढ शुक्ल शनिश्चरवारका दिन भीमसेन थाया जनरलले गला सेरे । उसका १० दिनपछि श्रावण कृष्ण तृतीया सोमबारका दिन ६।७ घडी बांकी छंदा भीमसेन थापा मरिगया । यिनै थापा मर्ने २ दिन अघिदेखि २ दिनपछि-सम्म दिनमा ताराको दर्शन भैगयो ।

फेरि यी राजाका पालामा महावीर कुलदीप भयाका सुब्बा कुलानन्द झाले राजा बक्साई श्री पशुपतिनाथकन पश्चिम, उत्तर, दखिन बाहिर खंडमा नवसंख्या चांदीका दर्वाजा बनादिइयाको सम्बत् १८९१ साल माघ सुदी १० रोजमा लोकमा धन्य कहलाया ।

फेरि यी राजाले कौनै अरू राजाले नजान्याको नेपालका वृद्ध वृद्धा बोलाई राजाका हजूरमा हनूमानढोकामा राखी यथाक्रमले भोज गराई वस्त्र दक्षिणा दीकन यी राजाले वृद्ध वृद्धाको असंख्या आशीर्वाद लिया । वृद्धा–वृद्धको वर्ष संख्या ७० देखि १०० वर्षसम्मका स्त्रीपुरुष जम्मा हुन आया, श्रावण संक्रान्तिका दिनमा ।

फेरि यी राजाले आर्यघाटमा जीर्णोद्धार गरी सतल-समेत बनाया । सम्बत् १८९७ साल चैत्र शुक्ल अष्टमी, वृहस्पतिवारका दिन काठमाडौंका सेता मच्छिन्द्रनाथ रथमा राखी जात्रा गरी ल्याउँदा रानीपोखरीका पूर्वपट्टिका बाटोमा रथ पुग्दा रथका मैमनि खस्या । पूर्णिमाका दिन ठूलो बतास आई नुवाकोटका भैरवको सुनको छानाको सुनको पाता दुवैपट्टिका समेत बतासले उडाई लगी ६।७ पाता उडाई असौ बारीसम्म पुऱ्याया । वैशाख शुक्ल तृतीया सोमबारका दिन सुरेन्द्रविक्रम शाहका विवाह गर्न कान्तिपुरदेखि साइत गरी बालाज्यू पुगी जन्ती पर्सन तयार भयाको वेलामा ठूलो बतास आई ठूला ठूला असीना पानी परी धूमधाम भयो । यसै बतासले ललितपुरका दिगुतलेका छाना ५।६ सुनका पाता उडाई भंडारखालसम्म लग्यो । फेरि खास्ती चैत्य पूर्व र दक्षिण दुइपट्टि उखेली खसालिदियो । वैशाख शुक्ल ७ शुक्रवारका दिन मच्छिन्द्रनाथ सुनधारा पुगी पश्चिम मोहडा हुंदा पांग्रा फेराउँदा रथमाथिका नामोल (?) राख्याका काठ भांची खसी भैमा पर्न गया । मीननाथको पनि रंग उडिगया । श्री सुरेन्द्रविक्रम शाहका विवाहका दिन बालाज्यूदेखि महामारी प्रवेश भै कसै कसैको कपाल दुःखी कोही मुटु खायो भन्दै कोहीले झाडा बांता गरी कोही हिड्दा वाक्–वाक् गर्दै मरिगया । सो बखत कान्तिपुर शहरमा दिनको १०० सम्म मरिगया ।

भीमसेन थापा जनरलले आफ्नो गलामा आफैले सेरी मऱ्यापछि पांडेहरूले मुखत्यारी चलाउनलाई, कहिले रणजंग पांडेले पाउन लाग्या, कहिले अरूले पाउनन् भनी वर्ष दिनसम्म रहंदा यिनै पांडेहरूले नपाउँदा जेठा गुरुज्यू रंगनाथ पंडितले ९६।९७ सालमा मुखत्यारी काम चलाया । संवत् १८९७ सालमा पल्टन गैह्र सिपाहीहरूको खान्गीमा रैबन्दी गर्नु भनी यिनै पांडे र गुरुज्यूहरूको कौशल हुंदा अघि भिमसेन थापाबाट बांधियाको खानगीमा रैबन्दी गऱ्या,

यिनै भारदारहरूलाई नमारी छोड्न्या छैन भनी सिपाही ८००० पल्टन गैह्रले एकै मतो बांधी टुंडीखेलमा गैह्र पल्टन शामेल भै बसिरहेका थिया । त्यस बखतमा २ रात २ दिनसम्म पानी परी अधोर झरी लाग्यो र २ रात र दिन त्यहीं बसी उसको भोलिपल्ट गैह्र सिपाही-हरूले बांधी पहिले लैनमा गै अंग्रेजलाई मारी यहाँपछि भाइ–भारदारहरूका घरघरमै गै मार्हला भनी लैनमा जाइलाग्दा अंग्रेजले अघिबाटै थाहा पाई ब्रमंडीका हुलमा थानामा भागी लुकी रह्यो र लैनमा अंग्रेजलाई धपाई त्यहाँबाट फर्की नारायणहिटी चौतरिया पुष्कर शाहका घरमा लूटपीट गरी झ्याल ढोका फोरी बिछ्यौनामा आगो सल्काई त्यहाँबाट फर्की शहरमा आई कुलराज पांडे, रणजंग पांडे, रंगनाथ गुरूज्यूका घरमा र अरू भाई–भारदारका १०–१५ घरमा झ्याल–ढोका फोरी मालमत्ता झ्यालबाट फाली दोसल्ला तेल–घिउमा डुबाई आगो लाई अरू धेरै नै नोक्सानी गर्दा यिनै भारदार, यिनका मुखेनी छोरा छोरी चाकर बाकरहरू कोही झ्याल-बाट कोही छानाबाट फाल हाली भागी गै लुकि रह्याका थिया । यस्तो धूमधाम भैसकेपछि फेरि गैह्र सिपाही टुंडिखेलमा शामेल भै बसिरह्याका थिया । उसका भोलि-पल्ट श्री ६ महाराजाधिराज राजेन्द्रविक्रम शाहबाट हात्तीमा चढी टुंडीखेलमा सवारी भै गैह्र पल्टनका सिपाहीहरूलाई सुनाया–तिमीहरूको खानगी अघि जेनरल भीमसेन थापाले जसो बांधेको छ सोहीबमोजिम तिमी-हरूलाई छंदैछ । यसमा रैबन्दी हुंदैन सनदको लालमोहर यही हो भनी आफ्ना बाहुलीको पन्जाको छाप लगाई बाची सुनाउंदा गैह्र पल्टनले पछि लागी राजालाई दर्बारमा सवारी भिज्याई कोट कोटमा बन्दूक राखी आफ्ना घर घर गया ।

फेरि १८९८ सालमा मुक्तियारी चौतरिया फत्तेजङ्ग शाहले पायापछि श्री ५ महाराजा राजेन्द्रविक्रम शाहका दुइवटी रानी मध्ये साम्राज्य लक्ष्मी देवी शून्य पदवीमा गै गोर्खाभर राज्यमा दुनियांहरूलाई वर्ष दिन वर्षी बार्न लाया ।

उसै सालमा श्री ५ महाराजाधिराज राजेन्द्रविक्रम शाहले जङ्गबहादुरलाई लगन टोलका इनारमा फाल हाल भन्ने हुकुम भै फाल हाल्या । फेरि, त्रिशूली गङ्गामा पनि फाल हाल्न लगाया । २,४ हजार बक्स पाया । फेरि सर्दार मान पनि पाया ।

त्यहांपछि जेनरल भीमसेन थापालाई बेहुकुममा यिनै छुल्याहाहरूले ज्यान मराया भनी कुलराज पांडे १, करबीर पांडे २, रणजङ्ग पांडे ३, कनकसिंह महत ४, इन्द्रवीर बस्न्यात् ५, रणवम थापा ६, जनालाई नेल ठोकी छाउनी सिलखानामा लगी थुनी राख्याको थियो । लाहोरमा गयाका जङ्गी जेनरल माथवरसिंह थापालाई गोर्खा सरकार-बाट तिम्रा जेठा बाबा जनरल भीमसेन थापालाई नभयाका कुरा लगाई ज्यान मार्न्या छुल्याहाहरूलाई पनि यहां बन्दी-खानामा थुनिराख्याको छ, तिमीले पनि चांडै चांडै गरी आउनू भन्या बोलाहटको लालमोहर जांदा लाहोरका राजा रणजीत सिंहसंग बिदा भै सम्वत् १८९९ साल फाल्गुण महीनामा हात्ती, घोडा, ऊंट, जीव जन्तु र शालदुशाला ताश किनखाफ जात जातका बिरुवा, चरा, सारस, मुजूर इत्यादि मजबूत सौगात ल्याया । नेपालभरका छोटा बडा लोग्न्या स्वास्नी सबैले बुगमतीदेखि शहरसम्म दोहरा बसी तमाशा हेर्न गयाका थिया । निज माथवरसिंह थापाले हात्ती चढी ढाल तरवार भिरी गैह्र दुनियां छोटा बडालाई भला कुशल वार्ता गरी दर्बारमा पुगी श्री ५ महाराजाधिराज राजेन्द्रविक्रम शाहको दर्शन गरी धन्य धन्य माथवरसिंह थापा भनी कहलाई अघि सर्वस्व गर्न्याको पनि फिर्ता गराई पाया ।

*

त्यहांपछि मुख्तियारी काम चौतरिया फत्तेजङ्ग शाहलाई खोसी माथवरसिंह थापालाई प्रायमिस्टर (प्राइममिनिस्टर) नाउं राखिदिया । एकदेव वैद्यको र एकसूर्य वैद्यको पाटनका भाजुमान वैद्यको पनि सर्वस्व फिर्ता गरी आफ्ना नाम पदवी पनि पाया । यिनै जनरल भीमसेन थापालाई नभयाको हामीले कुरा लगाई ज्यान मराया को हो भन्या कायल गराई कुलराज पांडे १, रणजङ्ग पांडे २, करवीर पांडे ३, कनकसिंह महत ४, इन्द्रवीर बस्न्यात् ५, रणवम थापा ६ जनालाई सम्वत् १९०० साल वैशाख वदी ३० रोजका दिन विष्णुमती पारी भाचाखुसीमा लगी काटि-दिया । भोलिपल्टका दिन रणजङ्ग पांडे साह्रै विरामी भै असाध्य भयाका हुनाले झुत्रो १ पाखीमा राखी चारै-छेउ चारै जनालाई समात्न लगाई झ्याली पिटाई पुर्ने-श्वरमा फाल्न लगाया, उसै दिन मरिगया ।

यिनै सालमा छाउनो सिलखानाका घर भत्काई टुंडीखेल छाउनी घर बनाउनलाई राजालगायत भाइ भारदार सिपाही गैंह्रले ईट झिंगटी छाउनीबाट बोकी टुंडीखेलसम्म ओसार्न लगाया । फेरि योलघामा रणमुक्तेश्वर विष्णुमती

पारी भीमभुक्तेश्वरका शिवालय बगैंचा बनाई शिव स्थापना गरिदिया । सम्वत् १९०१ सालका मङ्सीर महीना मध्येसका तन्यानीमा पथरधट्टासम्म दर्वारका राजा रानी गैह्र अरू भैभारदार सिपाही जङ्गी, निजामती गैह्र सवारीका साथ जानू भन्या हुकुम भयाको थियो र सवारीमा पलटनका जमदार गङ्गासिंह, सिपाही जना १७ ले केही केही बोल्न लाग्या भनी वानादारहरू लगाई काटी मारिदिया । त्यहांबाट फाल्गुण महीनामा सवारी फिरी केही दिनमा माथवरसिंह थापा प्राय (प्राइम ?) मिनिस्टरले चलाया ।

१९०२ साल वैशाख सुदी ११ रोजका रात्रि घडी १२।१३ जांदा श्री ५ कान्छा बडामहारानीका गाथमा आराम भयान र चांडो आउनू भनी डाक्न पठाई हनूमान-ढोका पञ्चइयाल राजाका खोपीमा दोनाली बन्दूकले हानी मारिदिया । उसका भोलिपल्ट माथवरसिंह थापालाई सिपाहीले बोकाई पशुपति आर्यातीर्थमा लगी पोलिदिया ।

यिनै माथवरसिंह थापा मर्नु ४ दिनअघि सिम्भूका वनको रूख र पशुपतिका वनको रूख ठूलो बतास आई सडकमा रह्याको रूख ढलिदियो । तलेजूका देवलका सुनका छानाको पाता उडाई ४।५ पाता मखनटोलका गल्लीमा पुऱ्यायो

यिनै थापा मऱ्यापछि ४ जनरल गऱ्या—गगनसिंह १, अभियान सिंह राना २, जङ्गबहादुर कवर ३ जनालाई जनही ३।३ पल्टन तैनाथी गरी बांकी पल्टन गैह्र तैनाती गरी चौतरिया फत्तेजङ्ग शाहलाई मुख्तियारी गरी दी केही दिन चलाया . सो चलायाको १७ महिनापछि १९०३ साल आश्विन वदी १० रोजका रात्रि २।४ घडी चढ्दा जनरल गगनसिंहले राजा रानीको चाकरी गरी आफ्ना घर गै पूजा कोठामा सन्ध्या गर्न गयाकोलाई आंखेझ्याल-बाट बन्दूकले हानी अचकित्तो पाऱ्याको राजा रानीबाट थाहा पाई श्री ५ कान्छा बडामहारानी बहुतै कोप भै उत्तिनै खेरै उर्दी दी सबै भाइ भारदारहरूलाई कम्पूका कोतमा शामेल गराउनू भन्या भै शामेल गराई राख्याका थिया । त्यहांपछि गगनसिंहलाई बन्दूकले हानी मार्न्या पत्ता नलगाई तिमीहरू गैह्र भारदारहरूले जान हुंदैन भन्या राजा रानीबाट हुकुम भैसक्यापछि गैह्र भारदार-हरूको कौशल गरी रह्याका रातको ९।१० घडी बांकी छंदामा चौतरिया फत्तेजङ्ग शाह, जेनरल अभिमानसिंह राना, चौतरिया खड्गजङ्ग शाह, अरू अरू चौतरिया ७।८ जना र काजी, सरदार, मेजर, कप्तान, लप्टन सुब्बा-हरू गरी जम्मा जना ६६ लाई त्यसै कम्पुकोतका शिशामहलमात्र बाहिर गरी जङ्गबहादुरका ७ भाईले काटी बन्दूकले हानी मारिदिया । उसका भोलिपल्ट कोही पाटन जान्या बागमती पारी बाटामा, देवपाटन जाने धोवीखोलामा गरी २।३ जनालाई काटी मारिदिया । मुर्दा आफ्ना पल्टनका सिपाहीहरूले बोकी पशुपति आर्याघाटमा लगी पोलिदिया । सोही काटियाका भाइ भारदारको सर्वस्व ली स्वास्नी, छोरा छोरी, कमारा कमारीलाई मध्येसतर्फ धपाया । यस्तो धूमधाम भयापछि मुख्तियारी पदवी प्राइम मिनिस्टर नाउं राखी २ दिनपछि जङ्गबहादुरले पाया ।

सोही साल कार्तिक महीनामा फेरि यिनै जङ्गबहादुर-लाई दगा दी मारूं भन्या भै श्री ५ कान्छा बडामहारानीबाट हुकुम दी दर्वारभित्र नङ्गी तरवार ली ठाउं ठाउंमा लुकि-रह्याका थिया । सो मार्न्या खबर अघिबाटै थाहा पाई आफ्ना ७ भाइ भारदार आठपहरियाहरूले कसैले बन्दूक, कसैले खुकुरी, कसैले गोली भऱ्याका बन्दूक, नङ्गा तरवार ली दर्वार जांदा यङ्गाल टोल नवहील गणेशथान बम्बा-हालका बाटोनेर काजी वीरध्वज घोडा चढी डाक्न आयाकालाई भेट्टाई त्यहीं बन्दूकले हानी धीरशमशेरले मारिदिया । त्यहांबाट पनि दर्वारभित्र पसी पल्टनका सिपाहीहरूले दर्वारबाहिर घेरा दिन लगाई आफूहरूलाई दगा दी मारूंला भन्या जति काजी, सर्दार, कप्तान, सुब्बाहरू जना १७ लाई बन्दूकले यही दर्वारभित्र खुकुरी तरवारले हानी मारिदिया ।

त्यहांपछि मंसीर महीनामा श्री ५ बडामहारानी र सार्हिला साहेबज्यूहरूलाई अंशवण्डाको भनी १३ लाख रुपैयां ली काशी बस्न पठाया । उसका केही दिनपछि श्री ५ महाराजाधिराज राजेन्द्रविक्रम शाह पनि काशी बनारसतर्फ सवारी भयो । त्यहीं बनारसमा २।३ महीना राज भै नेपालतर्फ आउनलाई फिरिबक्सिंदा अलौमा आइपुग्दा भगुवा भारदारहरूको कुरा सुनी जङ्गबहादुरलाई दगा दी मारी आउनू भर्ना बराबर लालमोहरको सनद दी मानिस पठाउंदा बदमाश उल्लू भनी समाती कसैलाई काटिदिया, कसैलाई झुण्ड्याई मारिदिया, कसैलाई पल्टनका किल्लामा छाडी खबर पाया र काजी ब्रमबहादुर राणालाई अख्तियार गरी २ पलटन खटाई पठाउंदा अलौमा रह्याका भगुवा भारदार सबै भागी गया । १।२ जना राजाका साथमा खैरख्वाहीको निमित्त रह्याका अघिका र यहांबाट गयाकालाई समेत गरी ५१६० जनालाई पल्टनका सिपाही-

हरूले बन्दूकले हानी खुकुरीले काटी मारिदिया र राजालाई थर्काईदिंदा राजाका पूजा गर्न्या सालिकराम बोकिराख्ने अघि जो पृथ्वीनारायण शाहलाई मकवानपुरबाट ल्याउन्या राधावल्लभ काजीका नाती चन्द्रकान्त पण्डित अर्ज्यालाई देवता बोकेकोमा गुरुज्यू हुने यही हो भनी नांगो पारी पाता फर्काई काट्न तयार हुदा मेरा देवता बोक्ने बाहुनलाई नमार केही कसूर छैन भन्दा बाहुन बांची गयो । त्यहांपछि राजाको सवारी नेपालतर्फ फिराया ।

यही १९०४ सालका जेष्ठ वदी १३ रोजमा श्री ५ महाराजाधिराज सुरेन्द्रविक्रम शाहलाई गादीमा राखी हुकुम चलाया । आफूहरूलाई पनि राणाजी भन्या पद्वी गराया ।

फेरि यिनै सालमा महामारी प्रवेश भै हैजाका बेथाले उखाल पखाल भै नेपाल शहरमा रोजको २।३ सयसम्म मरिगया र शान्ति स्वस्ति गर्नु भन्ने र टोल टोलना तोप राखी अरू टोल टोलका पलटन गैह्रले बन्दूक पडकाई ठूलो खट बनाई १ मुरी भात राखी उहीमाफिक अरू सरजाम बनाई मानिस १ समेत राखी कसाही बाजा, कहार बाजासमेत बजाउन लगाई देश घुमाई टेकुदोभानमा बलि फाल्न पठाया र अलि अलि शान्त भै गयो । दसैंमा शान्त भै गयो ।

यिनै जङ्गबहादुर प्राइममिनिस्टरले १९०७ सालमा आफ्ना माहिला भाइ कर्णेल बमबहादुर राणालाई जेनरल नाम गरी मुख्तियारी काम सौंपी आफू अंग्रेजसङ्ग सलूक गरी कर्णेल जगत् शमशेर राणा, कर्णेल धीरशमशेर राणा बहादुर २ भाई र अरू भैभारदार सिपाही केटा खवास्या गैह्र जम्मा ३१ जना विलायत पुगी अंग्रेजका बादशाह भिक्टोरियासङ्ग मुलाकात गरी धन्य जङ्गबहादुर प्राइममिनिस्टर भनी कहलाई १ महीना त्यहीं बेलायतमा बसी त्यहां बादशाहले बिदा दी चीजबीज ली फर्की आया । बादशाहसित मुलाकात गर्ने दिन पोशाक धेरै सल्लाह भै सफेद पोशाक लायाको अति बुद्धि पुऱ्याया ।

फर्कदा १९०८ साल फाल्गुण महीनामा नेपाल आइपुग्दा पछि ४।४ पल्टन दी जगत् शमशेरजङ्ग राणालाई पाटन शहरमा र धीरशम्शेर राणालाई भादगाउंमा राखी अघिका दर्वार भत्केबिग्रेको बनाउन लाया ।

फेरि दर्वारमा रह्याका तोसाखाना, कंडेल चोक ठाउं ठाउंका रकम खारेज गरी ऐन बनाई राजकाज चलाइरहंदा माहिला साहेबज्यू नरेन्द्रविक्रम शाह, माहिला जनरल बम बहादुर राणा, साहिला जनरल बद्रीनरसिंह राणा, जनरल जयबहादुर राणा जना ४ ले सल्लाह गरी जङ्गबहादुरलाई दगा दी मारूंला भन्या मतलब भयाको पछि माहिला जनरल बमबहादुर राणाले दाज्यूसङ्ग गै पर्लिदिया र माहिला साहेबज्यू नरेन्द्र विक्रम शाह, साहिला जनरल बद्रीनरसिंह राणा, जनरल जयबहादुर राणा जना ३ उत्ति खेरै पत्री ल्याई कम्पुका कोतमा राखी कुटपीट गरी मारूं भन्या गोत्र हत्या लाग्न्या भयो भनी अंग्रेजसङ्ग सल्तनत बांधी प्रयागका किल्लामा कैद गर्न पठाया । ४।५ वर्ष कैद गरी फेरि झिकाई साहिला जनरल बद्रीनरसिंहलाई पाल्पा अड्डा पठाया । माहिला साहेबज्यूलाई र जनरल जयबहादुरलाई पहिले नेपालमा राख्या ।

त्यहांपछि यिनै जङ्गबहादुर प्राइममिनिस्टरले रानीपोखरीमा र टौदहमा केही दौलथ होला भनी शंकाले पल्टनका सिपाही लगाई कुलो खनाई पानी सुकाई हेर्दा केही पायानन् ।

फेरि १९११ सालमा सिपाहीले र आफूले ५ सरकारको वैरी स्वाहा गर्नैपर्छ भनी धेरै जना सिपाही लगी भोटसंग ठूलो लडाईं गरी जिती ह्लासाका सेते काजी भन्याले नेपाल आई "वर्षको १० हजार रुपैयां कर तिर्छु" भनी बन्दोबस्त बांधी गयाको अझसम्म वर्षको १० हजार रुपियां कर लियाको छंदैछ । यी सेते काजी नेपाल आउंदा अनेक तमाशा बांकी नराखी देखाई पठाया । भोटमा यी जङ्गबहादुरलाई उड्न्या काजी भनी नाउं चलाया । सो लडाईंमा धेरै रुपैयां खर्च भयो भनी आफ्ना गोर्खा राजभरमा त्रिखंडी भनी मुलुकभर जागिरिया साथ गैह्र दुनियांलाई बिर्ता गुठीबाट रुपैयां भराई ढुकुटी दाखिल गराया ।

श्री ५ महाराजाधिराज सुरेन्द्र विक्रम शाहका छोरी मैयांहरू पनि श्रीका छोरा साहेबज्यूलाई पनि विवाह पात पनि चलाया ।

१९१३ सालमा महामारी प्रवेश भै हैजाका बेथाले नेपाल पहाड पर्वत मधेसमा असंख्य मर्न गै हाहा परी नेपालमामात्र रोजको ३।४ सय मर्न जांदा १९०४ सालमा गऱ्याबमोजिम टोल टोलमा तोप, गल्ली २ मा बन्दूक पड्काउंदा महामारी कोप भै झन धेरै मर्न जांदा सरकारबाट

टोलटोलमा देवताहरू पूजा गर्नू भनी रुपैयां दी टोलटोलमा पूजा पाठ लगाउंदा नामेट भै गया ।

वैशाख सुदी ५ रोजका दिन आफ्ना सालीक सुनको बनाई टुंडीखेलका माझमा ढुंगाको ठूलो मण्डप बनाई त्यहीं स्थापना गऱ्या ।

कास्की लम्जुङको राज्य गरी राजा पदवी नाउ राखी श्री ५ सरकारबाट जङ्गबहादुर प्राइममिनिष्टरलाई दिया । त्यस दिनदेखि श्री ३ महाराज भनी नाउं चलाया । मुख्तियारी काम आफ्ना भाई बमबहादुर राणालाई दिया ।

केही दिन चलायापछि १४ साल ज्येष्ठ सुदी ३ रोजका दिन प्राइममिनिस्टर बमबहादुर राणा शून्य पदवीमा गया र फेरि मुख्तियारी काम कान्हिला भाइ कृष्णबहादुर जेनरलले पाया ।

यही सालका ज्येष्ठ सुदी १५ रोज १ का दिन श्री मछिन्द्रनाथ जाउला पोखरीबाट बुगमती लैजांदा रातका २।३ घडी जांदा भूमिकम्प भै २ घडीभित्र ५ फेरा हुंदा आधारातमा १ फेरा जम्मा ६ फेरा गयो ।

यही सालमा अंग्रेजलाई हिन्दुस्तानमा आपनै फौजका काला सिपाही उठी ठाउंठाउंमा अंग्रेज मारी हाहा पारि राख्दा श्री ३ महाराज जङ्गबहादुरसङ्ग मदत मागी २२ पलटन र आफूसमेत गै कालासङ्ग ठाउंठाउंमा लडाई गरी धेरै फौज मारी तोप खोसी लखनउ, जिती हीरा मोती लूटपीट गरी अंग्रेजलाई बाहाली गराई धन्य जङ्ग-बहादुर राणा कहलाई असंख्य खुशी गराया र अंग्रेजले २।३ लाख रुपैयां उठ्ने नयांमुलुक पश्चिमतर्फ १९१७ सालमा दियाको अझतक छंदैछ ।

फेरि १९१९ सालमा श्री मच्छिन्द्रनाथको १२ वर्षे मेलामा बुगमतीबाट रथ जात्रा गरी ल्याउंदा वैशाख सुदी ३ रोजका दिन त्यहीं बुगमतीका उकालोमा घिसारी ल्याउंदा बायांपट्टि रथ ढली गयो र फेरि १५ दिनपछि अर्को रथ तयार गरी जात्रा चलाउंदा ज्येष्ठ वदी १० रोज ६ का दिन लगन जात्रा गरी माजुसीमा १ फेरा घुमाईराख्याका उसै रात्रिको ८।९ घडी चढ्दा अकस्मात् रथमा आगो लागी २ घडीभित्र यी रथ देवतासमेत जली गया र पछि देवता झिकी यथाक्रमले शान्ति स्वस्ति गरी अर्को जात्राको रथ बनाई चलाया ।

फेरि यिनै राजा जङ्गबहादुरले श्री पशुपतिनाथका देवालयका सिडीमा पीतलको ढलौटे ईट बनाई छापि-दिया । चारै दर्वाजाका अगाडि ठूला ठूला ढलवटका ४ पानस बनाई बत्ती बाल्न्या गुठीसमेत राख्याको अझतक छंदैछ । मृथस्थलीमा पनि ठूलो देवालय बनाई ढलवटका विश्वरूप स्थापना गऱ्या । प्रतिष्ठाको आहुतिका समेत नित्यार्चन गुठी राखिदिया ।

यिनै राजाका कान्हिला भाई कृष्णबहादुर राणा १९२० साल श्रावण वदी २ तृतीया ९ रोज ७ का दिन शून्य पदवीमा गया र मुख्तियारिया काम ठान्हिला भाई रणोद्दीपसिंहलाई दिया ।

१९२२ साल फाल्गुण वदी १० रोज २ का रातसम्म ठूलो पानी परी सारा नेपाल खाल्डा र पहाड पर्वत घुंडा तिघ्रा तिघ्रासम्म हिउं परी ८।१० दिनसम्म नपग्ली रहन गयो ।

फेरि २३ साल ज्येष्ठ प्रथम सुदी ९ रोज ४ का दिन घडी ९ बांकी छंदा ठूलो भूमिकम्प भयो र फेरि राजा जङ्गबहादुरले श्री गुह्येश्वरीमा अघिका चौघडा पर्खाल भत्काई नयां ठूलो गजको ढुंगाको पर्खाल बनाई भित्र खण्डका थानमा कुण्ड भैरव आदि सुनका पाताले छापीकन ठूला नौरत्न जडाउ गरी चढाया । चारैतिर चांदीका शेरका मूर्तिका पानस श्री ५ कान्छा वलिहदबाट चढाया ।

सम्वत् १९२३ सालमा श्री मछिन्द्रनाथका जात्रा वैशाख सुदी ९ रोज ६ का दिन गाबाहालबाट जात्रा चलाई दर्वारनेर यो रथ पुग्याको थियो । त्यसै दिन केही रात गयापछि श्री मच्छिन्द्रनाथका रथमा श्री मीननाथका रथमा अकस्मात् आगो सल्की जलिगया र देवतामात्र केही भयानन् । झिक्न पाई केही शान्ति स्वस्ति गरी अर्को रथ बनाई जात्रा चलाया ।

फेरि यिनै राजा जङ्गबहादुरले २५ सालमा भादगाउं जान्या धोबीखोलानेर पुल ३ र थानकोट जान्या विष्णुमतीको पुल १, सांखु जान्या बागमतीको पुल १ बुगमती जाने नखुको पुल १ गोदावरी जान्या बाटोमा पुल १ जम्मा पुल ८ र ठाउं ठाउं नयां सडक बनाया । थापाथलीमा पनि ठूला ठूला हवेली रङ्गशाला बगैंचा, घांटहरू बनाया । शहरका दर्वारमा पनि ठूला ठूला हवेली बनाया । टुंडीखेलमा पनि गैह्र पल्टन लगाई मैदान गरी बनाया । फेरि काल-मोचनमा पनि ठूला देवालय बनाई धातुका श्री लक्ष्मी-

नारायण मूर्ति स्थापना, घाट चौघडा बनाई अघि टुंडीखेलमा राख्याका सिंहहरू ४ रै आफ्ना सालिकसमेत ल्याई देवालयका चारै कुनामा सिंह राखी आफ्ना सालिकअधिल्तिर खम्बामा राखिदिया ।

दान गर्दामा पनि वेला वेलाला गौदानको जाहुति, यज्ञ, तुलादान, ब्राह्मणभोजन बहुतै गर्थ्या । गरीब प्रजामा पनि दृष्टि खूबै थियो ।

शिकार खेल्दामा पनि १९०६ सालदेखि १९३३ सालसम्म वर्ष २८ खेल्दै थिया । बर्सेनि मध्येस तऱ्यानी, चितौन, मोरङ, नयाँ मुलुक, महाकालीसम्म हात्ती खेदा गर्दा ठूला ठूला हात्ती धेरै पकडी गैंडा, बाघ, बन्देल इत्यादि वनजन्तु असंख्य पक्डी माथ्र्या । यी राजाले खेले झैं शिकार अरू राजा, वजीर कौनैले खेल्न सक्यानन् । नाउंमा पनि यसो चीन, यमो बेलायत जिल्ला लखनउ, देश देशमा बहुतै चलाई चीनका बादशाहकहांबाट र बेलायतका बादशाहकहांबाट नाउं र तकमा पाया, चारधाम पनि गऱ्या ।

यी राजाले सोख गर्नामा यति कुराको यति थोक बांकी छ भन्या केही कुराको केही बांकी भयान, यी राजाले गरे जति कौनै राजा बजीरले गऱ्यानन् । हात्ती, घोडा, पहलमान, जात जातका चिडी बाघ, हात्ती, बगैंचा, धर्मका कुरा राख्या । बहुत समर्थी, प्रतापवान् हुनाले ३२ बर्ष-सम्म राजकाज चलाई गया ।

यिनै राजाका साहिला भाई पाल्पामा रह्याका वद्री-नरसिंह जनरल राणा ३१ सालका वैशाख महीनामा अयोध्या धपाई शून्य पदवीमा गया ।

तकुती तीर्थका नीलवाराही जात्रा अघि नभयाको राजा बक्साई ३२ साल चैत्र सुदी १ रोजदेखि ज्यापू-हरूले रथजात्रा चलाया ।

श्री ५ महाराजाधिराज सुरेन्द्रविक्रम शाह कांछा बडामहारानी दुबै जना ३३ साल भाद्र सुदी ८ रोजका दिन शून्य पदवीमा गया र आफ्ना राज्यभरका प्रजा-हरूलाई १३ दिनसम्म आशौच बार्न लगाई ३५ दिनमात्र बर्खी बार्न लगाया । इन्द्रजात्रा पनि १५ दिनपछि चलाया ।

फेरि राजा जंगबहादुरले पूर्व कोसीसम्म हात्ती, बाघ गेंडा, वनजन्तु इत्यादिको शिकार खेली नेपालतर्फ आउनलाई सिमरोनगढको तऱ्यानीमा पुग्दा अकस्मात् वेथा लागी १९३३ साल फागुण सुदी १२ रोज १ का दिन शून्य पदवीमा गया । निजका बहादुरी पदवी पायाका रानीहरू पनि धर्मशास्त्र थामी गयिन् । "मरगं पतिना सह" बचन थामी बडामहारानी हिरण्यगर्भ कुमारी १ पुतली महारानी २ श्री श्री महारानी ३ समेत सहगामिनी भै सत्यलोकमा अग्निप्रवेश भैगया ।

यिनै राजा जंगबहादुरका ठाउँमा साहिला रणउदीप सिंह राजा भया । मुख्तियार काम जंगबहादुरका जेठा छोरा जगत् शमशेर जंगले पाया ।

त्यस ३४ सालका इन्द्रजात्रा भाद्र सुदी १५ रोजमा जात्रा गरी माथिल्ला टोल घुमाई ल्याउँदा केलटोल पुग्दा अकस्मात कुमारी रोइन् । यहांदेखि रुंदै रुंदै दर्वारमा पुग्यापछि रुन छाडिन् ।

त्यसै ३४ साल चैत्र बदी १२ रोजका दिन तेस्रो प्रहरमा श्री ५ महाराजाधिराज सुरेन्द्र विक्रम शाहका जेठा छोरा साहेबज्यू श्री ५ वलीहद महाराज त्रैलोक्यविक्रम शाहलाई अकस्मात् शूलका बेथा लागी शून्य पदवीमा गया र अघि भैगयाको देवपाटन वछ्ला देवताको जात्रा आशौच सकी चलाया । घोडाजात्रा र अरू पीठका देवताका जात्रा आशौच सकी बैशाख सुदी १ रोजमा चलाउन लगाया । दुनियादारहरूलाई १३ दिन आशौच बार्न लगाया । ४५ दिनसम्म बर्खी बार्न चलाया ।

राजा जंगबहादुरका जेठा छोरा जेनरल जगत् जंग राणा बहादुरले श्री पशुपतिनाथका पश्चिम दर्वाजाका अघिल्तिर मण्डप बनाई ठूला सुनका बसाहा बनाई ३६ साल वैशाख सुदी १५ रोजका दिन यथाक्रमले प्रतिष्ठा-समेत गरी चढाएका अलि देवताको मुहार छेकेको हुनाले दुनियाँको चित्त नबुझेको सांचो हो । कम्यान्डर इनचीफ जगत्शमशेर जंग राणा बहादुरलाई अकस्मात् सूजको बेथा लागी ३६ साल जेष्ठ वदी ६ रोज १ का दिन श्री पशुपति आर्यघाटमा पहिले पृथ्वीनारायण शाहका सर्दार शक्तिवल्लभ अर्ज्यालका नाती कांछा ब्रह्मज्ञानीका मुखबाट शास्त्रोक्त ब्रह्मज्ञान सप्ताह सुनी शून्य पदवीमा गया र पछिबाट मुख्तियारी काम जेनरल बीरशमशेरले पाया र ३६ साल जेष्ठ सुदी ५ रोजका दिन दर्शन गऱ्या ।

कोही दक्षिण देशतर्फ बस्त्या ठूलै आदमीकी छोरी–बेटी माता भै नेपालमा आई देवपाटनमा बस्याकी थिइन् । ४।५ वर्ष बसेपछि तिनै मातले राजासंग बक्साई आर्यघाटमा गंगाकारले ढुंगाको देवालय बनाई त्यसै देवालयमा देशबाट गंगामाईको सेतो मूर्ति झिकाई स्थापना गरी सुनको गजूरसमेत चढाई प्रतिष्ठा गरी जात्रासमेत चलाई उही जात्रा चलाउनलाई कुमारीका रथको आकारले ३ छप्परका छाना बनाई ३६ साल आषाढ सुदी ३ रोजका दिन तिनै धातुका गंगामाई राखी देवपाटन शहरमा घुमाई रथजात्रा चलाया ।

यही १९३६ साल आश्विन महीनामा मलमास पर्न जांदा हैजाका बेथाले श्रावण महीनादेखि काठमाडौं शहरमा रोजको ९०।१०० सम्म र भादगाउँ र पाटन शहरमा रोजको ५०।६० सम्म मर्न जांदा दुनियां गैह्र डराया र पछि–पछि शान्त भै कार्तिक महीनासम्म रोजको ३।४ सम्म मरी शान्त भै गया । दशैं कर्म शुद्ध आश्विनमा चलाया । वर्षाकालको बरसात पनि बहुत भैगया ।

श्री ५ महाराजाधिराज सुरेन्द्रविक्रम शाहका पालामा यिनै मुख्तियारी राजा रणउद्दीप सिंह राणाले श्री पशुपतिका देवालय बाहिर खण्डमा संगमर्मरका प्रमाणका सेतो ढुंगाले छापिदियाको १९३६ सालमा बनायाका सोही साल आर्यघाटमा श्री गुह्येश्वरी जान्या बाटालाई अघि यिनै राजा रणउद्दीप सिंहका बाजे रामकृष्ण कम्बरले नेपाल गोर्खाली राजा पृथ्वीनारायण शाहले मार्दा राजासङ्ग बक्साई बनाई गयाकोमा मजबूतसङ्ग ढुंगाले छापी बनाइदिया । नारायणहिटीको आफ्ना दर्वारहरू पनि मजबूतसङ्ग बनाया ।

यिनै राजाले मध्येस तराईको जिल्ला जिल्लाबाट भीमफेदीसम्म गाडामा वसारी वहांबाट नेपालमा वसार्नलाई भर नेपाल ३ शहरका गाउंले, दुनियां, जागीरे, ढाक्रे, गैह्रले घरपिछे एक–एक धोक्रा बोक्नू भन्या उर्दी भै कसै कसैले २ सुका ज्याला दी भरियालाई बोकाउन लाया ।

यिनै राजा रणउद्दीपसिंह राणाले चार धाम गर्न्या हो भनी श्री ५ वलिहद महारानी र आफ्ना रानी अरू लगायत भै भारदार, सिपाही, चाकर, दुनियां जम्मा ८।९ सय लस्कर ली ३७ साल मार्ग रोजमा नेपालबाट सवारी भै पहिले श्री जगन्नाथजीको दर्शन गरी वहांबाट श्री रामेश्वरको दर्शन गरी ३ धामको दर्शन गरी देश देशावरका तमाशा हेरी नेपालतर्फ सवारी फिर्दा नाराहिटी दर्वारबाट शहरका दर्वारबाट त्रिपुरेश्वरसम्म चित्र विचित्रका ढोका बनाई सडकका वरिपरि १०।१० हातका बीचमा रङ्ग रङ्गको ध्वजा राखी ३ शहरका नाच राखी त्रिपुरेश्वरका सडकदेखि नारायणहिटीसम्म वरिपरि सौगात राखी महाजनहरू गैह्र सडकका वरिपरि राखी अबीर, लावा, फूल धूप बाली सिंदूर जात्रा ३७ साल चैत्र सुदी ९ रोज ५ का दिन रातको १ घडी चढ्दा दर्वारभित्र प्रवेश गर्‍या ।

यिनै सालमा नेपाल खाल्डाभित्रका दुनियांदार जागीरे गैह्रलाई रानीपोखरी सफा गराउन्या र धान राख्ने गोदामघर बनाउनलाई काठहरू बोक्नू भन्या मै घरही १ सुका पैसा उठाई लिया ।

यसै सालका चैत्र महीनामा नुवाकोटका देवीजात्रा पूर्णिमामा नुवाकोटका लिङ्ग खडा गर्दा खडा गराई उठाइसकेको अकस्मात् आधा घडीपछि लिङ्गो ढलिगयो र फेरि लिङ्गो खडा गर्‍या । केही दिनपछि श्री ५ महाराजाधिराज सुरेन्द्रविक्रम शाहलाई आराम नभै ग्रहणीको भाव लागी अकस्मात् बेथाले १९३८ साल वैसाख सुदी ११ रोज २ का घडी २।४ बांकी छंदा सारा अफिसर भै भारादार गैह्र पल्टन सामेल गराई सुख पालमा राज गराई आसा, गुर्जा, चंवर, पंरवा र बादशाही बाजा बजाउन लगाई श्री पशुपतिमा सवारी चलाई सारा दुनियांदार गैह्रले हेर्न जांदा सबै दुनियांदारले आंसु खसाई शहरबाट लगी श्री पशुपति पांचायनमा राखी दान प्रदान पनि बहुतै गर्‍या । शहरबाट सवारी चलायाका ९ दिन भयापछि ज्येष्ठ वदी ४ रोज ३ का दिन १४ घडी ४५ पला बांकी छंदा श्री पशुपति आर्यातीर्थमा सचेतसित श्री ईश्वरको स्मरण गर्दै जलयोग पाई ३४ वर्षसम्म गादीमा राज भै हुकुम चलाई ५३ वर्षका उमेरमा शून्य पदवीमा गया र उसै दिन १० घडी बांकी छंदा आफ्ना जेठा छोरा श्री ५ बलिहद महाराज त्रैलोक्य विक्रम शाहका जेठा छोरा, नाती बाबु, साहेबज्यू पृथ्वीवीरविक्रम शाह पांच वर्ष नाघी ६ वर्षका उमेरमा, उनै साहेबज्यूलाई गादीमा राखी हुकुम चलाया । आशौच साविकबमोजिम बार्न लाया । त्यसमा ब्राह्मण उपाध्याय र जैसीलाई ४ दिन अरूलाई १३ दिन आशौच बार्न लगाई ४५ दिनसम्म बर्खी बार्नु भन्या भै ख्याली पनि उसै दिन शहरमा पिटाया ।

फेरि केही दिनपछि श्री ५ महाराजाधिराज राजेन्द्र

विक्रम शाहका गाथमा पनि आराम नहुंदा बेथाले दबाई ल्यायो र यही ३८ सालका आषाढ सुदी १२ रोजका रातको ८ घडी बांकी छंदा श्री पशुपति आर्यघाटमा सवारी चलाई ४ दिनपछि श्रावण वदी १ रोज ३ का दिन रात्रि ६ घडी बांकीमा आर्यघाटमा जलयोग पाई ६९ वर्षको उमेरमा ३० वर्ष गादीमा राज गरी हुकुम चलाई शून्य पदवीमा गया र सारा आफ्ना भरमुलुकका दुनियां-दारलाई अघि भयाबमोजिम आशौच बार्न लगाई ४५ दिनसम्म बर्खी बार्नु भन्या उर्दी दिया । यीनै राजाले आफू गादीमा राज गर्दा धेरै मन्त्रीहरूलाई बेहकमा खराब गरिदिंदा आफूलाई पनि रहुन्ज्याल केही कुराको सुक्षेम पनि हुन गयान । कौनै राजा वजीर भए तापनि अर्कालाई बेहकमा अपराध गऱ्यापछि त्यो कुरा आफैले भोग गर्नुपर्छ भन्या धर्मशास्त्र छ । यो भोग पनि निश्चय गर्न पर्दो रहेछ ।

३२ सालमा पाटनका मच्छिन्द्रनाथका जात्रा चलाइ-सकेपछि न्हुगल जात्रा गर्दा दर्वारमा अलि नपुग्दै रथ बिग्न्यो र फेरि रथ बनाई लगन पुग्दा श्री ५ सुरेन्द्र विक्रम शाह स्वर्गे हुंदा १३ दिनसम्म जात्रा चलाई १३ दिनपछि ज्येष्ठ सुदी १ रोजमा रथमा राखी द्वितीयाका दिन रथजात्रा गरी न्हुगल जात्रा र लगन जात्रा ज्याउला पीसाले (?) गर्ने जात्रा गर्दा ठाउंमा २।४ हात नपुग्दै अकस्मात् रथको आधा आधीमा भांचियो र फेरि अर्को रथ बनाई तयारी गरी राख्याको थियो । फेरि श्री ५ महाराजाधिराज राजेन्द्रविक्रम शाह स्वर्ग भै बक्सनुभयो र १३ दिनको साइत पारी श्रावण सुदी २ रोज ४ का दिन जात्रा चलाई श्रावण सुदी ४ रोज ७ का दिन बुगमती लै गया । यिनै ३८ सालमा उत्तरखण्ड र पश्चिमखण्डका आग्नेयतिर धूम्रकेतु पनि आषाढ महीनामा देखिया र १ महीनासम्म रही गयो । श्री ५ महाराज गादीमा राज गराउनलाई राजा रजौटा चौधरी महन्त पहाड मधेस गाउं गाउंका ३ सयसम्म उपजनी हुन्या बिर्तावाल छाप माना चांवल फिकदार जो छन् सबैले आउनू भन्या उर्दी भै ३ शहरका महाजन र बाजा गैह्रलाई पनि आउनू भन्या भै ३८ साल मार्ग सुदी ९ रोज ४ मा श्री ५ महाराज पृथ्वीवीरविक्रम शाह बहादुरलाई शहरका दर्वारभित्र नासलचोकका सुनका सिहासनमा राज गराई अभिषेक दिया र उसका भोलिपल्ट सारा भैभारदार गैह्रले हात्ती घोडा चढी दर्वारबाट निस्की काठमाडौं गणेश प्रदक्षिणा गरी नरदेवी घुमी कीलागलको बाटो गै इन्द्रचोक पुगी टुंडीखेलमा सवारी चलाई वहां गादीमा राज गराई सारा जेनरल, कर्णेल, राजा, रजौटा, भैभार-दार, निजामती गैह्रलाई कुर्चीमा बसाई सबैले रुपैयां असर्फी राखी दर्शन गरी बहुतै तमाशा भया । फेरि रातविषे पनि बत्तीको र आतसबाजीको बहुतै तमाशा भै गयो ।

यही ३८ साल पौष सुदी १० रोज ७ का दिन २ घडी बांकीमा भुई चालो भै फेरि पौष सुदी १५ रोज ४ का रातका तोप भयापछि भुई चालो गयो । यही माघ महीनामा राजा रणउद्दीप सिंहलाई र कम्यान्डर-इन चीफ जेनरल बीरशमशेर जंग राणाहरूलाई गादी-सम्म दगा दी मारौं भन्या दुर्मन्त्रणाको सल्लाह भै भारा-दारहरूको मतलब गऱ्याको मतमा दैवका योगले अड्न नसक्दा त्यसै सल्लाहभित्रका कर्णेल गगनसिंहका नाती लेफ्टेन उत्तरध्वज भण्डारीले भित्री संक्षेपसित कम्यान्डर इन चीफकहांसम्म संक्षेप विती पारी उसै दिनका रात्रिमा सबै जनाका घर घरैमा सिपाहीले घेरा दिन लगाई पकडी ल्याई नेल गलबन्दी राखिदिया । कोही भागी गया र फेला पार्न नसकी रह्याको थियो ।

यही साल पौष महीनामा श्री ३ महाराजको सवारी चितौनमा हात्ती, गैंडा, बाघको शिकारमा सवारी भयाको थियो । यस्तो धूमधाम हुन जांदा सोही खबर कम्यान्डर इन चीफबाट श्री ३ महाराजाका हजूरमा लेखी विनती पार्दा माघ वदी ११ रोज १ का रातको १०।१२ घडी चढ्दा नारायणहिटी आई पुगी उसै रातभरमा जति पक्रियाका सबै भारदारहरूलाई कायल गरी कायलनामाको जमानबन्दी गराई उसका भोलिपल्ट माघ वदी १२ रोज २ का रात दिन १०।१२ घडी बांकीमा कम्पु राजदल १, महीन्द्र दल १ पल्टनका सिपाहीले नङ्गी तरवार काढी घेरा दिन लगाई पाता फर्काई बांधी भाचाखुसीमा मेजर कप्तान संग्रामसूर विष्ट १ लेफ्टेन छत्रध्वज शाही १ सूबेदार जङ्गविक्रम पाण्डे १ कप्तान रंगध्वज अधिकारी १, ऐंटन बांका खत्री १ जम्मा ५ र टेकु दोभानमा लेफ्टेन कर्णेल अम्बरविक्रम सिंह थापा १, कप्तान अम्बर विक्रम थापा १, कप्तान वखुआर शाही जम्मा ४ र भादगाउं जाने धोबीखोलामा सूबेदार पहलमान कार्की १, छेत्रबहादुर १, कप्तान फौदसिंह गुरुङ १ मेजर कप्तान शमशेर जंग थापा १ जम्मा ४ र खस्याङखुसुङ खोलामा कप्तान समर विक्रम थापा १ रणमान थापा १ इंसायन रणदल

कार्की १ जम्मा ३ र शंखमूलमा कर्णेल इन्द्र सिंह टंडन १, लाहोरियाका वीर १, कप्तान नरबहादुर बिष्ट १, रणकेसर बिष्ट १, जम्मा ४ जवान समेत २० लाई पोडे लगाई काटी मारी दिया । कर्णेल अमृत अधिकारीलाई पनि उसै दिन काट्नू भनी लै गयाको २ फेरा फर्काई नारायणहिटीमा नै केही दिन कैद गरी छाडे । यही भित्र सूबेदार शेरजङ्ग पांडे केहीदिन लुकी आफैले बिख खाई टेकु दोभानमा मरिरह्याको सबै दुनियांले केही विघ्न ठहराया । फेरि सर्दार शिवप्रसाद अर्ज्याल १, मुलुकी सुब्बा दिग्विजयोपाध्याय १, होमनाथोपाध्याय १, टङ्कनाथोपाध्याय १, कामनामतिको पूजा गर्ने भट्ट १ जम्मा जवान ५ लाई माघ सुदी १४ रोज ५ का दिन चारपाटे मुडी सुंगुर झुण्ड्याइएका गोडामा नेल हाली पाता कसी श्याली पिटाई काठमाडौं शहर घुमाई उसका भोलिपल्ट भादगाउंमा घुमाई झेलखानामा केही दिन राखी पछि यिनै पांच जनालाई पश्चिमतर्फ धपाई रिढीमा शिवप्रसाद अर्ज्याललाई त्यहीं बस्नू भनी त्यहीं राख्या । अरू ४ जनालाई पाल्पा झेलखानामा कैद गरी राखिछोड्या । केही दिनपछि सर्दार शिवप्रसाद त्यहीं रिढिमा मरिगया । अघि लुकी रह्याका कर्णेल वीरमान सिंह बस्न्यात १, सुबेदार लोकबहादुर थापा १, पक्रिए र कायल मुकायल गरी फाल्गुण वदी २ रोज १ मा यिनी कर्णेल वीरमान सिंह बस्न्यात १, सूबेदार लोकबहादुर थापा १ कर्णेल अमृत सिंह अधिकारी १ जम्मा ३ लाई सिपाहीहरूले नंगी तरवार काढी घेरा लगाई पाता कसी शङ्खमूलमा लगी पोडे लाई काटी मारिदिया । जैनरल पद्मजङ्ग राणा र चीफ कर्णेल भक्तबहादुर बस्न्यात् यिनै दुवै जनालाई केही दिन कैद गरी पद्मजंगलाई नुवाकोट र भक्तबहादुर बस्न्यातलाई धुलीखेलमा धपाई २।३ महीना त्यहीं राखी वरी बोलाहट भै आफ्ना आफ्ना घर घर बस्न दिया । माहिला साहेबज्यू र जनरल बमविक्रम राणालाई पनि केही दिन यहीं नारायणहिटीमा कैद गरी ३९ सालका वैशाख महीनामा अंग्रेजसङ्ग सल्क गरी चन्द्रागढी भन्ने ठाउंमा कप्तान् लेफ्टेन सुबेदार, सिपाहीहरू १ पट्टि खटाई कैद गर्न पठाया । मुखिया जनरल जगत्जङ्ग बहादुर राणा आंखाको औषधि गर्न भनी यहां राजासङ्ग बक्साई बिदा भै तोपको सलामी ली कलकत्ता गयाका थिया । पछि यिनै पक्रियाका भै भारदारहरूले यिनी जनरल पनि सल्लाहभित्र छन् भनी पोल्याका हुनाले कलकत्ता गयाको नेपालतर्फ आउन नसकी पटनामा बसिरह्या । यही सल्लाहभित्र अलि अलि थाहा पाउन्याहरू पनि ४।५ जना त्रिशूली पार गरी धपाया ४।५ जना ६।६ वर्षको कैद गर्न्या हो भनी झेलखानामा राखिदिया, यिनी काटियाका, मुडियाका भाइ–भारदारहरूका मुडियाका, काटियाका सर्वस्व नगदी, जिन्सी, मुना, चांदी, हीरा, मोती भांडा–वर्तन सबै नली उनैका जहानलाई नै दी कागत र खेतमात्र सरकार लाग्यो भन्या भै यिनका जहान बस्दा सबै जहान पहाड पर्वतमा घर छ वहीं वहीं पठाइदिनू भन्या भै पहाड पर्वतमा पठाइदिया । यस्तो धूमधाम भयापछि ३९ सालदेखि काठमाडौं शहरमा र पाटन, भादगाउं तीनै शहरमा पुलीसको अड्डा अघाडि टोल टोलमा राख्या ।

त्यहां उप्रान्त वीरशमशेर जनरलको महिमा बताइन्छ । यहांसम्मको बयान भैसकेपछि पटनामा बस्याका मुखिया जगत् जङ्गलाई बोलाहट गर्न श्री ३ महाराज रणउद्दीप सिंहले चुकेकै हो ! तर, दयावन्त धर्मात्मा दुबै हुन् । ब्राह्मण, साधु, स्वामीहरूमा र आफ्ना वंशको खुबै दया गर्ने हुनाले बोलाहट भै आयाका मुखिया जनरललाई केही दिनपछि मुख्तियारीमा प्राइम मिनिस्टर नाउं राखी दिनाको मतलब केही जीतजङ्ग राणाले र जनरल वीरशमशेर राणाले थाहा पाई जीतजङ्ग राणा कानको औषधि गर्न ४१ सालमा बम्बई गया । त्यहांपछि हिन्दुस्तानबाट अंग्रेजले दिल्लीमा कवाज देखाउन भनी चिठी पठाउँदा पल्टन ४ वज्रबहादुर १ रैफल १, कालीबख्श १ देवीदत्त १ जम्मा ४ को अफिसर मुख्य जनरल वीरशमशेर १ कर्णेल हर्षजङ्ग १, अरू अफिसर ४ पल्टन खटी टुंडीखेलमा पाल हाली बस्याका थिया । सम्वत् १९४२ साल कार्तिक ..... ।।

हिन्दूवर्णमाला र तिनका अधिपति

शङ्करमान राजवंशी

राष्ट्रिय पुस्तकालय नं ४६२८ को श्रीमतोत्तरतन्त्र नामक तन्त्रको पुस्तक छ । हाल सो पुस्तक राष्ट्रिय अभिलेखालयमा रहेको छ । सो पुस्तक नेवारी लिपिमा लेखिएको छ । यस पुस्तकमा नेवारी लिपिको प्रामाणिक वर्णमाला पाइएको छ । सो वर्णमाला प्रत्येक वर्णका एक एक अधिपति दिइएका छन् । ती यस प्रकारका छन्—

स्वर वर्णमाला

	(वर्ण)	(अधिपति)
(१)	अ	श्रीकण्ठवागेश्वरी
(२)	आ	अनन्त आमोटी
(३)	इ	सूक्ष्मीश मायादेवी
(४)	ई	त्रिमूर्त्तीश गुह्यशक्ति
(५)	उ	वरीश मोहनी
(६)	ऊ	अर्धीश प्रज्ञा
(७)	ऋ	हारभूमी निवृत्तित्त
(८)	ॠ	अतिथीश प्रतिष्ठा
(९)	ऌ	स्थानु विद्या
(१०)	ॡ	हरशान्ति
(११)	ए	झण्टीश ज्ञानी
(१२)	ऐ	भूतोश क्रिया
(१३)	ओ	सद्योजात गायत्री
(१४)	औ	अनुग्रहीश सावित्री
(१५)	अं	क्रूरेश शुक्रादेवी
(१६)	अः	महासेन इच्छा

व्यञ्जन वर्णमाला

	(वर्ण)	(अधिपति)
(१)	क	क्रोध शंकटा
(२)	ख	चण्ड कालिका
(३)	ग	प्रचण्ड शिवा
(४)	घ	शिवेश घोरामुखी
(५)	ङ	एकरुद्र वीरा
(६)	च	कूर्म्म चामुण्डा
(७)	छ	एकनेत्र छागली
(८)	ज	चतुर्मुख जयन्ती
(९)	झ	अजेश झङ्कारिणी
(१०)	ञ	शर्म्मेश क्रुद्धनी
(११)	ट	सोमेश्वर कपालिनी
(१२)	ठ	लांगलीश पूर्ण्णिमा
(१३)	ड	डाकुर लामा
(१४)	ढ	अर्द्धनारीश विनायकी
(१५)	ण	उमाकान्त नारायणी
(१६)	त	आषाढीश तारा
(१७)	थ	दिण्डि ग्रसनी
(१८)	द	धात्रीश दहनी
(१९)	ध	मीनेश प्रियदर्शिनी
(२०)	न	मेषेश नादिनी
(२१)	प	लोहित पावनी
(२२)	फ	शिखीश फेत्कारिणी
(२३)	ब	छगलण्ड वजनी
(२४)	भ	द्विरण्ड भीषणी
(२५)	म	महाकाल महाकाली
(२६)	य	वालीश वायुवेगा
(२७)	र	भुजंग दीपिनी
(२८)	ल	पिनाकीश पूतना
(२९)	व	षडानन्द शिखिवाहिनी
(३०)	श	वक्रानन्द कुसुमायुधा
(३१)	ष	श्वेतानन्द लंबिका
(३२)	स	भृग्वानन्द परमात्मा
(३३)	ह	लकुलीश अंबिका

(३४) क्ष संवर्त्त संहारिणी यहाँ ज्ञ अक्षर छैन । अरु यथावत् दिइएको छ । सो पुस्तकमा दिइएको वर्णमालाको लिपि यस प्रकारको छ—

स्वर वर्णमाला



व्यञ्जन वर्णमाला



(यो लिपिको उतार मोतिरत्न वज्राचार्यले गरिदिनुभएको हो)

व्याख्या—

वर्णको उच्चारण श्री महादेवबाट प्राप्त भएको हो भनी पाणिनिले बोलेका छन् । जस्तै "इति माहेश्वराणि सूत्राणि" यी सूत्र महादेवबाट आएका हुन् । ती सूत्र पाणिनिले आपनो अष्टाध्यायी सूत्रमा उठानमै दिएका छन् । ती सूत्र यी हुन्—

"अइउण् । ऋलृक् । एओङ । ऐऔच् । हयवरट् । लण् । ञमङणनम् । झभञ् । घढधष् । जबगडदश् । खफछठथचटतव् । कपय् । शषसर् । हल् ।"

यी सूत्र महादेवले डमरुबाट दिएका हुन् भन्ने विद्वान्-हरूको भनाइ छ । यी सूत्रलाई खर्रं पढ्दा साँच्चै डमरुको बोली झैं भान पर्दछ ।

यहाँ स्वरवर्णमा अ इ उ ऋ ऌ ए ओ ऐ औ तथा व्यञ्जन वर्णमा कखगघङ, चछजझञ, टठडढण, तथदधन, पफबभम, यरलव, शषसह, सम्म वर्ग दिइएका छन् । यिनै वर्गमध्ये स्वरवर्णमा ह्रस्व (थोरै समयले बोलिने) दीर्घ (ह्रस्वको डव्वल समयले बोलिने) प्लुत (ह्रस्वको तेव्वर समयले बोलिने) स्वरका प्रकारले र उदात्त (उच्च स्वरले बोलिने) अनुदात्त (नीचो स्वरले बोलिने) स्वरित (मध्यम स्वरले बोलिने) को उच्चारणबाट अनुनासिक (मुख र नाकले समेत बोलिने) अननुनासिक (मुखले मात्र बोलिने) का भेदले अ इ उ ऋ को १८ भेद, ऌ को दीर्घ नहुनाले १२ भेद, ए ऐ ओ औ को ह्रस्व नहुनाले १२ भेद बताएका छन् । जस्तै १८ प्रकारले अ को भेद निम्न प्रकारका छन्—

अनुनासिकमा		अननुनासिकमा	
ह्रस्व उदात्त	—१	ह्रस्व उदात्त	—१
ह्रस्व अनुदात्त	—१	ह्रस्व अनुदात्त	—१
ह्रस्व स्वरित	—१	ह्रस्व स्वरित	—१
दीर्घ उदात्त	—१	दीर्घ उदात्त	—१
दीर्घ अनुदात्त	—१	दीर्घ अनुदात्त	—१
दीर्घ स्वरित	—१	दीर्घ स्वरित	—१
प्लुत उदात्त	—१	प्लुत उदात्त	—१
प्लुत अनुदात्त	—१	प्लुत अनुदात्त	—१
प्लुत स्वरित	—१	प्लुत स्वरित	—१
	९		९

अनुनासिकमा ९ भेद र अननुनासिकमा ९ भेद गरी जम्मा १८ भेद भए । यस्तै अरू वर्णको पनि भेद बन्दछन् ।

"अंअः इत्यचः परावनुस्वारविसर्गौ"

अं यहाँ अदेखि माथिको एक थोपालाई अनुस्वार र अः यहाँ अदेखि परको दुइ थोपालाई विसर्ग भन्ने नाम भए ।

"जञोर्ज्ञः" ज र ञ मिलि ज्ञ बने ।

कषसंयोगे क्षः" क र ष मिली क्ष बने ।

प्राकृतिक नियमानुसार ती वर्णका स्थानविभाजन यसरी गरिएका छन्—

अ क ख ग घ ङ ह विसर्गको		कण्ठस्थान
इ च छ ज झ ञ य श को		तालुस्थान
ऋ ट ठ ड ढ ण र ष को		मूर्धस्थान
ऌ त थ द ध न ल स को		दन्तस्थान
उ प फ ब भ म को		ओष्ठस्थान
ए ऐ	को	कण्ठतालुस्थान
ओ औ	को	कण्ठओष्ठस्थान

यो कुरो हामीले उच्चारण गर्दा विचार गरिरहेको खण्डमा राम्ररी थाहा हुन्छ । यी प्रत्येक वर्णको रूपलाई अक्षर भनिन्छ । अक्षर ब्रह्माबाट सृष्टि भएको हो भन्ने कुरा वीरपुस्तकालय (हाल राष्ट्रिय अभिलेखालय) चौथा-लगत नं. ९७२ को ज्यौतिषतत्त्व भन्ने पुस्तकमा यसरी लेखिएको छ—

षाण्मासिके तु समये भ्रान्तिः संजायते यतः ।
धात्राक्षराणि सृष्टानि पत्रारूढाण्यतः पुरा ।।

किनभने छ महीनाको समयमानै भ्रान्ति हुन जान्छ भने धेरै समयमा भ्रान्ति किन नहुनु । त्यसैले उहिले ब्रह्माजीले पत्रमा उतारिएका अक्षर सृष्टि गर्नुभयो ।

यो श्लोक गौरीशंकर हीराचन्द्र ओझाको भारतीय प्राचीन लिपिमाला १ पृष्ठमा पनि उद्धरण गरिएको छ ।

नारदस्मृतिमा यस्तो लेखिएको छ—

नाकरिष्यद्यदि ब्रह्मा लिखितं चक्षुरुत्तमम् ।
तत्रेयमस्य लोकस्य नाभविष्यत् शुभा गतिः ।।

(रायबहादुर पंडित गौरिशंकर हीराचन्द्र ओझाको भारतीय प्राचीन लिपिमाला १ पृष्टबाट)

यदि ब्रह्माजीले अङ्कित उत्तम आँखा नबनाइदिनु-भएको भए लोकको यस्तो असल गति हुने थिएन ।

यसरी अक्षर ब्रह्माजीले सृष्टिगर्नुभएको भन्ने कुरा उपर्युक्त शास्त्रबाट ज्ञात हुन्छ । विक्रमको सातौं शताब्दीमा भारतमा घुम्न आएका चीनिया यात्री हुयेनसाङले पनि भारतवर्षको वर्णमाला ब्रह्माबाट आएको हो, त्यसैको रूपान्तर अहिलेसम्म चलिरहेको छ भनी भनेका छन्* ।

*चीनीया यात्री ह्युएंत्संग, जिसने ई. स. ६२९ से ६४५ तक इस देशकी यात्रा की, लिखता है कि भारतवासियोंकी वर्णमालाके अक्षर ब्रह्माने बनाये थे और उनको रूप (रूपान्तर) पहलेसे अबतक चले आरहे है (वी. वु. रे. वे. व. जिल्द १ पृ ७९) [भारतीय प्राचीन लिपिमाला १ पृष्ठ]

ती अक्षरका अधिपति पनि श्रीमतोत्तरतन्त्रबाट ज्ञात हुन आएको छ ।

अक्षरलाई बुझाउने सङ्केत चिह्न लिपि भनिन्छ । लिपि शब्दको प्रयोग प्राणिनिले अष्टाध्यायीसूत्रमा यसरी दिएका छन्—

दिवाविभानिशाप्रभाभास्करान्तानन्तादिबहुनान्दीकिंलिपिलिबिबलिभक्तिकर्तृचित्रक्षेत्रसङ्ख्याजङ्घावाह्वह्र्यात्तद्धनुरत्नःषु ३।२।२१

यसबाट लिपिको प्रचलन पाणिनिभन्दा धेरै अघिदेखि भइसकेको बुझिन्छ । पाणिनिको समय विद्वान्हरूले ठीक निर्णय गर्न सकेका छैनन् । पाणिनिको विषयमा यस्तो लेखिएको छ—

"पाणिनि बुद्धकी अपेक्षा भी प्राचीन होंगे, पर वे कितने प्राचीन थे यह निर्णय नहीं हो सकता । बुद्धका जन्मकाल प्रायः सन् ईस्वीसे ६२३ वर्ष पूर्व अनुमान किया जाता है । अतएव पाणिनि सन् ६२३ ई. से अधिक प्राचीन व्यक्ति होंगे । पर यही नहीं कह सकते कि यह बात कहांतक प्रमाणसिद्ध मानी जासकती है । (संस्कृतशब्दार्थकौस्तुभको परिशिष्ठ ११० पृष्ठ)

यसरी पाणिनि बुद्धभन्दा धेरै अधिका होलान् भनी विद्वान्हरूले अडकल गरेका छन् । पाणिनिका समयमा लिपि कस्तो थियो सो थाहा भएको छैन ! अहिलेसम्म नेपालमा पाइएका अभिलेखहरूमा सबभन्दा पुरानो लुम्बिनीको अशोकस्तम्भको अभिलेख छ । यो स्तम्भ राजा अशोकले राखेको हुनाले अशोकस्तम्भ भनिएको हो । राजा अशोक वि. सं. २०० वर्ष अगाडिका भारतका राजा हुन् भन्ने कुरा इतिहासका विद्वान्हरूको एक मत छ । अशोकस्तम्भमा उल्लिखित लिपिलाई ब्राह्मी लिपि भन्दछन् । अक्षर ब्रह्माजीले सृष्टि गर्नुभएको हुनाले त्यसैको परम्पराले अशोककालको लिपि भनिएको हुनुपर्छ । यस्तै देवनागरी लिपिको विषयमा पनि देवता अधिपति भएका अक्षर हुनाले देवनागरी अक्षर भनी नामकरण भएको हुनुपर्छ । यिनै लिपि पछि कालान्तरमा गएर विभिन्न नामले प्रख्यात भए ।

भारतमा गुप्तसाम्राज्यकालका अभिलेख पाइन्छन् । गुप्तकालका अभिलेखमा पाइएका लिपिलाई गुप्तलिपि भन्दछन् । भारतमा गुप्तसाम्राज्यको समयमा नेपालमा लिच्छविराज्य थियो । त्यस वेला नेपाल कत्रो थियो भन्ने कुरा बि. सं. ३८७–४३२ ताकाका भारतका राजा समुद्रगुप्तको प्रयोगको अभिलेखबाट विचार गर्न सकिन्छ । सो अभिलेखमा यस्तो उल्लेख गरिएको छ—

"समतटडवाककामरूपनेपालकर्तृपुरादिप्रत्यन्तनृपतिभिर्मालवार्जुनायनयौधेयमाद्रकाभीरप्रार्जूनसनकानीककाकखरपरिकादिभिश्च सर्व्वदानाज्ञाकरणप्रणामागमनपरितोषितप्रचण्डशासस्य"

[समतट, डवाक, कामरूप, नेपाल कर्तृपुर, आदि सीमानाका राजाहरूले र मालव, आर्जुनायन, यौधेय, माद्रक, आभीर, प्रार्जून, सनकानीक, काक, खरपरिक, इत्यादि (गण) हरूले पनि सबै किसिमको कर तिरेर हुकूममा तामेल रहेर सलामीमा हाजिर भएर जसको (समुद्रगुप्तको) कडा स्थितिबन्देजको पालना गर्दछन्]

यहाँ कामरूप भनेको आसाम र कर्तृपुर भनेको गढवालहो । त्यसको बीचमा नेपालको उल्लेख छ । यसबाट नेपालको सीमा पूर्वमा आसामसम्म र पश्चिममा गढवालसम्म थियो भन्ने बुझिन्छ । यस विषयमा विस्तृत विवरण इतिहाससंशोधनको प्रमाणप्रमेय पहिलो भागमा नेपाल शब्दको अर्थ भन्ने प्रकरणमा गरिएको छ ।

अहिलेभन्दा १५०० वर्ष अगाडिका नेपालका लिच्छविराजा मानदेवको चाँगुको स्तम्भाभिलेख पाइएको छ । भारतका राजा समुद्रगुप्तको अभिलेखमा पाइएका लिपि र राजा मानदेवको चाँगुको स्तम्भाभिलेखमा पाइएका लिपिमा त्यतिको अन्तर छैन । नेपालमा लिच्छविकालमा चलेका लिपिलाई पहिले त गुप्तलिपि नैं भनिन्थ्यो । अहिले त्यस लिपिलाई लिच्छविलिपि भनी नामकरण गरिएको छ ।

नेपालमा लिच्छविराज्य समाप्त भएपछि मल्लराज्यको उदय भयो । नेपाल उपत्यकाका मल्ल राजाका पालामा नेवारी लिपिको विकास भयो । सो नेवारी लिपि पनि कालान्तरमा गएर बिभिन्न नामले प्रख्यात भए । जस्तै भूजिँमोल, कुँमोल, केंमोल, हीँमोल, रञ्जना, पाचुमोल, इत्यादि ।

मल्लकालमा नेपालको सीमा सङ्कुचित हुँदै गयो । वि. सं. १४८५–१५३८ ताकाका नेपालका राजा यक्षमल्लका पालामा नेपालको विस्तार विषयमा यस्तो उल्लेख पाइएको छ—

आसीद् विश्वविशोभिनिर्मलयशोराशौ रघोरन्वये
विख्यातो जययक्षमल्लनृपतिर्दातावदाताशयः। यो राज्यं
मिथिलां विजित्य मगधं गत्वा गयां पौरुषान् यो
नेपालमकण्टकं व्यरचयद् जित्वा नृपान् पार्वतान् ॥
प्राच्यां यो वंगदेशं तदनु सुरनदीं दक्षिणे दिग्विभागे
विख्यातः पश्चिमायां प्रविलसदसिना गोरखापालपातः।
भूमिं सप्ताहगम्यामपि धनददिशो योऽवधीकृत्य भुक्त्वा
रेमे दोर्दण्डशौण्डः प्रवरतरलसत्काण्डकोदण्डपाणिः ॥

[वीरपुस्तकालय प. नं. ११८६ को नरपतिजयचर्याटीका]

[विश्वमा शोभायमान निर्मल कीर्तिका राशि भएको रघुकुलमा प्रख्यात भएका, दानीमा सफा आशय भएका यक्ष मल्ल राजा हुनुभयो । जसले मिथिला, मगध, गयामा गएर पुरुषार्थीहरूलाई जितेर नेपाललाई अकण्टक बनाउनुभयो । सुहाएको तरवारद्वारा पर्वतका राजालाई जितेर पूर्वतिर बङ्गालसम्म, दक्षिणतिर गंगानदीसम्म, पश्चिममा गोरखा पालपासम्म, उत्तरतिर सात दिनको बाटोसम्म आफ्नो बनाई पृथ्वीलाई भोग गरेर प्रख्यात भएका, मोटा हात पाखुरा भएका, धनु भिर्नाले अत्यन्त सुहाएका यस्ता राजा यक्ष मल्ल रमाउनुभयो ।]

यसबाट राजा यक्षमल्लका पालामा नेपालको सिमाना पूर्वतिर बङ्गालसम्म, दक्षिणमा मिथिला प्रदेश र गङ्गाजीतक, उत्तरतिर सिकारजुङतक, पश्चिममा गोरखा पालपासम्म थियो भन्ने देखिन्छ ।

पछि यिनका छोराका पालादेखि नेपालराज्य झन झन् टुक्रिँदै गयो । अन्तिम मल्ल कालमा नेपालमा लगभग ५२ जति राज्य खडा भए । त्यसलाई पछि श्री ५ पृथ्वीनारायण शाहले एकीकरण गर्दै पूर्वमा टिष्टासम्म पुऱ्याए । पूर्वमा नेपालको सिमाना टिष्टासम्म पुगेको थियो भन्ने कुरा पुरातत्त्वपत्रसंग्रह दोस्रो भागको ४५ पृष्ठमा प्रकाशित वि. सं. १८६९ को पत्रबाट स्पष्ट छ । श्री ५ रणबहादुर शाहका पालामा श्री ५ पृथ्वीनारायण शाहका कान्छा छोरा राजकुमार बहादुर शाहले नेपालको सिमाना पश्चिममा शतलजसम्म पुऱ्याए । पश्चिममा नेपालको सिमाना शतलजसम्म पुगेको थियो भन्ने कुरा ऐतिहासिक चिठीपत्रसंग्रह पहिलो भागको ९ पृष्ठमा प्रकाशित वि. सं, १८७० को पत्रबाट स्पष्ट छ । यो पत्रको व्याख्या श्री महेशराज पन्तजीले पूर्णिमा ९ अङ्कको ४८–६४ पृष्ठमा गर्नुभएको छ । यसरी नेपालले फेरि पूर्वरूप लिइसकेको थियो । तर धेरै काल रहन सकेन । अहिले नेपालको विस्तार पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म पुगेको छ ।

यिनै नेपाल अन्तर्गत जुमलामा पाइएका पृथ्वी मल्ल, मेदिनी वर्माहरूका प्राचीन अभिलेखहरूमा नेवारी लिपि छैनन् । त्यहाँका अभिलेखमा उल्लिखित लिपि हाल चलेको लिपिको पूर्वरूप देखिन्छ । जसलाई देवनागरी लिपि भन्दछन् । यी सबै लिपि ब्राह्मी लिपिकै परिवार तथा रूपान्तर हुन् । सो कुरो प्राचीन लिपिविकास भन्ने पुस्तकमा दिइएका लिपिको विकासको तालिका हेरे स्पष्ट थाहा हुन्छ ।

यी सबै लिपिका वर्णमालाका अक्षर उत्तिनै छन् । त्यसकारण लिपिमा विभिन्नता भए तापनि आधार वर्णमाला एउटै छ । यो हिन्दू वर्णमाला रोमन उर्दू तथा चीनका वर्णमालाका अपेक्षा कत्तिको वैज्ञानिक तथा महत्वपूर्ण छ भन्ने कुरा हामी स्वयं बुझ्न सक्छौं । यस वर्णमालाको उच्चारण सार्थक छ । यहाँ स्वरमिश्रित व्यञ्जन वर्णमा मात्रा लाउने एउटै नियमले सारा व्यवहारका निमित्त पर्याप्त छ । पाणिनिले बताएका वर्णोच्चारणका सबै भेदका सङ्केतहरूचाहिँ प्रचलित व्यवहारमा स्वरवर्णमा १६ अक्षर र व्यञ्जनवर्णमा ३५ अक्षर र मात्रा लाउने चिह्न ९ ओटा, अनुस्वारचिह्न एउटा, विसर्ग चिह्न एउटा छन् । यस वर्णमालामा लेख्नमा लाघव, पढ्नमा सुगमता, अर्थमा सरलता आदि गुण छन् । प्रत्येक वर्णका एक एक देवता अधिपति हुनाले प्रत्येक अक्षर मन्त्रतुल्य छन् । एउटा अक्षर पढ्दा एउटा देवताको नाम लिए जत्तिकै पुण्य छ । त्यस कारण हिन्दूवर्णमाला अन्य राष्ट्रको वर्णमालाभन्दा कम गौरवको छैन ।

आत्मसंशोधन

मैले घैंबुङ पौवाको अभिलेख प्राचीन नेपाल ३ अङ्कको ३०–३१ पृष्ठमा छपाउँदा अभिलेखमा रहेको मितिको गणना पनि छपाएको थिएँ । गणनामा अशुद्ध हुन गई गणनाको टिप्पणी समेत अशुद्ध हुन गएछ । अहिले दोहोऱ्याई गणना गरी हेर्दा वि. सं १८३९ शाके १७०४ माघ शुक्ल पञ्चमीमा बृहस्पतिवार मिल्न आएकोले यो संशोधन दिइएको हो । सो गणना यस प्रकारको छ—

शाके १७०४ वि. सं. १८३९ माघशुक्ल

गते	वार	तिथि	घडी	पला
माघ २७	बृहस्पति	पञ्चमी	३८ ।	३

यसकारण पाठकहरूले सच्याई पढ्नुहुनेछ ।

शङ्करमान राजवंशी

बौद्धदर्शन

बुद्धिसागर पराजुली

अनुसन्धानकारी ऐतिहासिकहरूको ध्यानमा जैन धर्मका पछि बौद्धधर्मको उदय भएको हो, भन्ने कुराको भान भइरहेको छ, त्यसको कारण अन्तिम जैन तीर्थंकरको नाउँ उनको सिद्धान्त औ उनका मृत्युका विषयको चर्चा बौद्ध निकायका अनेकन् स्थलमा आएको र जैन अङ्गमा बौद्ध-सम्बन्धी केही चर्चा नरहनु हुनसक्छ । तर विचारको क्रमबाट हेर्दा भने चार्वाकदर्शनपछि बौद्धदर्शनको उदय सम्भावित छ भन्ने कुरा स्पष्ट प्रतीत हुन्छ । कारण चार्वाकको भूतसङ्घबाहेक क्षणिक विज्ञान भन्ने अर्को कोटीको वस्तु बुद्धदर्शनमा पाइन्छ, र प्रत्यक्षबाहेक अनुमान पनि प्रमाण पाइन्छ । जैनहरूका मतमा क्षणिक विज्ञानभन्दा केही माथिल्लो तहको नित्य कुनै आत्मा छ भन्ने सिद्धान्त छ । क्षणिक विज्ञानको कोटीभन्दा नित्यात्मवादको कोटी माथिल्लो हुन सक्छ । संस्कृत वाङ्मयको राम्ररी अनुसन्धानपूर्ण आलोचना गर्ने हो भने यस कुरामा ऐतिहासिकहरू अत्यन्त भ्रान्त छन् भन्ने कुरा प्रतीत हुन्छ, कसरी भने रामायण, महाभारत, वेदान्तदर्शन र पुराणहरूमा बौद्धसंन्यासी, बौद्धमठ, बौद्धचैत्य औ बौद्धमत इत्यादि कुराको उल्लेख पाइएकोले सब संस्कृत वाङ्मय गौतम बुद्धको निर्वाणभन्दा पछि भएका हुन् भन्ने टुङ्गो लाउछन् । तर आर्षग्रन्थका बारेमा यसरी मनमानी विचार गर्ने ऐतिहासिकहरू संस्कृत वाङ्मयका प्राचीन ग्रन्थ ललितविस्तारसूत्र, बुद्धचरित, लङ्कावतारसूत्र औ अवदानकल्पलता तथा पालीका जातक प्रभृति ग्रन्थतिर आंखै पुऱ्याउदैनन् । त्यतातिर पनि तिनीहरूको दृष्टि पुगेको भए यस्तो भ्रमपूर्ण तर्क गर्ने थिएनन् । उपर्युक्त ग्रन्थबाट के थाह हुन्छ भने रिव्रष्टभन्दा ३१०१ वर्षपूर्व क्रकुछन्द बुद्ध, २०९० वर्षपूर्व कनकमुनि बुद्ध, १०१४ वर्षपूर्व काश्यप बुद्ध भएका थिए । यसरी क्रमशः बुद्धहरू हुँदा सातौं बुद्ध रिव्रष्टभन्दा ६२३ वर्ष पूर्व शाक्यसिंह गौतम बुद्ध भए । अष्टम बुद्ध मैत्रेय बुद्ध भविष्यमा हुनेछन् यी सबै बुद्धहरू हुनुभन्दा पहिले पनि १२० बुद्धहरू भएका थिए भन्ने कुरा उपर्युक्त ग्रन्थहरूका आधारमा स्पष्टतया पत्ता पाउन शक्छौं । अनेकन् पुराणहरूमा बुद्धमतानुयायी आचार्यहरूको उल्लेख पाइन्छ तथा ईश्वर विश्वासहीन, वेदवाह्य, बौद्धमतानुगामी प्रजाको चर्चा पाइन्छ । पुराणहरूलाई छाडौं, बुद्धग्रन्थहरूको मात्र समालोचना गर्दा पनि अतिप्राचीन कालदेखि नै बुद्धहरू हुँदैछन्, विलीन अथवा निर्वाण हुंदैछन् भन्ने सिद्ध हुन्छ । यसैउसले आत्मतत्त्व बुझ्न नसक्ने बुद्धहरूको मत र उसका प्रवर्तकहरू पनि यस विश्वासमा कलियुगभन्दा अघिदेखिनै भइआएकै छन् । भविष्यमा पनि हुंदै जानेछन् । यस्तै प्रकारसङ्ग जैनधर्म र त्यसका प्रवर्तकहरूका स्थितिको पनि निर्णय हुन्छ । परन्तु कतिपय ऐतिहासिकमन्य व्यक्तिका आधारमा बुद्धजैनहरूको र अरू दर्शनमा र पुराणहरूमा समेत पौर्वापर्य छ भन्नमा भूलसिवाय अरू केही आधार हुन सक्तैन । नित्य आत्मतत्त्व नबुझ्ने अबुद्ध (अबुझ) लाई चन्द्रमा नदेखिने औंसीलाई दर्श भने जस्तो विपरीत लक्षणले बुद्ध भनेको हो । अथवा क्षणिक विज्ञानका प्रबुद्ध (बुझक्कड) हरूलाई अभिधाबाट बुद्ध भनेको हो । यस्ता बुद्धहरू पुराकालमा पनि हुन सक्ने कुरा हो । उनीहरूको सम्प्रदाय पनि हुन सक्यै कुरा हो ।

बौद्धहरूको २ प्रकारको विचारधारा र ४ प्रकारको मतधारा

बुद्धहरूको विचारधारा २ प्रवाहमा प्रवाहित भएको देखिन्छ । एकमा विज्ञानधाराको (आध्यात्मिक) रहस्यको विचार नगरी खालि आचारको मात्र उल्लेख छ । त्यसमा आचारनै जनताको कल्याणकारी सरल मार्ग हो भन्ने गूढ रहस्य देखिन्छ, यो मत प्रायः काठमाण्डूका बज्राचार्य र कतिपय लामाहरूमा समेत छ भन्नामा केही अत्युक्ति हुनेछैन । अर्कामा बुद्धहरूका आचारका भित्री तहमा रहेका सूक्ष्म सिद्धान्तहरूको तर्कपूर्ण बुद्धिद्वारा गहीरो चालसङ्ग अनुशीलन गरी बुद्धधर्मको आध्यात्मिक दार्शनिक रूपरेखाको

झलक देखाएको छ । यो दार्शनिक रूपरेखाको झलक भएको बौद्ध मत पनि मुख्यतया ४ धारामा बहेको छ । माध्यमिक, योगाचार, सौत्रान्तिक एवं वैभाषिक ।

अनुमानको स्थापना

यिनीहरू चार्वाकका प्रतिपक्षमा खडा हुन्छन् र प्रत्यक्ष-सिवाय अरु प्रमाण छैन भन्न पाइन्न, किनभने अनुमान पनि प्रमाण छ भनेर प्रबल युक्तिद्वारा सिद्ध गर्दछन् । कसरी भने अनुमान प्रमाण नहुने भए धुवाँएको ठाउँमा आगो लिन कोही पनि जाने थिएन, भित्र बसेकी बुढिया मेघ गर्जेको सुनेर बिस्कुन उठाउन बाहिर आउने थिइन । सारा व्यवहार सद्विचारका भरमा चल्छन्, त्यस्तो विचार अनुमानका सहारा हुने कुरा हो । कुनै मानिस केही वस्तु देखेर त्यसै प्रवृत्त र त्यसै निवृत्त हुने होइन, त्यसका प्रवृत्ति औ निवृत्तिमा कारण इष्टसाधनता ज्ञान औ अनिष्ट-साधनता ज्ञान नै हुनुपर्छ । दूध खानामा इष्टसाधनता ज्ञान हुनाले त्यसमा प्रवृति हुन्छ, विष खानामा अनिष्टसाधनता ज्ञान हुनाले त्यसबाट निवृत्ति हुन्छ । यो वस्तु इष्टसाधन हो, यो वस्तु अनिष्टसाधन हो भन्ने कुरा अनुमानका भरमा सिद्ध हुन्छ । उसैले अनुमान प्रमाण मान्दिन भन्ने चार्वाकले पनि वास्तवमा व्यवहारमा अनुमान प्रमाण मानेकै हुन्छ । यसैले त कार्यमा उचित कारण हुनुपर्छ । उसैले त आगो लिन खोलामा ओर्दलैन, पानी लिन डंढेलामा पस्तैन ।

माध्यमिकसमेतका मतहरूको निष्कर्ष

माध्यमिकहरू यो सारा प्रपञ्च खालि शून्यको विवर्त हो भन्छन् । योगाचारहरू विज्ञान भन्ने वस्तुको विवर्त हो भन्छन् । सौत्रान्तिकहरू विज्ञानद्वारा अनुमित क्षणिक अर्थ (पदार्थ) पनि छ भन्दछन् । वैभाषिकहरू यो जगत् प्रत्यक्ष छ परन्तु क्षणभङ्गुर छ भन्छन् । अतएव बौद्धदर्शनका परिशीलनकर्ताहरूको भनाइ छ—

मुख्यो माध्यमिको विवर्तमखिलं शून्यस्य मेने जगत् ।
योगाचारमते तु सन्ति मतयस्तासां विवर्तो ऽखिलः ।।
अर्थो ऽस्ति क्षणिको ऽप्सावनुमितो बुद्ध्येति सौत्रा-
न्तिकाः ।
प्रत्यक्षं क्षणभङ्गुरं जगदिदं वैभाषिको भाषते ।।१।।

विवर्त भनेको डोरीमा सर्पको भान जस्तो ज्ञान हो । जस्तै—

सतत्वतो ऽन्यथा प्रथा विनाम इत्युदीरितः
अतत्त्वतो ऽन्यथा प्रथा विवर्त इत्युदीरितः ।

दूधको दही हुनालाई परिणाम भन्छन् । माला, डोरीहरूमा सर्पको भान हुनालाई विवर्त भन्छन् ।

यी पूर्वोक्त चारै प्रकारका बौद्धहरू क्रमशः सब यो जगत् क्षणिक २, (अनित्य हो २) दुःखं दुःखं (दुःखरूप हो २) स्वलक्षणं २ (असलक्षण हो २ अर्थात् फलानो जस्तो फलानो भन्ने कुनै समान दृष्टान्त नभएको हो) शून्यं शून्यं २ (शून्य हो २) भन्ने ४ प्रकारको भावना गर्नाले उत्तम पुरुषार्थ निर्वाणसिद्धि हुन्छ भन्दछन् ।

माध्यमिक

पहिले यिनीहरू यो दृश्यमान सारा प्रपञ्च अनुमानद्वारा क्षणिक हो भन्ने सिद्ध गर्छन् । याद राख्नू—यस मतमा जुन वस्तुबाट केही काम हुन्छ त्यस वस्तुलाई 'अर्थक्रियाकारी' भन्छन् । जस्तै—घडाबाट पानी ल्याइन्छ त्यसैले घट अर्थ-क्रियाकारी भनिन्छ । अर्थक्रियाकारी वस्तुलाई सत् भन्ने यिनीहरूको परिभाषा छ । जो सत् हो त्यो क्षणिक हो जस्तैः—घनघटा । घनघटा सत् पनि हो क्षणिक पनि छ । त्यो झैं सारा पदार्थ सत् भएकोले क्षणिक छन् । पदार्थहरू अर्थक्रियाकारी हुन्छन् । अर्थक्रियाकारी वस्तु सत् भनिछ, सत् क्षणिक हुन्छ जस्तै घनघटा (अनुमानको स्वरूप— भावाः क्षणिकाः सत्त्वात्) (पदार्थहरू क्षणिक हुन्छन् किनभने तिनीहरू सत् हुन्) पदार्थलाई क्षणिक नमानेर चिरस्थायी मान्न सकिदैन, कसरी भने चिरस्थायी मान्ने हो भने त्यस्तो चिरस्थायी पदार्थको वर्तक्षान अर्थक्रिया गर्ने सामर्थ्य छ कि छैन । छ भने समर्थलाई प्रतिबन्ध छैन, जो जुन काम गर्न समर्थ छ त्यो उ काम गरिहाल्छ । तसर्थ वर्त्तमान अर्थक्रियाका समयमा अतीत औ अनागत अर्थक्रिया पनि हुनैपर्छ । छैन भने त्यस भावले कहिल्यै पनि अर्थक्रिया गर्न सक्नेछैन । किनभने जुन वस्तु जब कुनै काम गर्न असमर्थ छ त्यसले त्यो काम कहिल्यै पनि गर्न सक्तैन । जस्तै—ढुंगामा टुसाउने सामर्थ्य हरहालतमा रहेको छैन । अर्थात् वर्तमान समयमा अङ्कुर उत्पत्तिमा असमर्थ ढुंगो अतीत अन्तर्गत अङ्कुर उत्पत्तिमा पनि असमर्थ हुन्छ । उसैले सामर्थ्य नभएको भावले कहिल्यै पनि अर्थक्रिया गर्न सक्तैन । एतावता के सिद्धान्त हुन्छ

भने पदार्थलाई चिरस्थायी मानेमा वतमान अर्थक्रिया हुँदा अतीत औं अनागत अर्थक्रिया पनि हुनै छर्छ । अतीत एवं अनागत अर्थक्रिया गर्ने सामर्थ्य छैन भने वर्तमान अर्थक्रिया हुन पनि असंभव छ । किनभने सामर्थ्यवान्ले काम गरिहाल्छ, असमर्थले कहिल्यै पनि गर्न सक्तैन । अतः अर्थक्रियाकारी सत् पदार्थहरू सर्वथा क्षणिक हुन्छन् ।

घाम, पानी, मल, माटो 'देश, काल, हावा आदि सहकारीहरूको संयोग हुनुपर्छ; त्यति भयो भने चिरस्थायी वीजबाट क्रमशः अतीत औ अनागत अर्थक्रिया—आंकुरा, पालुवा, लहरा जेउए, मुजुरा, फूल इत्यादि हुन्छन् उसैले पदार्थ चिरस्थायी भए पनि सहकारीहरूको संयोग भए अर्थक्रिया हुन्छ नभए हुँदैन भन्नालाई पनि निम्नलिखित अडचन हुने हुनाले हुँदैन । जस्तैः—सहकारीहरू चिरस्थायी पदार्थका उपकारक हुन् या होइनन् ? होइनन् भने उनीहरूको अपेक्षानै रहँदैन । हुन् भने उपकरीहरूको उपकार पदार्थभन्दा अलग हो या होइन ! अलग हो भने त्यही आगन्तुक उपकार नै अर्थक्रियाको कारण हो । स्थायी पदार्थ होइन । किनभने आगन्तुक उपकार भए अर्थक्रिया हुने सो नहुँदा अर्थक्रिया नहुने हुनाले अन्वय व्यतिरेकबाट आगन्तुक उपकारनै कारण मानिन्छ नकि कुनै स्थायी पदार्थ, वीजरूपी चिरस्थायी पदार्थभन्दा अभिन्न कुनै अतिशय सहकारीहरूद्वारा पदार्थमा आधान गरिन्छ भन्ने कुरा पनि उचित हुँदैन, कारण—त्यसो भन्दा पनि पदार्थको पहिलो अतिशय नभएको स्वरूपहरूको, अतिशय भएको स्वरूप आयो भने ठहर हुने हुनाले पदार्थ चिरस्थायी हुनाको बदला झन् क्षणिक सिद्ध हुन आउंछ । यसकारण अक्षणिक चिरस्थायी भाव अर्थक्रियाकारी सत् सर्वथा हुन सक्तैन । कुनै नित्य सामान्य भन्ने पदार्थ पनि छैन, अतएव वस्तुमा अर्थक्रियाकारी स्वरूप सत्त्व रहेकाले सबै पदार्थ क्षणिक हुन् भनेर मान्न करै लाग्दछ । उसैले क्षणिकं क्षणिकं भन्ने भावना गर्नू ।

यो संसार दुःखमय छ, उसैले त्यो दुःख हटाउन भनेर बुद्धिमान् ज्ञानवृद्धहरू लगातार प्रयत्न गरिरहन्छन् । अन्यथा बुद्धिमान्हरूको त्यस्तो लगातारको प्रयत्न हुने थिएन । यसैउसले 'दुःखं दुःखं' भन्ने भावना गर्नू ।

यो वस्तु के जस्तो छ भन्ने प्रश्न आउने हो भने फलानो जस्तो छ भन्ने दृष्टान्त केही पाइंदैन, कारण उपर्युक्त प्रकारअनुसार सब वस्तु क्षणिक हुनाले कुनै स्थिर वस्तु नै नहुँदा समानताका दृष्टान्त दिन सुहाउने तुल्य वस्तु नै छैन । अतएव 'स्वलक्षणं स्वलक्षणं' भन्ने भावना गर्नू ।

यसै गरि 'शून्यं शून्यं 'भन्ने भावना गर्नू किनकि जुनसुकै वस्तु पनि सद्रूप, असद्रूप, सदसद् उभयरूप, सद्सद् अनुभयरूप यी चारै स्वरूपमा रहन सक्तैन । कारण—घटपटादि पदार्थहरूको सत्व स्वाभाविक हो भने घटपटादिको स्वरूप लाभका निमित्त चक्रचीवर, तन्तु, तुरी आदि कारकहरूको व्यापार व्यर्थ हुनेछ । किनभने वस्तुहरूको सत्ता स्वाभाविक छ । घटपटादि पदार्थको असत्व स्वाभाविक भए पनि कारकहरूको व्यापार झन् व्यर्थ छ । किनकि सहस्र व्यापार भए पनि कारकहरूबाट असत्-कार्यमा केही हुन सक्तैन अतएव बुद्धले भनेका छन् ।

न सतः कारणापेक्षा व्योमादेरिव युज्यते ।
कार्यस्यासंभवो हेतुः खपुष्पादेरिवासतः ।। इत्यादि

सदसद् उभयपक्ष र सदसद् अनुभय पक्ष पनि विरोध पर्ने हुनाले हुन सक्तैन । उसैले विचार गरी हेर्दा कुनै वस्तुको पनि स्वभाव निरूपण हुन सक्तैन । उसैले शब्द-प्रयोगादिबाट अभिलाप सर्ने सकिन्न, त्यसैले सबै वस्तु स्वभावातीत छन् । त्यसैले वस्तुकै स्वभावबाट सिद्ध हुन्छ—जति विचार गर्दै जान्छौं, उति वस्तुको स्वरूप बालुवाको पुल जस्तो हुन्छ । यसैउसले बुद्धले लङ्कावतार सूत्रमा लेखेका छन्—

बुध्द्या विविच्यमानानां स्वभावो नावधार्यते ।
अतो निरभिलापास्ते निःस्वभावाश्च दर्शिताः ।।
इदं वस्तु बलायातं यद्वदन्ति विपश्चितः ।
यथा यथार्थाश्चिन्त्यन्ते विशीर्यन्ते तथा तथा ।।
इत्यादि

यस प्रकारसङ्ग भावना गरेर सारा वासना हटाउन सके शून्यरूपी निर्वाण सिद्ध हुने हुनाले हामी माध्यमिकहरूलाई अरू गर्नुपर्ने केही कुरा रहँदैन भन्ने माध्यमिकहरूको सिद्धान्त छ ।

बुद्धदेवका परंपराका शिष्यहरूले योग तथा आचार दुवै कुरा गर्नुपर्छ । आफूले नबुझेको कुरा राम्ररी बुझ्ना निमित्त गर्नुपर्ने शङ्काको नाउँ योग हो । गुरुले भनेको मान्नु आचार हो । गुरुले भनेको मान्ने, शङ्का गर्न भने नसक्ने हुनाले यी बौद्धहरूलाई माध्यमिक भनेको हो ।

योगाचार

जुन बौद्ध संप्रदायमा क्षणिकं २ दुःखं २ स्वलक्षणं २ शून्यं २ भन्ने चारै प्रकारको गुरूपदेशको भावना गरीकन पनि आन्तरिक वस्तुको समेत शून्यता कसरी हुन सक्छ भनी शङ्का पनि गर्दछन् त्यसलाई 'योगाचार' भन्दछन । अथवा जुन शिष्यहरू गुरुत्व भावना स्वीकार गरीकन पनि शङ्कासमेत गर्छन् तिनीहरू योगाचार भनिन्छन् । यिनीहरूको भनाइ यस्तो छ– स्वयंवेदन अर्थात् बुद्धितत्त्व मात्रैपर्छ । नत्र सारा प्रपञ्चको व्यवहार अन्योलमा पर्छ । यसैउसले धर्मकीर्तिले भनेका छन् 'अप्रत्यक्षोपलम्भस्य नार्थ-दृष्टिः प्रसिध्यति' तर बाह्यग्राह्य पदार्थ भने छैन, कसरी भने कुनै प्रकारको विकल्पै रहन पाउंदैन । जस्तै– कुनै वस्तुको ग्रहण (ज्ञान) त्यस वस्तुको उत्पत्ति भएपछि हुन्छ कि उत्पत्ति नहुंदै हुन्छ ? क्षणिक हुनाले उत्पत्ति भएपछि ग्रहण हुन सक्तैन । उत्पत्ति नहुंदै हुन्छ भन्नु त असत् बस्तुको पनि ग्रहण हुन्छ भनेर असंभव कुरा गर्नु मात्र हो । यस्तो कुरा कसैलाई विश्वास हुने कुरै हैन । अतीत वस्तुकै ग्रहण हुन्छ किनकि ज्ञानजनकता त्यसैमा छ भन्ने कुरा पनि ठीक छैन किनभने वर्तमान भासनको अनुभव भएको ठाउँमा अतीत भासन कसरी भन्न सक्नु ? अर्को कुरा वाह्य वस्तु ग्राह्य होस्, तर परमाणु, ग्राह्य हो अथवा अवयवी; अवयवी ग्राह्य हुन सक्तैन, किनकि त्यस अवयवीको कात्स्न्येन (सबका सब) ग्रहण हुन्छ या अवयवको मात्र । कात्स्न्येन पनि हुंदैन कारण अवयवीको सबै भाग ग्राह्य हुनै सक्तैन । अवयव मात्र ग्राह्य हुन्छ भन्न पनि कति हुन्छ कति हुन्न यसको केही सीमा रहन नसक्ने हुनाले असजिलै पर्छ । परमाणु ग्राह्य हो भन्न अतीन्द्रिय हुनाले झन् मुश्किल पर्छ । तसर्थ बुद्धितत्त्वबाहेक इतर वस्तुनै नभएकोले ग्राह्य वस्तु केही पनि भएन । उसैले ग्राह्य-स्वरूपिणी बुद्धिनै आत्मस्वरूपको ग्राहिका हुन्छे । जस्तै प्रकाश आफैं ग्राह्य पनि हो ग्राहक पनि । अतएव भन्छन्––

"नान्यो ऽनुभाव्यो बुद्ध्यास्ति तस्या नानुभवो ऽपरः
ग्राह्यग्राहकवैधुर्यात् स्वयं सैव प्रकाशते ।। ।।

बुद्धिले अनुभव गरिने अर्को कुनै वस्तु पनि छैन, बुद्धिको अनुभावक पनि छैन । तसर्थ ग्राह्य औ ग्राहक केही पनि नभएकाले त्यो बुद्धि स्ववं प्रकाशस्वरूप छ । ग्राह्य औ ग्राहकको अभेद सिद्ध गर्न अनुमान अगुवा हुन्छ, जस्तै जुन ज्ञानले जो जानिन्छ त्यो ज्ञानभन्दा अलग होइन ज्ञानले इन्द्रियहरू जानिन्छन्, ती इन्द्रियहरू ज्ञानभिन्न सर्वथा होइनन् । इन्द्रियहरूले नीलादिको ज्ञान गरिन्छ । त्यो पनि ज्ञानदेखि भिन्न कुरो होइन । ज्ञान औ अर्थको भेद मान्ने हो भने ज्ञानका साथ अर्थको सम्बन्धित्व रहने छैन, किनकि ज्ञान र अर्थको तादात्म्य छ भन्ने कुनै सम्बन्ध नियामक हेतुनै छैन । यो ग्राह्य हो, यो ग्राहक हो, यो गृहीति हो भन्ने जनसाधारणमा जो भेद ज्ञान भएको छ त्यो त एउटा चन्द्रमा पनि कारणवश दुइटा देखिए जस्तै भ्रम हो । यौटा चन्द्रमा दुइटा देखिन आंखा औंलाले किचिनु-पर्छ या अरू कुनै कारण (रोग) हुनुपर्छ । एक वस्तुको ग्राह्य, ग्राहक,गृहीति इत्यादि विभिन्न रूपमा अनुभव हुन आउनामा अनादि, अविच्छिन्द्र प्रवाहमा चलिआएको भेद-वासना नै कारण हो जस्तैः–

सहोपलम्भनियमादभेदो नीलतद्धियोः ।
भेदश्च भ्रान्तविज्ञानैर्दृश्यतेन्दोरिवद्वयम् ।।
अविभागोपि बुद्ध्यात्मा विपर्यासितदर्शनैः ।
ग्राह्य ग्राहक संवित्तिभेदवानिव लक्ष्यते ।।

नीलज्ञान र नीलत्वको साथै साक्षात्कार हुन्छ, उसैले यी दुइमा केही भेद छैन जो भेद प्रतीति भएको छ त्यो त भर्मएर एउटा चन्द्रमालाई दुइटा देखे जस्तो हो । बुद्धिरूपी वस्तुको भेद छैन तापनि विपरीत विचार भएका-हरूबाट ग्राह्य, ग्राहक औ गृहीति इत्यादि भेदयुक्त झैं देखिन्छ ।

मनको लड्डू घ्यूसित खांदा र पैसा तिरेर हलुवाई सित किनेर ल्याएको लड्डू खांदा रश, वश, तृप्ति, तागत सबै बराबर हुनुपर्ने हो तापनि वस्तुतः बुद्धिमा वेदच, वेदक, वित्ति कुनै भेदज्ञान नभए पनि व्यवहारकर्ताको ज्ञानअनुसार विभिन्नरूपमा विभिन्न अर्थ,क्रिया, कारित्वरूपमा व्यवस्थित हुन्छ । जस्तै नभएको तोरी फुलो देखिन्छ । यी सब कुरा अनादिवासनाका फल हुन् । प्रश्न गरेर र परी लगाएर साध्य छैन त्यसैले विद्वान्हरू भन्छन्––

अवेदचवेदकाकारा तथा भ्रान्तैर्निरीक्ष्यते ।
विभक्तलक्षणा ग्राह्यग्राहकाकारविप्लवा ।।
तथा कृतव्यवस्थेयं केशादिज्ञानभेदवत् ।
यदा यदा न संचोदचा ग्राह्यग्राहकलक्षणा ।। ।।

वास्तमा बुद्धितत्त्वको ग्राह्य, ग्राहक, गृहीति रूप केही पनि छैन तापनि भ्रान्तहरू सबै रूपमा छन्, त्यस्तै केशोण्डूक

(आंखा चिली औंलाले गेडी अठ्याँउंदा आंखाका दुइतिर देखिने बाटुला काला चक्का) ज्ञान जस्तो व्यवस्थितरूपले मनको लड्डू र हलुवाईको लड्डू इत्यादि सबैमा भेद घट्न सक्तछ, तसर्थ बुद्धिनै अनेक आकारमा परिणत भई भासनमान हुन्छ । अतएव पूर्वोक्त भावनाहरूको खंदिलो विचारद्वारा सारा वासनाको उच्छेद पारी नानातरहका विषयका उपप्लवबाट बुद्धिलाई निर्मल गराएमा महोदय-कारी विज्ञानको उदय हुन्छ । यसैका आधारमा निर्वाण हुन्छ ।

सौत्रान्तिक

सौत्रान्तिकहरू त के भन्छन् भने अरू कुरा सबै सही छ तर बुद्धितत्वबाहेक वाह्यवस्तु छैन भन्ने कुरा मन पर्दैन, किनभने नीलपीतादि प्रतीति बुद्धितत्त्वभन्दा भिन्न नभए नीलमिदम् (यो नीलो) भन्ने प्रतीतिका ठाउंमा 'नीलोहम्' (नीलो हुँ) भन्ने प्रतीति हुनुपर्थ्यो । वाह्य वस्तु छैन भन्ने कुरामा पनि केही प्रमाण छैन । पूर्वोक्त सहोपलम्भ नियम पनि यस कुरामा प्रमाण हुन सक्तैन । वेद्य औ वेदकको अभेद साधनका निमित्त प्रयोग गरिएको सहोपलम्भ नियम-रूपी नीलादिप्रतीति अन्तर्मुखतया हुनुपर्ने हो तापनि भ्रान्तिले बहिर्वत् प्रतीति हुन्छ । उसैले 'नीलोहं' प्रतीति नभएर 'नीलमिदं' प्रतीति भएको हो । अतएव भनेको छ—

"परिच्छेदान्तराद् यो ऽ यो भागो बहिरवस्थितः ।
ज्ञानस्याभेदिनो भेदप्रतिभासो ऽ प्युपप्लवः ।।"
"यदन्तर्ज्ञेयतत्त्वं तद् वहिर्वदवभासते"

यो कुरा पनि ठीक छैन, कारण–बाह्य वस्तुनै छैन भने बाहिरिया वस्तु झैं भासन हुन्छ भन्ने उपमानोक्ति पनि घट्न सक्तैन । अर्को कुरा भेदप्रतीति भ्रान्तियुक्त छ भन्ने कुरा सिद्ध नभई अभेदप्रतीति प्रमाण हुँदैन । अभेदप्रतीति प्रमाण नभई भेदप्रतीति भ्रान्तियुक्त पनि हुन सक्तैन, यसै-उसले अन्योन्याश्रय भएकाले वाह्यवस्तु छैन भन्ने कुरा सर्वथा सिद्ध हुन सक्तैन । अतएव तर्कमा फर्क नपरोस भन्ने बुद्धिमान्हरूबाट नीलत्वादि ज्ञानका आधारमा वाह्यवस्तुको सत्ता कायमै हुन्छ भन्ने सम्झी आन्तर प्रत्ययका बारेमा उपेक्षासमेत भएको देखिन्छ । तसर्थ वाह्यवस्तु छ तर त्यसको स्वरूप अनुमानबाट निश्चय हुन्छ । पुष्टि देखेपछि सद्भोजनको अनुमान हुन्छ । तुष्टिबाट प्रसन्न मनको अनुमान हुन्छ, भाषाबाट देशको, संभ्रमबाट प्रेमको । यसै गरी ज्ञानका आकारका आधारमा ज्ञेय वाह्य वस्तुको अनुमान हुन्छ । यसैउसले भन्छन्—

"अर्थेन घटयत्येनां नहि मुक्त्वार्थरूपताम् ।
तस्मात्प्रमेयाधिगतेः प्रमाणं मेयरूपता ।।"

वाह्यवस्तुको स्वरूपविना खालि बुद्धिलाई बाह्यपदार्थको रूपमा समेत संमिलित गराउने कुनै युक्ति छैन । यसै कारणले प्रमेयज्ञानमा प्रमेयको स्वरूपनै कारण हो, नकि बुद्धि मात्र किनकि वित्ति, वेदना, वेत्ता सबै एकै हुनै सक्तैनन् । हुनत यसमा फरक नभएपछि त नाउँ पनि फरक नहुनुपर्ने हो तर वास्तवमा के हो भने प्रमेयको सारूप्यबुद्धिमा पर्दा बुद्धिसमेत प्रमेयकै रूपमा परिणत भएको हो । अतएव बत्ती एउटा बलिरहँदा खेरि पनि नील, पीत, घट,पट इत्यादि कादाचित्क हुनाले बत्ती र नील, पीत, घट, पटादिहरू भिन्न भए झैं आलयविज्ञान (आलय-विज्ञानं नाम अहमास्पदं विज्ञानम्) एकै रहिरहंदा पनि नीलादि प्रतीति कादाचित्क हुनाले प्रवृत्तिविज्ञान (नीला-द्युल्लेखि यद् विज्ञानं तत्प्रवृत्तिविज्ञानम्) आलयविज्ञानभन्दा अलग हो भन्ने सिद्ध हुन्छ । जुन विज्ञानमा म भन्ने अहत्वको उल्लेख हुन्छ त्यो आलयविज्ञान हो । जुन विज्ञानमा नील, पीतादिको उल्लेख हुन्छ त्यो प्रवृत्तिविज्ञान हो । यसैकारण आलयविज्ञानको धाराबाहेक प्रवृत्तिविज्ञानको धारामा कारण भएको कुनै ग्राह्य वाह्यपदार्थ अवश्य छ, खालि वासना परिपाकका अनादि धारामा कदाचित्कता असंभव छ । वासना भनेको त्यसको नाउँ हो, जुन शक्तिबाट समान-धारामा बहेका आलयविज्ञानबाट विभिन्न प्रकारका प्रवृत्ति-विज्ञान हुन्छन् त्यही वासनाको आफ्ना कार्यमा उन्मुख हुन जानलाई परिपाक भन्दछन् ।

